नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

» शुक्रबार, असार २३, २०७४ » Friday, July 7, 2017 » www.newsofnepal.com » नेसं ११३७ दिला थ्वः १३ » वर्ष २३, अंक १७८ » पृष्ठ १२ » मूल्य रु. १०/-

राजधानीबासीलाई बागमतीको पानी

सुरेश तामाङ, काठमाडौं

राजधानीबासीले साउनपछि मेलम्चीको पाइपबाट ल्याइने बागमतीको पानी खान पाउने भएका छन्।

सुरुङ मार्ग हुँदै मेलम्ची खोलाको पानी राजधानी ल्याउन ढिलाइ हुने भएपछि मेलम्ची खानेपानी आयोजनाले राजधानीबासीलाई बागमतीको पानी भए पनि वितरण गर्न लागेको हो। आयोजनाले राजधानीबासीलाई यस वर्षको असोज मसान्तसम्ममा पानी खुवाउने घोषणा गरेको थियो।

'हामीले साउनको अन्तिमतिर परीक्षण गर्छौं, यसका लागि रफ्तारमा काम भइरहेको छ', आयोजनाका उपकार्यकारी निर्देशक रमाकान्त दवाडीले भन्नुभयो- 'बागमतीको पानी विशेष गरी सुन्दरीजलमा निर्माणको अन्तिम चरणमा रहेको ट्रिटमेन्ट प्लान्ट (पानी प्रशोधन केन्द्र जसले पानीलाई शुद्ध र निर्मलीकरण गर्दछ) को परीक्षण, अहिले बिछ्याइरहेका खानेपानीका पाइपहरू, विभिन्न स्थानमा बनेका पानी पोखरीहरूको क्षमता परीक्षणका लागि बागमतीको पानी ल्याउन लागिएको हो।'

उहाँका अनुसार बागमतीको पानी सुन्दरीजलको पानी प्रशोधन केन्द्रमा प्रशोधन भई पिउन योग्य भएमा राजधानीका बासिन्दालाई हाल बिछ्याइरहेको पाइप लाइन र केयूकेएलकै यथावत् रहेको सञ्जालबाट पानी खुवाउने योजना रहेको छ।

आयोजनाले मेलम्ची खोलाको पानी उपलब्ध नभएसम्मका लागि वैकल्पिक व्यवस्था स्वरुप यस्तो गर्न लागेको जनाएको छ। आयोजनाले वर्षात्का समय पानीको स्रोत पनि ठूलो हुने र बागमती नदीलाई समस्या नपार्ने तरिकाले बागमती खोलाको पानी उपयोग गर्न लागिएको हो।

आयोजनाले सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रदेखि ५ सय मिटर टाढा र केयूकेएलले राजधानी ल्याइरहेका भन्दा ४ सय मिटर माथि बागमतीको पानी ल्याउने तयारी गरिएको हो।

साउनको अन्तिमतिर परीक्षण गर्नका लागि सामान्य इन्टेकको काम र पाइप बिछ्याउने काम भइरहेको छ। आयोजनाले हाल ३ सय ५५ एमएम साइजको पाइपलाइनको व्यवस्था गरेको छ।

बागमतीको पानी ल्याउने योजना अस्थायी किसिमको रहेकाले हाल अस्थायी संरचनाहरू मात्रै बनाइरहेको आयोजनाले प्रस्ट पारेको छ। बागमतीको पानी केयूकेएलले पनि प्रयोग गरिरहेको छ। आयोजनाले भने बागमतीको पानी वर्षात्को बेला बहाव बढी हुने भएकाले प्रयोग गर्ने र बागमती नदीलाई सुखा हुने तरिकाले प्रयोग नगर्ने जनायो।

(क्रमशः पृष्ठ ९ मा)

राजपाको विवाद चरम उत्कर्षमा

यादवविरुद्ध जनकपुरमा प्रदर्शन

नेपाल समाचारपत्र
काठमाडौं

पार्टीको विधानका विषयमा राष्ट्रिय जनता पार्टी नेपालमा देखिएको विवाद चरम उत्कर्षमा पुगेको छ। विवादका कारण बिहीबार पनि राजपा निर्वाचन आयोगमा दर्ता हुन सकेन।

मधेस राजनीतिका अग्रणी नेता स्व. गजेन्द्रनारायण सिंह र रामजनम तिवारीलाई विधानमा नसमेटिएको भन्दै नेता अनिल झाले विधानका हस्ताक्षर गर्न नमानेपछि विवादले उग्र रुप लिएको छ। झाले मधेस राजनीतिको इतिहास पार्टीको विधानमा नसमेटिए आफू कुनै पनि हालतमा हस्ताक्षर नगर्ने बताउँदै आउनुभएको छ।

यता अर्का नेता महेन्द्रप्रसाद यादवले राजपा मधेसवादी पार्टी मात्रै नभएकाले स्व. सिंह र तिवारीलाई विधानमा उल्लेख गर्नु उपयुक्त नहुने बताउँदै आउनुभएको छ। विवाद समाधानका लागि बिहीबार बस्ने भनिएको राजपा अध्यक्ष मण्डलको बैठक पनि बस्न सकेको छैन।

यता मधेसी जनताको भावना विपरीत गएको भन्दै जनकपुरधाममा संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको पुतला दहन गरिएको छ। जनकपुरधामका केही युवा आक्रोशित बन्दै मधेसीहरूको भावनामा ठोस पुग्ने अभिव्यक्ति दिएको भन्दै यादवलाई सचेत हुन आग्रहसमेत गरेका छन्।

बिहीबार साँझ जनकपुरधामस्थित जनक चोकमा संयुक्त युवा मोर्चाले यादवको विरोध गर्दै पुतला दहन गरेको हो। मधेस आन्दोलन जारी रहेकै बेला उपेन्द्र यादव निर्वाचनमा सहभागी भएर मधेसीहरूसँग धोका गरेको मोर्चाको आरोप रहेको छ। पुतला दहनअघि जनकचोकमा आयोजित कोणसभालाई सम्बोधन गर्दै युवा नेताहरूले मधेसबाट उपेन्द्र यादवलाई बहिष्कार गर्नुपर्ने बताएका थिए।

भव्यरूपमा जन्मोत्सव मनाउँदै पूर्वराजा

ईश्वरराज ढकाल, काठमाडौं

पूर्वराजा ज्ञानेन्द्र शाहले आज शुक्रबार ७१औं जन्मदिन मनाउनुहुनेभएको छ। आजबाट ७० वर्ष पूरा हुनुभएका पूर्वराजा शाहले आफ्ना कर्मचारी र आफन्तलाई पहिला र त्यसपछि सर्वसाधारण जनतासँग शुभकामना ग्रहण गर्ने कार्यक्रम रहेको छ। निर्मल निवासमा आयोजना हुने शुभकामना कार्यक्रम बिहान साढे १० देखि शुरू हुनेछ। बिहान साढे १० बजे कर्मचारी र आफन्त र ११ बजेदेखि सर्वसाधारणका लागि समय छुट्याइएको छ।

निर्मल निवास, नागार्जुन, महेन्द्र मञ्जिलमा कार्यरत करिब सय कर्मचारीमध्ये केहीले दाम चढाएर शुभकामना दिने प्रचलन रहेको छ। करिब एक महिनादेखि जन्मोत्सव मूल समारोह समिति गठन गरी देशव्यापी रूपमा प्रचार गर्दै आएको थियो।

बिहान १० बजेबाट राजधानीका आधा दर्जन स्थानबाट झाँकीसहित पूर्वराजालाई भेट गर्ने कार्यक्रम तय गरिएको विश्व हिन्दू युवा संघका अध्यक्ष राजन महर्जनले जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

भारतमा तीन नेपालीको मृत्यु

दार्चुला, (नेस)

भारतमा गएको पहिरोमा परी बिहीबार तीन नेपाली नागरिकको मृत्यु भएको छ। भारत पिथौरागढ जिल्लास्थित धारचुलो गर्वाधारमा गएको पहिरोमा परी जिपमा सवार तीन नेपालीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

चार किसिममा रिभ्यु गर्न पाइनेछ। गोल भए/नभएको हेर्न, पेनाल्टीको सही निर्णय लिन, रेड कार्डका लागि र रेड या एल्लो कार्ड दिन वा गल्ती औंल्याउनका लागि यो भीएआर सिस्टममा रिभ्यु हेर्ने पाइने प्रावधान राखिएको छ।

भीएआरले देखाएको विवादास्पद निर्णय

फिरोज राजोपाध्याय

भीएआर VAR यानि कि भिडियो एसिसटेन्ट रेफ्री सिस्टमलाई आगामी रुसमा हुने फिफा विश्वकप फुटबलमा प्रयोग गर्न लागेको छ। यसका लागि हालै रुसमै सम्पन्न फिफा कन्फेडेरेसन कप फुटबल प्रतियोगितामा परीक्षण पनि गरियो। भीएआरले खेलमा त्रुटीलाई सच्याउन मद्दत पुग्ने फिफाले विश्वास गरिएको छ।

यो चार किसिममा रिभ्यु गर्न पाइनेछ। गोल भए/नभएको हेर्न, पेनाल्टीको सही निर्णय लिन, रेड कार्डका लागि र रेड या एल्लो कार्ड दिन वा गल्ती औंल्याउनका लागि यो भीएआर सिस्टममा रिभ्यु हेर्ने पाइने प्रावधान राखिएको छ।

भीएआर सिस्टम लागू गर्न जुन २०१६ को बैठकबाट प्रस्ताव पारित गरिएको थियो। यसको पहिलोपटक अमेरिकी मेजर लिग सकरमा परीक्षण गरियो। अगस्ट २०१६ मा युनाइटेड सकर लिगमा दुई वटा भीएआर सिस्टमबाट निर्णय लिएको थियो। जसमा म्याच रेफ्री इस्माइल एलफाथले रेड कार्ड र एल्लो कार्ड दिने निर्णय लिएका थिए।

यसपछि अगस्टमै फ्रान्स र इटालीबीचको अन्तर्राष्ट्रिय मैत्री खेलमा भीएआर प्रयोग भएको थियो। तर, फिफा क्लब वर्ल्डकप २०१६ अन्तर्गत यसको प्रयोगमा केहीले अस्वीकार्य जनाए। जापानमा सम्पन्न उक्त प्रतियोगितामा रियल मेड्रिडका मेनेजर जिनेदाइन जिदानले यो सिस्टम एकदमै द्विविधामा रहेको नकारात्मक प्रतिक्रिया दिए। मिडफिल्डर लुका मोडरिकले भने यसको सीधै विरोध गर्दै भने- 'मलाई यो सिस्टम मन परेन।'

व्यवसायिक लिगमा भने यसको प्रयोग यसै वर्षको अप्रिल ७ मा भएको थियो। अस्ट्रेलियाको 'ए' डिभिजन लिगमा भीएआर सिस्टम मेलबर्न सिटी र एडिलेड युनाइटेडबीचमा यसको कुनै आवश्यक नै भएन। अप्रिल ८ मा भएको वेलिङटन फोनिक्स र सिड्नी एफसीबीचको खेलमा भीएआर निर्णायक बन्यो। पेनाल्टी क्षेत्रमा ह्यान्डबल हुँदा भीएआरकै सहयोगमा सिड्नीले पेनाल्टीको मौका पायो र खेल १-१ गोल बराबरीमा सकियो।

फेरी आलोचनामै

भीएआर कन्फेडेरेसन कपमा प्रयोग त गरियो तर यसको ठूलै आलोचना पनि त्यति नै भयो। भिडियोमा रिप्लेमा अवलोकन घरी-घरी गर्न पाइन्छ तापनि रुसको मैदानमा गलत निर्णय पनि लिइयो र सच्याइयो पनि। यसको असर अन्यलाई पर्नु पनि स्वाभाविक हुन्छ यदि गलत निर्णय भएमा। जर्मनी र चिलीबीचको फाइनल खेलमा समेत भीएआर प्रभावकारी शिद्ध भएन।

चिलीका डिफेन्डर गोल्जालो जाराले जर्मनीका टिमो वेर्नरलाई कुहिनोले अनुहारमा हिर्काएका थिए। म्याच रेफ्री सो घटना भएभन्दा पछाडि थिए। उनले भीएआरको मद्दत मागे र निर्णय दिए। तर, आश्चर्य कुहिनोले हान्दा पनि जारालाई मात्र एल्लो कार्डको भागिदार बनाइयो। जबकि यो सीधै रेड कार्डको फाउल थियो। यो प्रतियोगितामा भिडियोद्वारा लिएको अर्को विवादास्पद निर्णय थियो।

यसअघि खेलिएको मेक्सिको र न्युजिल्यान्डबीचको खेलमा रेफ्रीले भीएआरमा धेरै समय व्यतित गरेका थिए। खेलाडीहरुको भनाभनमा रेफ्रीले एक खेलाडीलाई बुक गरे। खेल रोकेर फेरी भिडियो रिप्लेमा हेरेर अन्य दुई खेलाडीलाई पनि बुक गरे। त्यस्तै क्यामरुन र जर्मनीबीचको खेलमा त हदै पार भयो। भिडियो रिप्ले हेरेर पनि म्याच रेफ्रीले गलत खेलाडीलाई रेड कार्ड देखाएर हाँसोको पात्रो बने। ती क्यामरुने खेलाडीले म होइन भन्दा फेरी रेफ्रीले भिडियो रिप्ले हेरेपछि बल्ल सही खेलाडीलाई रेड कार्ड देखाएर गल्ती सच्याए।

विश्वकपमा असर

यदि एक वर्षपछि हुने विश्वकपमा यसरी गल्ती गर्ने र सच्याउने हो भने सायद यो भीएआर बीचैमा रोकिनुपर्ने वा अर्थहीन हुने पूर्वडिफेन्डर डेनी हिगिनबोथामले ट्विट गरेका थिए। उनले लेखेका थिए- 'भीएआर केही निर्णयमा काम गरिन्छ। तर, रेफ्रीकै निर्णय आएमा यो अर्थहीन नै हुनेछ। विश्वकपमा यस्तो भएमा के गर्ने। विश्वकप जस्तो खेलमा गलत निर्णयले प्रतियोगिता कमजोर बन्ने देखिन्छ।'

फिफाको तर्क

फिफा रेफ्री कमिटीका प्रमुख पिएरलुइगी कोलीनाले भीएआर प्रगतिमा भएको बताए। तर, उनले यो सफल हुनेमा विश्वास लिएका छन्। उनले भने- 'हो, हामी यसलाई प्रगति गर्न लागेका छौं। तर, स्मरण रहोस्, भीएआरले ठूलो गल्ती हुनबाट बचाएको छ। आगामी विश्वकपमा पनि ठूलो गल्ती नहोस् भन्नेमा हामी सचेतता अपनाउनेछौं। यो सफल हुन्छ।'

चिलीका डिफेन्डर गोल्जालो जाराले जर्मनीका टिमो वेर्नरलाई कुहिनोले अनुहारमा हिर्काएका थिए। म्याच रेफ्री सो घटना भएभन्दा पछाडि थिए। उनले भीएआरको मद्धत मागे र निर्णय दिए। तर, आश्चर्य कुहिनोले हान्दा पनि जारालाई मात्र एल्लो कार्डको भागीदार बनाइए। जब कि यो सीधै रेड कार्डको फाउल थियो।

उचाई चुम्दै सान्चेज

कविरस शर्मा

चिलीका स्टार फुटबलर एलेक्सिस सान्चेजको लोकप्रियताले आजको दिनसम्म निक्कै उचाई पाइसकेको छ। लियोनल मेसी र क्रिस्टियानो रोनाल्डोमय वर्तमान विश्व फुटबलमा सान्चेजको प्रदर्शन छायाँमा परेको छ। तर, सान्चेजसहितको चिलीविरुद्ध मेसीको अर्जेन्टिना र रोनाल्डोको पोर्चुगलले पनि घुँडा टेकिसकेको पछिल्ला नतिजाहरुबाट स्पष्ट नै छ। होचा कदका भए पनि तीव्र गतिमा बल नियन्त्रण गर्ने खुबीका कारण सान्चेजले फुटबल जगत्मा एकपछि अर्को सफलताको क्रमले निरन्तरता पाउन थालेको हो। मात्र २८ वर्षको उमेरमा उनको मूर्ति चिलीस्थित उनकै गृहनगर टोकोपिलामा निर्माण भइसकेको छ।

उनी इंग्लिस प्रिमियर लिग क्लब आर्सेनलका महत्त्वपूर्ण खेलाडी हुन्। आर्सेनलले उनलाई साताको ३.५७ करोड नेपाली रुपियाँ बराबर तलब दिने गरेको छ। यसका बावजुद उनको माग यति बढेको छ कि आगामी सिजन उनी आर्सेनलमा नै रहने विषयमा समेत एकिनका साथ भन्न सक्ने अवस्था छैन। उनलाई जर्मनीको बायर्न म्युनिखले प्रतिसाता ४ करोड नेपाली रुपियाँ बराबरको तलब दिने प्रस्ताव अघि सारेको छ।

आजको मितिमा भनेजति तलब पाउने सान्चेजको विगत भने यस्तो थिएन। जतिबेला उनी ५ वर्षका थिए, त्यति बेला उनका पिता परिवारबाट अलग्गिएका थिए। त्यस पछाडि सान्चेजसहित अन्य तीन सन्तानको जिम्मेवारी उनको आमाको काँधमा आइपरेको थियो।

अनि दैनिक गुजाराका लागि ६ वर्षको उमेरमा अरूको गाडी धोएर पैसा जुटाउन उनी बाध्य बनेका थिए। अलि हुर्केपछि उनले सडकमा मनोरञ्जनका सानातिना क्रियाकलाप पनि गर्न थाले। त्यसपछि भने उनी फुटबलतिर आकर्षित भएका हुन्। जसले उनलाई अहिलेको उचाईसम्म पुऱ्याएको छ।

चुस्तताका साथ बल खोसेर प्रतिद्वन्द्वी टोलीका खेलाडीभन्दा टाढा पुग्ने गुणका कारण उनले 'स्क्वीरल' अर्थात् न्याउरी मुसाको उपमा पाएका छन्। १० वर्षको उमेरमा सान्चेजलाई 'वन्डर किड' बाट सम्बोधन गरिन्थ्यो। स्कुल टिमको एक म्याचमा उनी निर्धारित समयभन्दा २० मिनेट ढिलो पुगेका थिए। जति बेला उनको टिम ०-१ ले पछि परेको अवस्था थियो। तर, उनको आगमनसँगै उनको टोलीले एकपछि अर्को गर्दै ८ गोल गरेर जित हासिल गरेको थियो।

१६ वर्षमा व्यावसायिक क्लब करियरको शुरुआत

१६ वर्षको उमेरमा नै सान्चेजले चिलीको क्लब कोबरेलोवाको सिनियर टिमबाट खेलेका थिए। त्यस पछाडि उनी अर्जेन्टिनाको चर्चित क्लब रिभर प्लेटमा अनुबन्धित भए। यस्तै गरी सन् २०११ मा उनी स्पेनिस क्लब बार्सिलोनाको महत्त्वपूर्ण खेलाडी बने। त्यसपछि सन् २०१४ मा उनी आर्सेनलमा भित्रिएका हुन्।

सान्चेज जति फुटबलमा उत्कृष्ट छन् पियानो बजाउन पनि उत्तिकै माहिर छन्। सान्चेजलाई पियानो बजाउँदै गरेको युट्युबमा सजिलै हेर्न सकिन्छ। यति मात्र होइन उनी च्यारिटी गर्न पनि अगाडि नै छन्।

सान्चेजको जन्म सन् १९८८ डिसेम्बर १९ मा चिलीको टोकोपिला शहरमा भएको थियो। सन् २००६ देखि चिलीको राष्ट्रिय टिमबाट खेल्न थालेका उनले १ सय १५ म्याचमा ३८ गोल गरिसकेका छन्। सन् २०१५ र २०१६ मा चिलीलाई लगालग दुई पटक कोपा अमेरिका कप च्याम्पियन बनाउन उनको योगदान महत्त्वपूर्ण बनेको थियो। गत आइतबार रसियामा सम्पन्न कन्फेडेरेसन कपमा उनले १ गोल गरेका थिए। यसअघि बार्सिलोनामा रहँदा ८८ म्याचमा उनले ३९ गोल गरेका थिए। अहिले आर्सेनलका तर्फबाट १ सय ३ म्याचमा उनले आफ्नो गोलसंख्या ५३ पुऱ्याइसकेका छन्।

पेरिसको डिफ पेजेन्टमा जनकराज र सुरभी

आगामी असार २६ देखि साउन २ गतेसम्म पेरिसमा आयोजना हुने *मिस्टर एन्ड मिस डिफ पेजेन्टमा* नेपालले पहिलोपटक भाग लिने भएको छ। द हिडन ट्रेजरले बिहीबार राजधानीमा पत्रकार सम्मेलन आयोजना गरी नेपालको तर्फबाट जनकराज भट्ट र सुरभी मानन्धरले नेपालको प्रतिनिधित्व गर्ने जानकारी दिएको छ।

क्रियटिभ ह्यान्डस् अफ डिफ ओमेन नामक सस्थाले विभिन्न प्रतिस्पर्धीहरुमध्ये जनकराज भट्ट र सुरभी मानन्धरलाई सो स्पर्धाका लागि छनोट गरेको हो।

जनकराज राजधानीको एक रेस्टुरेन्टमा स्टेवाडको रूपमा काम गर्दै छन्। उनी पेरिसमा हुनलागिरहेको प्रतियोगितामा नेपालको तर्फबाट भाग लिन पाउँदा निकै उत्साहित छन्। महिलातर्फको प्रतिस्पर्धी सुरभी मानन्धर भने फाइन आर्टस् सिक्दै छिन्। उनी पनि विदेशमा हुन लागेको कार्यक्रममा नेपालको प्रतिनिधित्व गर्न पाउँदा निकै नै उत्साहित छिन्।

क्रियटिभ ह्यान्डस् अफ डिफ ओमेन एक अर्गनाइजेसन हो, जुन श्रवण शक्तिमा समस्या भएका व्यक्ति, उनीहरुको अभिभावक तथा सांकेतिक भाषाका दोभाषेहरुले स्थापना गरेका हुन्। सन् २०११ मा स्थागित यस संस्थाले विभिन्न नेपाली तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहकार्य गर्दै आइरहेको छ भने घरेलु र अन्तर्राष्ट्रियस्तरमा सम्पन्न हुने विभिन्न गतिविधिमा नेपाली सांस्कृतिक नृत्य प्रस्तुत गर्दै आइरहेको छ।

आथियाको स्पष्टीकरण

फिल्म *हिरो*बाट बलिउड फिल्म नगरीमा कदम राख्ने नायिका हुन् आथिया शेट्टी। उनको नयाँ फिल्म *मुबारंका* हाल प्रदशनको तयारीमा रहेको छ।

पछिल्लोपटक फिल्म *मुबारंका*को सेटमा आथियाको अभिनय क्षमता र पटक-पटक रिटेकका कारण फिल्म निर्देशक अनीश बज्मी हैरान भए भन्ने समाचारले भारतीय मिडियामा खुब चर्चा पाइरहेको छ। अथियाले भने एक भारतीय अनलाइनसँग कुरा गर्दै यो रिपोर्टको खण्डन गरेकी छिन्। 'म आफैं पनि अखबारमा छापिएको यस्तो खबरहरू पढेर हाँसीरहेकी थिएँ। मलाई ठीकसँग याद छैन कि कुन दिनको सुटिङलाई लिएर यस्तो अफवाह फैलियो', उनले भनेकी छिन्- 'हो एक दिन लन्डनमा फिल्मको सुटिङ चलिरहेको थियो। त्यही बेला मेरो हजुरबाको निधनको खबर आयो। उक्त खबर सुन्नासाथ म दुःखी र निराश भएँ। मलाई केही थाहा थिएन, यो के भइरहेको छ। म चुपचाप उदास थिएँ। मानिसहरू पटक-पटक मलाई के भइरहेको छ भनेर सोधिरहन्थे।'
उनले विस्तारमा भनेकी छिन्- 'उक्त दिन एउटा सिन थियो। त्यो सिन त चलिरहेको थियो। तर, ठीकसँग चलेको थिएन। उक्त दिन धेरैपटक रिटेक लिनुपरेको थियो।'

समाचारमा आथिया एक सिनका लागि घण्टौं लगाउँछिन् र फिल्मका सबै कलाकार उनको कारण हैरान थिए भन्ने खबर थियो। 'यस्ता खबर म दिनदिनै पढ्छु। तर, मलाई यस्तो खबरले केही फरक पर्दैन। म आफ्नो काम निकै राम्रोसँग जान्दछु। तर, कहिलेकाहीं दिक्क पनि लाग्छ।'

शिल्पा
दुई सन्तानकी आमा !

नायिका शिल्पा पोखरेल २ सन्तानको आमा बनेकी छिन्। उनी रियल लाइफमा नभई रिल लाइफमा २ सन्तानकी आमा भएकी हुन्। शिल्पा भुटानबाट लखेटिई नेपालमा शरण लिएर बसेका शरणार्थीको कथामा आधारित रहेर निर्माण गरिएको फिल्म *हामी शरणार्थी*मा २ सन्तानको आमाका रूपमा देखिने छिन्।

फिल्म आगामी भदौ ८ गतेबाट अल नेपाल रिलिज हुने भएको छ। केरुङ फिल्म्स्को ब्यानरमा निर्माण गरिएको फिल्म तीजलाई लक्षित गर्दै प्रदर्शनमा आउन लागेको हो। फिल्मका निर्देशक विजय लिम्बु केरुङले फिल्मले भुटानी शरणार्थीले पाएको दुःख र कष्टलाई प्रतिविम्बित गर्ने बताए। फिल्ममा शिल्पाका साथमा जीवन भट्टराई, प्रतिमा रसाइली, नयन घिमिरे, विक्रम श्रेष्ठ, प्रमिला उप्रेती, बालदीप राई, दिलीप योङहाङलगायतले प्रमुख भूमिकामा अभिनय गरेका छन्।

अर्जुनकुमार पोखरेल, प्रकाश भण्डारी र प्रकाश शिवाकोटीद्वारा निर्मित फिल्ममा कृष्णप्रसाद पोखरेल कार्यकारी निर्माता छन्। फिल्ममा बैजु सिंहको पटकथा र संवाद, उत्तमजंग लिम्बुको संगीत, कमल राईको नृत्य, हिमाल केसीको द्वन्द्व र सौरभ लामाको छायांकन रहेको छ।

तृप्तीले ल्याइन् राष्ट्रिय गीत

रुकुम, (नेस)। नेपाली लोकगीतको क्षेत्रमा छोटो समयमा चर्चा कमाउन सफल गायिका तृप्ती खड्का गुरुङले पछिल्लो समय बजारमा ल्याएको *हामी नेपाली* बोलको गितले यतिबेला निकै चर्चा बटुलेको छ। पछिल्लो समयमा देशमा वैदेशिक शक्तिहरुले देखाएको हेपाहा प्रवृत्तिको चिरफार गर्दै गीतले नेपालीपन झल्काएको छ।

विशेष गरी विदेशमा रहेका नेपालीलाई यो गीतले आफ्नै देशको माटोमा काम गर्ने उत्साह पैदा गरिदिएको छ। *हामी जहाँ रहे पनि हामीलाई प्यारो नेपाल* जस्ता राष्ट्रिय भावनाले ओतप्रोत यो गितले नेपालीपन झल्काएको छ। उनलाई गायनमा गायक टंक बुढाथोकीले साथ दिएका छन्।

उनीहरुले गोर्खाको विषयलाई लिएर देशभक्ति नेपाली हामी गोर्खाली बोलको गीत ल्याएका हुन्। साथै गीतले नेपाल के हो, गोर्खा कसको हो भन्ने बुझाउने कोशिस गरेको छ। उक्त गीतमा विश्वकै सर्वोच्च नेपालको अग्लो सगरमाथादेखि लिएर नेपालको पहिचान दिलाउने हरेक ठाउँहरुको बारेमा कुरा उठाएको छ। गीतमा प्रसाद तिमल्सिनाको शब्द, टंक बुढाथोकीको संगीत तथा तृप्ती खड्का गुरुङ र टंक बुढाथोकीको स्वर रहेको छ।

विचार

मात्र ठूलो मान्छे बन्न
नखोज, बरू असल मान्छे
बन्ने प्रयास गर।
-अल्बर्ट आइन्स्टाइन

मस्तिष्क नै त्यो भूमि हो, जसले
स्वर्गलाई नरक र नरकलाई
स्वर्ग बनाउन सक्छ।
-जोन मिल्टन

2017, JULY
Friday
7

सम्पादकीय

नेपाल समाचारपत्र
NEPAL SAMACHARPATRA

राजधानीको ट्राफिक जाम

राजधानी काठमाडौंमा अहिले बढी नै ट्राफिक जाम हुने गरेको छ। विशेष गरी कोटेश्वर, बानेश्वर, गौशाला, चाबहिल, कलंकीजस्ता मुख्य चोकहरुमा ट्राफिक जामको समस्या अत्यधिक रहेको छ । हुँदा-हुँदा एनएसीअगाडिको टेप्पोस्टपसमेत ठूला गाडीको चापले अस्तव्यस्त देखिन थालेको छ। त्यस्तै भक्तपुर-काठमाडौं आवतजावत गर्ने मुख्य मार्ग जडिबुटीमा जाम नभएको दिन नै हुँदैन । केही दिनयता त्यहाँको जाम गठ्ठाघर नै पुग्ने गरेको छ । विशेष गरी बिहान-बेलुकाको अफिस जाने-आउने समयमा बढी जाम हुँदा यात्रुहरु भनेको समयमा गन्तव्यमा पुग्न सक्ने अवस्था छैन ।

हुन त उपत्यकाको ट्राफिक व्यवस्थापन सहज बनाउने उद्देश्यले आगामी साउन १ गतेदेखि राजधानीबाट छुट्ने लामो दूरीका सार्वजनिक यात्रुवाहक सवारीसाधन गोंगबुबाट मात्रै प्रस्थान गर्नुपर्ने निर्णय गरिएको समाचार प्रकाशमा आएको छ। यतायात व्यवस्था विभाग, यातायात कार्यालय, ट्राफिक प्रहरीलगायतका निकायहरुको बैठकले सो निर्णय गरेको हो । अबदेखि लामो दूरीका लागि छुट्ने सवारीसाधन गौशाला, जोरपाटीलगायतका गोंगबुबाहेकका स्थानबाट छुट्न नपाउने भएका छन्। यसले पनि केही हदसम्म चक्रपथका विभिन्न ठाउँमा हुने ट्राफिक जाम कम गर्न मद्दत गर्नेछ। तर यस कार्यले मात्रै हुँदैन, ट्राफिक जाम कम गर्न दीर्घकालीन योजना नै बनाउनुपर्छ ।

पहिलो कुरा त काठमाडौंका सडकको तुलनामा सवारीसाधनको संख्या धेरै भयो। दोस्रो कुरा, स्थानीय रुपमा चल्ने सार्वजनिक सवारीसाधन बढी यात्रु चढाउने उद्देश्यले मुख्य चोकहरुमा बढी समय रोक्ने प्रचलन छ । एक त हाम्रो सडकका चोकहरुमा विनाअवरोध गाडी पास गर्न ओभर ब्रिजहरु छैनन्, त्यसमाथि पालो पर्खंदा जाम बढ्ने नै भयो। त्यसैले सर्वसाधारणलाई मर्का नपर्ने गरी सवारीसाधनको संख्या बढ्न नदिने नीति बनाउनुपर्‍यो। साथै मुख्य चोकहरुमा गाडी पार गर्ने ओभर बृजहरुको निर्माण गर्नेतिर लाग्नुपर्‍यो। यसै गरी कोटेश्वरबाट नेपालको पूर्वी भागतर्फ जाने लामो दूरीका गाडीका लागि जडीबुटीदेखि पूर्व र थानकोट हुँदै बाहिरिने सार्वजनिक सवारीसाधनका लागि कलंकीबाहिर नै बसपार्क निर्माण गर्नु जरुरी देखिन्छ।

बसस्टप भनेको गाडी रोकेर यात्रु ओराल्ने र चढाउने स्थान मात्र हो, तर यहाँ त बसस्टपलाई पार्किङ स्थलजस्तै गरी सार्वजनिक गाडीहरु घन्टौं रोकिरहेको देखिन्छ। विशेष गरी कोटेश्वर चोकमा सार्वजनिक गाडीहरु लाइनमा देखिन्छन् । यहाँ ध्यान दिएर हेर्ने हो भने, भक्तपुरतर्फ एक लेनबाट मात्रै गाडी पास हुने गरेको देखिन्छ। त्यहाँ बायाँतर्फको सडक डिभाइडरसमेत निकालेर कुनै पनि गाडी रोक्न नदिई सबै लेनबाट सवारीसाधन सरर दौडाउने व्यवस्था गर्ने हो भने धेरै हदसम्म जाम घट्नेछ। घन्टौं गाडी रोकेर यात्रु कुर्ने परम्परालाई नतोडेसम्म राजधानीको ट्राफिक जाम कम गर्न सकिँदैन। साथै मुख्य चोकहरुमा गाडीका लागि ओभर बृजको समेत जरुरी भइसकेको छ।

बुद्धजन्मस्थल : भ्रम र वास्तविकता



अशोकनन्द वज्राचार्य

"नेपालमा भएको पछिल्लो सार्क सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सम्बोधनमा दिल खोलेरै नेपाललाई बुद्ध जन्मेको देश भनी नेपालीको मन जितेका थिए। नेपालीले पनि तालीको गडगडाहटका साथ उनको खूबै स्वागत गरेका थिए। तर लगत्तै उनले जापान, जर्मनी र फ्रान्सको भ्रमणमा बुद्ध भारतमा जन्मेको भनी हदैसम्मको धृष्टता देखाएर भाषण गरे। भारतले जतिसुकै झुटो प्रचार गर्दै हिँडे पनि युनेस्कोलेसन्१९९७ मा लुम्बिनीलाई बुद्ध जन्मेको ठाउँ भनेर विश्वसम्पदामा राखिसकेको छ।"

नेपाललाई विश्वसामु मात्र दुई चीजले चिनाइन्छ। एक विश्वको सर्वोच्च शिखर सगरमाथा भनेर त दुई शान्तिको अग्रदूत भगवान् बुद्धको जन्मभूमि भनेर। बौद्धमार्गीहरूको लागि अति श्रद्धाले हेरिने चार तीर्थस्थलहरू : १) बुद्ध जन्मेको ठाउँ लुम्बिनी, २) बुद्धत्व प्राप्त गरेको ठाउँ बुद्धगया (भारत), ३) प्रथम धर्मदेशना गरेको ठाउँ-कुशीनगर (भारत), ४) महापरिनिर्वाण (मृत्यु) भएको ठाउँ-कुशीनगर (भारत)। यसरी चारवटा तीर्थस्थलहरूमध्ये तीनवटा भारतमा परेको तर सबभन्दा महत्वपूर्ण तीर्थस्थल बुद्ध जन्मेको ठाउँ नै लुम्बिनी नेपालमा परेकोले रन्थनिरहेको भारतले त्यो एउटा तीर्थस्थल पनि भारतमै परेको भए बुद्धसम्बन्धी सम्पूर्ण ऐतिहासिक घटनाहरू नै भारतमै हुन्थ्यो र बुद्ध नै भारतको हो भनेर एकलौटी दाबी गर्न पाउने थियो। त्यसै कारण भारतले वर्षौंदेखि बुद्ध भारतमा जन्मेको भनेर झुटा प्रचार गर्दै आएको छ। भारतबाट प्रकाशित हुने किताब, पत्रपत्रिकादेखि लिएर श्रीलंका, कोरिया, थाइल्यान्ड, जापान आदि देशमा पनि बुद्ध भारतमै जन्मेको भनी छाप्दै आएको पाइन्छ। हाम्रै देशको विश्वविद्यालयको एउटा पाठ्यपुस्तकमा पनि बुद्ध भारतमा जन्मेको भनेर छापिएकोले आजभन्दा १२-१३ वर्षअगाडि विद्यार्थीले पाठ्यपुस्तक जलाएका थिए।

यो पंक्तिकार वि.सं. २०६५ मा श्रीलंका जाँदा त्यहाँको टुरिज्म बोर्डको ब्रोसरमा नै बुद्ध भारतमा जन्मेको भनी छापेको देख्दा हामी अचम्मित भई हामीलाई स्वागत गर्न आउने बौद्ध संस्कृतिमन्त्रीको पी.ए.लाई त्यतिखेर नै ध्यानाकर्षण गरेका थियौं। उनले गल्ती छापिएकोमा क्षमा माग्दै त्यसलाई सच्याएर छापिने आश्वासन दिएका थिए। यसरी बौद्ध देश भनेर मानिने नेपालको नजिकको मित्र राष्ट्र श्रीलंकामै बुद्ध भारतमा जन्मेको भनेर गलत खबर छापिन्छ भने टाढा-टाढाका देशको कुरै छोडिदिऊँ। गतवर्षको सेप्टेम्बरमा दक्षिण कोरियामा भएको एक कार्यक्रममा एकजना भारतीय भिक्षुले बुद्ध भारतमा जन्मेको भनेर बोल्दा हामीले त्यति नै खेर सभामा 'नो, बुद्ध वाज बर्न इन नेपाल' भनेर विरोध गरेका थियौं।

यसरी भारतले बुद्ध भारतमा जन्मेको भनेर विश्वव्यापीरुपमा प्रचार गर्दै आएको छ। यो भ्रमलाई हटाउन २०७० साल वैशाख २ गते कोरियाबाट करिब ६० जना बौद्धमार्गीहरू नेपालमा आई लुम्बिनीको अखण्ड शान्तिदीपमा आफूले कोरियाबाट ल्याएको चिराग बाली बुद्ध जन्मेको देश नेपालबाट ल्याएको शान्तिदीप भनेर कोरियामा भएको ठूलो 'ल्याम्प फेस्टिवल'मा प्रदर्शन गरेका थिए। यसरी नेपालको बेवास्ता र भारतको झुटा प्रचारले विश्वभरि बुद्ध भारतमा जन्मेको भनेर झुटो सन्देश प्रवाह भैरहेको छ। तर हाम्रा नेताहरूलाई विश्वको एकमात्र हिन्दू राष्ट्र भनेर वकालत गर्दै फुर्सद छैन। तर अचम्मको कुरा, मित्रराष्ट्रहरूसँग सहयोगको हात फैलाउँदाचाहिँ बुद्ध जन्मेको देशलाई सहयोग गर्नुस् भन्न पछि पर्दैनन् यी नेताहरू। अझ हिन्दू राष्ट्रको वकालत गर्ने कतिपय नेताहरूले आफ्ना छोराछोरी विदेशमा पढ्न पठाउँदा (विशेष गरी मुस्लिम देशमा) धर्म लेख्दा हिन्दू धर्म नलेखीकन 'बुद्धधर्म' भनेर लेखाएको पनि प्रमाणहरू भेटिएको छ। आफ्नो निहित स्वार्थको लागि लाजै पचाएर जे पनि गर्न तयार यी नेताहरूले गर्दा आज देशले उन्नति गर्न सकेको छैन।

नेपालमा भएको पछिल्लो सार्क सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सम्बोधनमा दिल खोलेरै नेपाललाई बुद्ध जन्मेको देश भनी नेपालीको मन जितेका थिए। नेपालीले पनि तालीको गडगडाहटका साथ उनको खूबै स्वागत गरेका थिए। तर लगत्तै उनले जापान, जर्मनी र फ्रान्सको भ्रमणमा बुद्ध भारतमा जन्मेको भनी हदैसम्मको धृष्टता देखाएर भाषण गरे। भारतले जतिसुकै झुटो प्रचार गर्दै हिँडे पनि युनेस्कोले सन् १९९७ मा लुम्बिनीलाई बुद्ध जन्मेको ठाउँ भनेर विश्वसम्पदामा राखिसकेको छ।

जे होस्, बुद्ध भारतमा जन्मेको हो भन्ने दाबी असफल भएपछि अब भारतले अर्को दाबी गर्नेतिर लागेको छ। भगवान् बुद्धले सिद्धार्थ राजकुमारको रूपमा २९ वर्ष बाल्यकाल र युवावस्था बिताएका शुद्धोदन महाराजको कपिलवस्तु, तिलौराकोट दरबार वास्तवमा त्यो होइन, भारतको उत्तर प्रदेशको पिपरहवामा (लुम्बिनी र कपिलवस्तु बीचमा ८ किलोमिटर दक्षिण अवस्थित) पर्दछ भनेर झुटो प्रचारप्रसार गर्न शुरु गरेको छ। पिपरहवामा भेटिएको भग्नावशेषलाई शुद्धोदन महाराजको राजप्रासाद हो भनेर दाबी गर्दै आएको छ। तिलौराकोट दरबार उत्खननमा भेटिएका भाँडाकुँडा, मुद्रा, बुट्टेदार इँटाहरू र अन्य पुरातात्विक महत्व भएका बुद्धकालीन ऐतिहासिक वस्तुहरू रातारात बोर्डर पार गराई भारतको पिपरहवामा लगियो भनेर पनि हामीले सुन्दै आएको कुरा हो।

सन् २०१३ जनवरीमा भारतीय दूतावासले नेपाल संस्कृति तथा पर्यटन मन्त्रालय र नेपाल पर्यटन बोर्डसँगको संयुक्त तत्वावधानमा लुम्बिनीमा 'नेपाल इन्डिया टुरिजम मार्ट' भनेर कार्यक्रम गरेको थियो। सो कार्यक्रममा भारतले शुद्धोदन महाराजको राजप्रासाद भारतको पिपरहवामा पर्दछ भनेर प्रचार सामग्री बाँडेको थियो। 'द पाथ' भन्ने पुस्तकमा शुद्धोदनको दरबार पिपरहवामा पर्दछ भनेर लेखिएका पानाहरू बाँडिएको थियो। नेपालका तत्कालीन संस्कृति तथा पर्यटनमन्त्री पोष्टबहादुर बोगटी र पर्यटन सचिव सुशील घिमिरे पनि सो कार्यक्रममा उपस्थित थिए। तर उहाँहरूलगायत त्यस कार्यक्रममा उपस्थित अन्य सहभागी विज्ञहरूले समेत केही प्रतिक्रिया नदिई मौन बसिदिनु लज्जास्पद र विडम्बना नै मान्नुपर्छ।

सन् १८९५ मा जर्मन पुरातात्विक सर्वेक्षक एन्टनर फ्युहरर र बोउद सर्कलको उत्खननबाट र सन् १८९९ मा भारतीय पुरातत्वविद् पूर्णचन्द्र मुखर्जीको उत्खननबाट तिलौराकोट नै राजा शुद्धोदनको दरबार र शाक्य राजाहरूको राजधानी भनेर पत्ता लगाएको थियो। त्यस्तै सन् १९६९-१९७२ मा पुरातत्वविद् तारानन्द मिश्र र बाबुकृष्ण रिजालले उत्खनन गर्दा, सन् १९९७-१९९९ मा युनेस्कोका विद्वान् प्रो. रविन कनिनघमको नेतृत्वमा वसन्त विडारी र कोषप्रसाद आचार्यले उत्खनन गर्दा, अनि सन् २००५-२००६ मा पुरातत्व विभागले उत्खनन गर्दा भेटिएका ऐतिहासिक तथा पुरातात्विक सामग्रीहरूले तिलौराकोट नै राजा शुद्धोदनको दरबार र शाक्य राजाहरूको राजधानी हो भनेर प्रमाणित भएको थियो। तर सन् १९६२ मा भारतीय पुरातत्वविद् श्रीमती देवला मित्राबाट बदनियतपूर्वक तिलौराकोट उत्खननमा भेटिएका वस्तुहरू बुद्धकालीन समयको होइन भनेर विवाद ल्याउन खोजियो। त्यस्तै सन् १९७० को दशकमा भारतीय पुरातत्वविद् के.एम. श्रीवास्तवले पनि पिपरहवा नै शाक्य राजाहरूको राजधानी थियो भनेर दाबी गरेका थिए। तर उनीहरूको दाबीमा कुनै दम थिएन। किनभने अट्ठकथाको निदानकथा, ललितविस्तर लगायत विभिन्न बौद्धग्रन्थहरू तथा बौद्ध साहित्यमा र चिनिया बौद्ध यात्रीहरू फाहियान (४औं शताब्दी), ह्वेनसा- (७ औं शताब्दी) र इत्सिङ (७/८ औं शताब्दी) को यात्रा विवरणमा जे-जस्तो उल्लेख भएको छ, ती सबै विवरणले तिलौराकोट नै राजा शुद्धोदनको दरबार हो पिपरहवा होइन भनेर प्रमाणित गर्दछ। तिलौराकोटको सँगै वाणगंगा नदी बग्नु, तिलौराकोटबाट हिमाल देख्नु, तिलौराकोट दरबारको चारैतिर ठूला-ठूलो पर्खाल हुनु र शत्रुले हमला गर्न नसकून् भनेर पर्खालमुनि चारैतिर नहर खनेको हुनु, कपिलवस्तु र मायादेवीको माइती देवदहको बीचमा लुम्बिनी पर्नु, त्यस्तै गरी कपिलवस्तु र राजगृहको बीचको उल्लिखित दूरी, त्यस्तै अन्य ठाउँहरूको उल्लिखित दूरी, विभिन्न ठाउँहरूको दिशा उल्लेख भएको आदि सबै प्रमाणहरू र विवरणहरूले कपिलवस्तु र तिलौराकोट नै बुद्धको पिता राजा शुद्धोदनको राजप्रासाद र शाक्य राजाहरूको राजधानी हो भनेर बलियो आधार बन्दछ, जबकि पिपरहवासँग कुनै मेल खाँदैन।

हामीले जनस्तरमा यस्ता भ्रमहरूलाई फैलिनबाट बचाउन केही गर्नुपर्छ। यसै कुरालाई मध्यनजर राखी २०७० वैशाख २७ गते धर्मोदय सभाले संस्कृति तथा पर्यटनमन्त्री रामकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा पत्रकार, बौद्ध संघसंस्था, बौद्ध विद्वान् एवं बुद्धिजीवीहरूको उपस्थितिमा एउटा अन्तरक्रिया कार्यक्रम गरेको थियो। त्यस बेला धर्मोदय सभाले विभिन्न ११ बुँदे प्रस्तावना मन्त्रीज्यूसमक्ष पेस गरेको थियो। लुम्बिनी, कपिलवस्तु, तिलौराकोट, रामग्रामलगायत विभिन्न बौद्धस्थलहरूको नक्सा र परिचय भएको टुरिस्ट ब्रोसर बनाई प्रचारप्रसार गर्ने, लुम्बिनी विकास कोषको आयोजनामा हुनुपर्ने 'फोर्थ वर्ल्ड बुद्धिस्ट समिट' कपिलवस्तु दरबारलाई मूल विषय बनाई चाँडै सम्मेलनको आयोजना गर्ने, तिलौराकोटस्थित कपिलवस्तु दरबार विश्वसम्पदा सूचीमा समावेश गर्न पहल गर्ने, विदेशी तीर्थयात्रीलाई नेपाली गाइडको सेवा अनिवार्य उपलब्ध गराउने, ई-मिडियामार्फत व्यापक प्रचारको व्यवस्था गर्नेजस्ता कुराहरु सो प्रस्तावनामा समेटिएको थियो।

गतवर्ष २५६० औं बुद्ध जयन्ती मनाउने क्रममा नेपाल सरकारबाट 'बुद्ध वाज बर्न इन नेपाल' भन्ने नारासहित विभिन्न राष्ट्रहरुको बौद्ध विद्वान्हरुको सहभागितामा अन्तर्राष्ट्रिय सेमिनारसमेत गरी बुद्ध नेपालमा नै जन्मेको हो भन्ने सन्देश फैलाउन केही हदसम्म सफल भएको थियो। यसरी बर्सेनि बुद्ध जयन्ती नेपाल सरकारबाट नै मनाउनुपर्ने जनताको अपेक्षा थियो र आवश्यकता पनि थियो। तर यसपालि २५६१ औं बुद्ध जयन्ती सरकारबाट नमनाइदिँदा सम्पूर्ण बौद्धजगत् र नेपाली जनता निराश भएका छन्। राष्ट्रको ऐतिहासिक धरोहर नै गुम्न सक्ने यस गम्भीर विषयमा सरकारको ध्यान जानुपर्ने देखिन्छ। साथै बौद्धमार्गीहरूको असीम आस्था एवं श्रद्धाका स्थलहरू लुम्बिनी र कपिलवस्तुलाई बचाउन हामी सबैले सधैं सचेत अनि जागरुक भएर विश्वव्यापीरुपमै आवश्यक कदम चाल्नुपर्ने आजको आवश्यकता हो।

(लेखक धर्मोदय सभाका सचिव हुनुहुन्छ।)

पाठक पत्र

विकासमा भ्रष्टाचार, कालोमोसो र भीडतन्त्र

गत महिनाको एक दिनको कुरा हो। हामी स्थानीय विकास अधिकारीकै कार्यकक्षमा बसेका थियौं। एक युवक आए। उनले स्थानीय विकास अधिकारीको टेबलमा ढ्याक्क हाने। भने- एलडीओ साप, के छ विचार ? मेरो काम नगर्ने ? तपाईंलाई नातेदारी लगाउँदा नि भएन, सम्झाउँदा-फुल्याउँदा पनि नहुने, अब धम्क्याए पनि नहोलाजस्तो छ। यतिसम्म भन्न भ्याए कि तपाईसँग कत्तिको सुरक्षा व्यवस्था छ ? छिनालेर ३५ दिन जंगल लुकिदिन्छु, के गर्नुहुन्छ ? छिनाल्नेसम्मका कुरा गर्दा पनि एलडीओ साप चुपचाप बसे।

निर्माण तथा सार्वजनिक खरिद ऐन २०६४ अनुसार कार्यलय प्रमुखले ५ लाख रुपियाँसम्म अमानतमा दिन सक्ने व्यवस्था त छ तर कहिलेकाहीँ कार्यालय प्रमुखले आफू अनुकूल हेर्न थाले भने नैतिक समस्याचाहिँ आउँछ हाकिमलाई। तेलमोसो प्रकरणको एक कारण यो पनि हुन सक्छ। अर्को नीतिगतरुपमा भन्दा पनि नेतागतरुपमा कार्यालय प्रमुख सञ्चालित हुन थाले भने यसले झन् समस्या उत्पन्न गर्दछ। बाजुरामा यस्तो प्रवृत्ति धेरै छ।

नेताले भनेअनुसार चन्दा नदिनु वा काम नगरिदिँदा गत शुक्रबार पनि स्थानीय विकास अधिकारी पौडेललाई उनकै कार्य कक्षमै तेलमोसो दले। नेकपा माओवादीका पूर्वसभासद डबल शाहले हात छोपे, अर्का एकजना मधुविलास रावतले पौडेलको अनुहारमा तेलमोसो घसेर टाप कसे। जिविस परिसरबाहिर आएर तिनै स्थानीय विकास अधिकारीका विरुद्ध १२ बुँदे प्रेस विज्ञप्ति टाँसेर गए। अन्तत्वगत्वा नेकपा माओवादी विप्लव समूहले केही दिनअगाडि चन्दा माग गरेका रहेछन्। स्थानीय विकास अधिकारी पौडेलले जनताको विकासका लागि आएको रकम आतंककारी गतिविधिमा लगानी गर्न नसक्ने भनेर चन्दा नदिएपछि सुनियोजितरुपमा यो प्रकरण भएको जिकिर गर्दै आएका छन्।

सोही प्रकरणमा पूर्वसभासदलगायत दुई जनालाई सार्वजनिक मुद्दासमेत लगाइसकेका छन्। तेलमोसो घस्ने दुवै जना प्रहरी हिरासतमा छन्। तर पूर्वसभासद शाहले भ्रटाचार गरी लिएको प्रमाण आफूसँग भएको दाबी गर्दै आएका छन्। ५० देखि ६० लाख रुपियाँ राजनीतिक दलका कार्यकर्तालाई भरिया बनाई नेताहरुलाई कठमाडौं पठाएको अरोप लगाएका छन्। स्थानीय विकास अधिकारी पौडेलले आफू भ्रष्टाचारी ठहरिए एक मिनेटमा राजीनामा दिने बताएका छन्। चुरो कुरा बाहिर आएकै छैन। शंकाकै घेरामा छ।

बाजुराको विकासको चटारो विशेष गरी जेठ र अषाढ मसान्तसम्म हुन्छ। यी दुई महिना बाजुरा विकासका प्रमुख महिना हुन्। यसै बेला नेतादेखि कर्मचारीहरु बाजुरा भित्रिन्छन्। सम्झौतादेखि विकास निर्माणको कार्यान्वयन, अनुगमन, मूल्यांकन जेठ र आषाढ महिनामा हुन्छ। विशेष गरी जिविसमार्फत आउने विकासे बजेट विवादित हुन्छन्। त्यसमा अझ बढी 'निर्वाचन क्षेत्र विकास कोष' बाँड्नमा त स्थानीय विकास अधिकारीलाई हम्मे पर्दछ।

सभासद्देखि नेता-कार्यकर्ताले विकासका नाममा ब्रह्मलुट गरेको देखिन्छ। समग्रमा यसरी आउने रकम नेताले कार्यकर्ता पाल्ने रकमका रुपमा लिने गरिन्छ। मेरो अनुभवमा पानीमुनिको ओभानो कोही छैनन्। विकास के हो ? जान्न, गर्न, विकासवादी चरित्र देखाएर शब्दमा मात्र हैन युद्धस्तरमा लाग्न छातीमा हात राख्नुपर्दछ। विकास अरुका लागि हैन, हाम्रा लागि हो भनी जान्न भित्रैबाट मैले के योगदान दिन सक्छु भन्ने मनमस्तिष्कबाट आउनुपर्छ।

व्यापकरुपमा बुझ्दा राज्य सञ्चालकका तीनवटा अंग- कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका, अर्को हो दबाब समूह जो तीन अंगभन्दा पृथक् हुन्छ। तर तीनवटै अंगलाई सशक्त बनाउने उद्देश्य हुन्छ। यनेकि क्रान्तिका नाममा दबबा समूहका रुपमा पनि राज्यलाई कमजोर बनाउन हैन, राज्यलाई बढी जिम्मेवार मुलुकमा सुशासन कायम गराउन सहयोग गर्नुपर्छ।

माओवादी पार्टीले १० वर्षे जनयुद्धबाट राज्य सञ्चालनको प्रमुख भूमिका पाइसकेको अवस्था हो। आफ्नै गतिमतिले चोइटिएर जनताका आशाहरु बीचमै तुसारपात गराएको पनि हो। नीति निर्माण तहमा वकालत गर्ने माओवादीजस्तो पार्टीले विधिको शासनलाई लात हानेर फेरि एकजना सामान्य कर्मचारीको हात बाँधी तेलमोसो दल्नु न्यायसंगत होइन। माओवादी एक सशक्त राजनीतिक पार्टी हो भने यसले त राज्यका नीति नियम र कानुनलाई कार्यान्वयन गराउन लाग्नुपर्छ। कानुन हातमा लिएर 'आफैं जवाफी कारबाहीमा लाग्यो भने अन्तत्वगत्वा माओवादी स्वयंका लागि घातक हुनेछ। हिजोको एकतामा बल थियो, अहिले त त्यो पनि छैन। पार्टी ढिक्याउनुपर्ने अवस्था छ। त्यसैले मौजुदा व्यवस्थामा सुधार गर्नु छ भने बन्न लागेको संविधानमा रचनात्मक सुझाव दिनुपर्छ।

हो, भ्रष्टार गरेको फेला पर्‍यो भने कारबाहीको दायरामा ल्याउनै पर्छ। यसका लागि एकपटक पुनः स्यालुट माओवादी मित्रलाई। तर कारबाहीको नाममा काननु हातमा लिन खोज्नुभयो भने त्यसले क्षणिक फाइदा त गर्ला तर दीर्घकालीन असर तपाईंलाई नै पर्नेछ। कानुन कसैको मुठ्ठीभित्र हुँदैन। कानुन सबैका लागि समान हुन्छ। यदि हामीले हाम्रा आचरण, व्यवहार, कार्यशैली र राज्यका नीति नियम सुधार्न सकेनौं तर कानुन हातमा लिने प्रयास गर्‍यौं भने त्यसैलाई भनिन्छ राजनीतिमा बिग्रिएको स्वरुप अर्थात् 'भीडतन्त्र'। भीडतन्त्रमा भ्रष्टाचार मौलाउँदै जान्छ, कारबाहीको नाममा तेलमोसोदेखि विकृति बढ्दै जान्छ। त्यसैले त 'भीडतन्त्र'देखि सबै सजग रहनुपर्छ।

- दयाराम पण्डित

विराटनगरको गणना किन ढिलो ?

सबै ठाउँको लगभग मतगणना सकिँदा पनि विराटनगर महानगरमा एक सातामा आधा मात्र मतगणना भएको खबरले दिमाग तताएको छ। गतसाता बिहीबारबाट गणना शुरु भए पनि आधाभन्दा बढी मत गणना हुन नसक्नुमा निर्वाचन आयोगको कमजोरी हो। गणना ढिला भएपछि काठमाडौंबाट निर्वाचन आयोगका उपसचिव विसकसेन ढकाल नेतृत्वको टोलीसमेत खटिएपछि गणनाले केही तीव्रता लिएको भए पनि हुनुपर्ने जति नभएको मेरो बुझाइ छ। अहिले स्थानीय निकाय निर्वाचन मात्र हो। प्रदेश र सभाको पनि निर्वाचन सक्नु छ। यस विषयमा आयोगले अहिले नै केही सोच्न जरुरी छ। आगामी निर्वाचनमा मतगणना ढिला हुनुहुँदैन। यो विषयमा गम्भीर बनियोस्।

- सुरज चलाउने, बाग्लुङ

सामाजिक सञ्जाल

दार्जीलिङमा आन्दोलन हुँदा मन दुखाउने नेपालीले सप्तरीवासी डुबेकोमा चिन्ता नगरेजस्तो आभास भैराछ।

Dhruba lamsal
@dhrubalamsal1

एकजना सम्भ्रान्तले कुकुरलाई पाउरोटी किनेर खुवायो, बोरामा प्लास्टिक टिप्दै हिंडेको बालकले थुक निल्दै हेरिरह्यो, शहरमा कुकुरको मूल्य छ !

मगर बाबु
@mrramumagar

धर्मले गलत कहिल्यै सिकाउँदैन। गलत बाटो सिकाउँछ भने त्यो अधर्म हो। कुनै धर्मको भित्री मान्यता थाहा नपाई धर्म राम्रो र नराम्रो छुट्याउनु गलत हो।

फुच्चे पत्रकार
@Qri9E

२०७४, असार
शुक्रबार
२३

केही महिनायता कोटेश्वर-भक्तपुर सडकमा बढ्दो सडक जाम, जथाभावी पार्किङलगायतका समस्यालाई प्रभावकारीरुपमा समाधान गर्न नसकेको भन्दै महाशाखाले त्यहाँ कार्यरत सबै ट्राफिक प्रहरीलाई सरुवा गरेको छ।

नेपाल

बागमतीसँग हाम्रो सान जोडिएको छ : मन्त्री साह

बागमतीको सफाई अभियानमा लागिरहने मनीषाको प्रतिबद्धता

नेपाल समाचारपत्र

काठमाडौं

बागमती सफाई अभियानका अभियन्ता तथा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका पदाधिकारीहरूले शहरी विकासमन्त्री प्रभु साहसँग भेट गरी सफाई अभियानको प्रभावकारिता वृद्धिका लागि पहल गरिदिन आग्रह गरेका छन्।

बागमती सद्भावनादूतसमेत रहेकी अभिनेतृ मनीषा कोइराला, सिस्नोपानी नेपालका महासचिव टंक आचार्य, अधिवक्ता तथा मानव अधिकारकर्मी वीरेन्द्र थपलिया, किशोर थापा, चक्रबहादुर चन्द, अर्जुन धरेर, गोकुल थापालगायतको टोलीले मन्त्रालयमा बिहीबार मन्त्री साहसँग भेट गरी यस्तो आग्रह गर्नुभएको हो।

अभिनेतृ कोइरालाले बागमती नदीलाई 'लिगल स्टाटस' दिनुपर्ने भन्दै त्यसका निमित्त पहल गरिदिन मन्त्री साहसँग आग्रह गर्नुभयो। उहाँले 'बागमती सफाईका लागि कानुनले 'सपोर्ट' गर्नुपर्ने भन्दै उक्त कार्यको नेतृत्व लिन मन्त्री साहलाई आग्रह गर्नुभयो।

बागमती सफाईका लागि प्रयोग भएको स्रोत साधनको पारदर्शिता वृद्धि हुनुपर्ने भन्दै अभिनेतृ कोइरालाले नदीलाई र नदीको स्वच्छतालाई बचाउनु आवश्यक रहेको उल्लेख गर्नुभयो।

उहाँले बागमतीलाई स्वच्छ र सफा बनाउन आफू निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

सो अवसरमा मन्त्री साहले बागमती सफाई अभियानमा भइरहेको कार्यका लागि अभियन्ताहरूलाई धन्यवाद दिनुहुँदै यही गति कायम राख्ने गरी योजना बनाएर अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

'बागमतीसँग हाम्रो इज्जत, सानमान जोडिएको छ', मन्त्री साहले भन्नुभयो- 'यो कुरालाई बोध गर्ने गरी योजना बनाएर अगाडि बढ्नुपर्दछ।'

सफाई अभियानले बागमतीको स्वच्छता कायम राख्नका लागि सरकारलाई दबाब बढाएको उल्लेख गर्दै मन्त्री साहले भन्नुभयो- 'तपाईंहरूको यो पवित्र कार्यले सरकारलाई बागमती सफाईमा अग्रसरता लिन निरन्तर दबाब दिएको छ, यसलाई निरन्तरता दिनुहोला।'

सफाई अभियानले उल्लेख्यरूपमा कार्य गरेको भए पनि त्यसमा आधुनिकता र योजनाबद्धरूपमा अगाडि बढ्नु आवश्यक रहेको उल्लेख गर्दै मन्त्री साहले भन्नुभयो- 'अहिले जे भइरहेको छ धेरै राम्रो कार्य भइरहेको छ', मन्त्री साहले उक्त भेटका अवसरमा भन्नुभयो- 'तर, यत्तिले मात्रै पुग्दैन, अझै योजनाबद्धरूपमा प्रभावकारी ढंगले अगाडि बढ्न आवश्यक छ, यो कार्यलाई प्रविधिसँग जोड्नु जरुरी छ। त्यसको पहल मन्त्रालयले गर्नेछ।'

कोटेश्वरदेखि ठिमीसम्म घण्टौं जाम

प्रमुखदेखि भान्सेसम्मको एकैचोटी सरुवा

भक्तपुर, (नेस)

अरनिको राजमार्गअन्तर्गत कोटेश्वरदेखि भक्तपुरसम्मको ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको छ। महानगरीय ट्राफिक प्रहरी महाशाखाले कोटेश्वर ट्राफिक कार्यालयका ट्राफिक प्रहरी निरीक्षकको कमान्डमा रहेका ४४ जनालाई एकैपटक सरुवा गरेपछि बुधबारदेखि यहाँको ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको हो।

केही महिनायता कोटेश्वर-भक्तपुर सडकमा बढ्दो सडक जाम, जथाभावी पार्किङलगायतका समस्यालाई प्रभावकारीरूपमा समाधान गर्न नसकेको भन्दै महाशाखाले त्यहाँ कार्यरत सबै ट्राफिक प्रहरीलाई सरुवा गरेको हो। महाशाखा प्रमुख एवं प्रहरी नायव महानिरीक्षक (डीआईजी) मिङ्मार लामाले प्रभावकारी काम गर्न नसकेकाले कोटेश्वर ट्राफिक प्रहरी प्रभागका सबैलाई सरुवा गरिएको बताउनुभयो।

उहाँले बाहिरबाट आउने लामो दूरीका यातायताका साधनलाई बसपार्कबाट सञ्चालन गर्ने र पूर्वबाट आउने लामोदूरीका सवारी साधनका लागि भक्तपुरमा छुट्टै बसपार्क नबनाएसम्म यो समस्या हल गर्न कठिनाई हुने बताउनुभयो। नयाँ ट्राफिकको टोली कोटेश्वरमा आएपछि यहाँको जाम झन् बढेको छ। आज बिहानैदेखि दिनभरि नै ठिमी चारदोबाटोसम्म भक्तपुरबाट काठमाडौंतर्फ जाने लेन जाम भएको थियो।

सडक जाम भएपछि बिरामी बोकेर काठमाडौंका अस्पतालतर्फ जाँदै गरेका एम्बुलेन्ससमेत जाममा परेका छन्। बिरामी बोकेर साइरन बजाउँदै आएको एम्बुलेन्ससमेत ठिमीदेखि कोटेश्वरसम्म जाममा परेको थियो। संसद् बैठकमा जान हिँडेका सांसददेखि विभिन्न काम लिएर काठमाडौं गएका सर्वसाधारणसमेत घण्टौं जाममा परेको लोकन्थलीका रामलाल श्रेष्ठले बताउनुभयो। महानगरीय ट्राफिक प्रहरी प्रभाग कोटेश्वरका प्रमुखदेखि भान्छेसमेत एकैपटक सरुवा भएका छन्।

सूची दर्ता गर्ने बारेको सूचना

यस संस्थाको केन्द्रीय तथा क्षेत्रीय कार्यालयलाई आ.व. ०७४/७५ को लागि आवश्यक तपसिल बमोजिमका सामान पटक-पटक गरी खरिद गर्न तथा अन्य सेवाका लागि सम्बन्धित फर्म, कम्पनी तथा सप्लायर्सको सूची दर्ता गराई राख्नुपर्ने भएकोले इच्छुक सप्लायर्सले आवश्यक कागजातसहित आफ्नो ठेगाना खुलाई आजको मितिले १५ दिनभित्र संस्थाको कार्यालयमा कार्यालय समयभित्र सूची दर्ता गराउन यो सूचना प्रकाशित गरिएको छ।

१. मसलन्द तथा स्टेशनरी सामानहरु (मूल्यसहित)
२. कम्प्युटर, प्रिन्टरको सप्लाई, स्पेयर पार्टस मर्मत र सर्भिसिङ,
३. छपाई सम्बन्धी काम (जर्नल, न्यूजलेटर, शैक्षिक सामग्री प्रकाशन आदि),
४. इलेक्ट्रिकल समान, प्रिन्टर, फ्याक्स मेशिनका टोनर तथा कारटिज,
५. फोटोकपी सेवा, विज्ञापन एजेन्सी सेवा, खानेपानी सप्लाई सेवा,
६. फर्निचर तथा फर्निसिङ सामान तथा मर्मत सम्बन्धी
७. इलेक्ट्रोनिक्स समानको सप्लाई तथा मर्मत,
८. कुरियर सेवा (आन्तरिक तथा बाह्य), टिकेटिङ सेवा (आन्तरिक तथा बाह्य)
९.ट्रेनिङ सञ्चालनार्थ हल तथा होटेल सेवा,
१०.सवारी साधन पार्टपूर्जा आपूर्ति तथा मर्मत।

कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड)
नयाँबानेश्वर, पो.ब.नं. ६६१८, फोन :०१-४४८३७०६,
इमेल: celrrd@wlink.com.np, website: www.celrrd.org

क्षेत्रीय कार्यालयहरू

विराटनगर, मुनालपथ ६, मोरङ, फो.नं.: ०२१-५३५९४४
मकवानपुर, हेटौंडा-२, नगरपालिका रोड, फो.नं.: ०५७-५२६४४०
नवलपरासी, रामग्राम नगरपालिका-३, फो.नं.: ०७८-५२०३७४

जोखिम न्यूनीकरणसम्बन्धी अन्तरक्रिया सम्पन्न

नेपाल समाचारपत्र

भक्तपुर

नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा भक्तपुरद्वारा आयोजित मौसमी विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरणसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

मध्यपुर थिमी नगरपालिका, वडा नम्बर १, मनोहरा खोलाको किनारमा रहेको सुकुम्बासी बस्तीमा आयोजित उक्त कार्यक्रममा १४ महिला र १४ पुरुष गरी २८ जनाको सहभागिता रहेको थियो।

उक्त अवसरमा मनोहरा सुकुम्बासी बस्तीका बासिन्दाहरूले मनोहरा खोलामा वर्षेनि आउने बाढीका कारण सुकुम्बासी टोल पूरै जोखिममा पर्दै आएकाले जोखिम न्यूनीकरणका लागि समुदाय आफैं र सरोकारवाला निकायले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

अन्तरक्रिया कार्यक्रममा बोल्नुहुदै स्थानीय पद्मबहादुर सिजापतीले समुदायलाई विपद्बाट सुरक्षित गर्नका लागि प्राथमिक उपचार तथा खोज तथा उद्धारकर्ता तयार गरिनुपर्नेमा जोड दिंदै तत्काललाई बासको व्यवस्था गर्न सके उत्तम हुने बताउनुभयो।

उहाँले रेडक्रसबाट प्राप्त भएको २ हजार बोरामा माटो भरेर बाढीको जोखिम घटाउनतिर समुदाय लाग्ने बताउनुभयो। उहाँले पूर्वतयारी स्वरूप पूर्वसूचना प्रणाली जडान, डोरी, लाइफ ज्याकेट व्यवस्था गर्नुपर्ने भएकाले सहयोगका लागि सरोकालवाला निकायहरूलाई अनुरोध गर्नुभयो।

अन्तरक्रियामा ज्येष्ठ नागरिक शान्तिप्रसाद दाहालले रातको समयमा वर्षा हुन थालेपछि बाढीको त्रासका कारण निन्द्रा लाग्न छाडेकाले वडा, नगरपालिका, रेडक्रस तथा सरोकारवाला निकायहरूले बाढीको जोखिम घटाउनेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा रेडक्रस सोसाइटी भक्तपुर शाखाका गतिविधिहरू, प्रकोप र विपद्, विपद् व्यवस्थापन चक्र, मौसमी विपद्हरू, विपद् पूर्वतयारीका प्रयासहरू तथा तत्काल समुदायका लागि आवश्यकता पहिचान गर्ने विषयमा समूहगत छलफल गरिएको थियो।

मनसुन शुरू भइसकेकाले बाढी, पहिरो र महामारीजस्ता विपद्हरूबाट बच्नका लागि पूर्वतयारी स्वरूप समुदायलाई सचेत गराउन र पूर्वतयारीका कार्यहरू सञ्चालन गर्नका लागि यस प्रकारको अन्तरक्रिया सञ्चालन गरिएको जिल्ला शाखाका मन्त्री परशुराम पाण्डेले जानकारी दिनुभयो।

कार्यक्रममा जिल्ला परियोजना संयोजक दिनेश थापा, अनुगमन तथा मूल्यांकन अधिकृत रञ्जना कार्की र सेवा दाहालले सहजीकरण गर्नुभएको थियो।

तोकिएकै समयमा तेस्रो चरणको निर्वाचन हुन्छ

भक्तपुर, (नेस)। नेकपा माओवादी केन्द्रका प्रवक्ता पम्फा भुसालले तेस्रो चरणको स्थानीय तह निर्वाचनमा राष्ट्रिय जनता पार्टी सहभागी हुने बताउनुभएको छ।

रफत सञ्चार क्लबले बिहीबार सूर्यविनायकमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा प्रवक्ता भुसालले दोस्रो चरणको स्थानीय तह निर्वाचन शान्तिपूर्ण भएको दाबी गर्दै यही सरकारले तोकिएकै समयमा तेस्रो चरणको निर्वाचन गर्ने उल्लेख गर्नुभयो।

राजपाले पनि निर्वाचन आयोगमा दल दर्ताका लागि प्रक्रिया अघि बढाएको बताउँदै उहाँले जिम्मेवार दलका नाताले राजपा निर्वाचनबाट अलग नहुने विश्वास व्यक्त गर्नुभयो। उहाँले सरकारले स्थानीय तहलाई प्रदान गरिसकेका कुनै पनि खालका अधिकार कटौती हुन नसक्ने बताउनुभयो।

माओवादी मन्त्रिमण्डल विस्तारका लागि तयार रहेको बताउँदै भुसालले कांग्रेसभित्रको आन्तरिक विवादका कारण मन्त्रिपरिषद् विस्तारमा ढिलाई भएको बताउनुभयो।

विगतमा विभाजनको रूपमा देखिएका माओवादी शक्तिबीच एकीकरणको प्रयास भइरहेको बताउँदै उहाँले विभाजित शक्तिबीच कसरी एकीकरण गर्ने भन्नेमा पार्टीभित्र छलफल भइरहेको बताउनुभयो।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
पुर्वाञ्चल क्षेत्रिय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय
बिराटनगर, मोरंग ।

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७४/०३/२३

यस कार्यालयबाट मिति **२०७४/०२/२६ गते आर्थिक राष्ट्रिय दैनिक** तथा सडक विभागको E-Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार दर्ता हुन आएका **बोलपत्रहरु** मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्युनतम मुल्यांकित र सारंभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

SN	Contract No	Description of Works	Name of Successful Bidder	Bid Amount, NRs (Excluding VAT)
1	DROBRT/3371234/ 2073/74-251(Re)	Blacktopped Road Construction Works on Biratnagar Urban Road, Morang	Jalpapur Muslim Nirman Sewa Jalpapur - 07, Sunsari	1,312,100.00
2	DROBRT/3371484/ 2073/74-253(Re)	Blacktopped Road Construction Works on Dean Marg, Itahari, Sunsari	Khan & Builders General Construction Sunsari	1,205,584.25

डिभिजन प्रमुख

सिनेमा कर्नर

TODAY'S MOVIES

Tubelight
8:20, 11:20
2:20, 5:20

रातो घर
8:20, 11:20
2:20, 5:20

Raabta
8:20, 11:20
2:20, 5:20

Kidnap
8:20, 11:20
2:20, 5:20

तारेभिर
8:20, 11:20
2:20, 5:20

लाल्टीन
8:20, 11:20
2:20, 5:20

पर्व
8:20, 11:20
2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising



Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Guest in London
तारेभिर
धनपति
लाल्टिन
ताकतवर
मन्दीरा
रातो घर

Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६



माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : स्वास्थ्य समस्या, हानी भए पनि मध्याह्नदेखि लाभ, सम्मान।
वृष : धनलाभ, जीवनसाथीबाट सहयोग तर दिउँसोदेखि रोग, कार्यबाधा।
मिथुन : आर्थिक लाभ, स्वास्थ्यलाभ, प्रेममा सफलता, शुभ यात्रा।
कर्कट : काममा सफलता, धनलाभ, प्रतिस्पर्धामा विजय, पारिवारिक सुख।
सिंह : दिउँसोसम्म स्वास्थ्य प्रतिकूल हुने, त्यसपछि कार्य सफल, धनलाभ।
कन्या : द्रव्यलाभ, पराक्रम वृद्धि तर मध्याह्नबाट भने दौडधुप, तनाव।
तुला : धनलाभ, क्षमता वृद्धि, पुरस्कार प्राप्तिको सम्भावना।
वृश्चिक : अन्नलाभ, उपहार प्राप्ति, कूटनीतिक सफलता, सुख-सन्तोष।
धनु : धननाश, स्वास्थ्य समस्या तर दिउँसोदेखि भाग्योदय, कार्य सफल।
मकर : उत्तम भोजन, परिवार-सुख, लाभ तर दिउँसोबाट चोटपटकको भय।
कुम्भ : सुख-सन्तोष, कार्य सफल, सेवा वा वस्तु प्राप्ति, आर्थिक लाभ।
मीन : राज्यबाट लाभ, व्यापारिक फाइदा, कार्य सफल, मन प्रफुल्लित।

नेपाल

बाग्दुला बहाने सडकखण्डअन्तर्गत नौबहिनीको बल्लेखोला नजिक मगरबासामा सडक नै बगेपछि यही बाटो प्रयोग गरेर आउजाउ गर्ने पैदलयात्रुलाई समेत अहिले ठूलै समस्या परेको छ। यसबाट जिल्लाको उत्तरी भेगका सर्वसाधारणहरु बढी मर्कामा परेका छन्।

सडक बगाएपछि सकस

सलिम अन्सारी, प्युठान

माथितिर फर्केर हेर्दा खस्न ठिक्क परेका र आफैंलाई पर्खेर बसेका जस्तो चिराचिरा बनेका पहरा अनि तलतिर नहेरूँ भने पनि हेर्नैपर्ने लुगँखोलाको उर्लंदो भेल, अझै नहिडूँ भने लुगँखोला छिचोल्नै पर्ने बाध्यता। यसै साता मात्रै मुसलधारे झरीपछि लुगँखोलामा आएको भीषण बाढीले सडक नै बगाइदिएपछि दैनिक सयौं पैदलयात्रीले जोखिम मोल्नुपरेको छ। नदीमा दिनहुँ बाढी आउने गरेकाले नदी भएर आवतजावत गर्न समस्या भएको स्थानीयले गुनासो गरेका छन्। बाग्दुला बहाने सडकखण्डअन्तर्गत नौबहिनीको बल्लेखोला नजिक मगरबासामा सडक नै बगेपछि यही बाटो प्रयोग गरेर आउजाउ गर्ने पैदलयात्रुलाई समेत अहिले ठूलै समस्या परेको छ। यसबाट जिल्लाको उत्तरी भेगका सर्वसाधारणहरू बढी मर्कामा परेका छन्।

लुगँखोलामा आएको बाढीले झन्डै तीस मिटरजति सडक बगाएपछि पैदलयात्रु, विद्यार्थी र व्यवसायीलाई असुविधा भएको हो। स्थानीय गंगा उच्च मावि बहाने र साइनिङवे विद्या सदन बोर्डिङमा अध्ययन गर्न जाने पीपलटारी, सिरवारी, बल्लेखोलालगायतका लगभग तीन सय विद्यार्थी प्रभावित भएको विद्यालयका प्रधानाध्यापक देवीप्रसाद रिजालले बताए। सयौं विद्यार्थी विद्यालय जानबाट वञ्चित भएका छन्। सडक बगेपछि बालबच्चा विद्यालय आउन नसकेको उनले जानकारी दिए। उक्त सडकको विकल्पका रूपमा प्रयोग गर्ने बाटो दुई तीन घण्टा बढी समय लाग्ने भएपछि भारी बोक्ने भरियाहरू र पैदल हिँड्नेहरू पनि पहिरोको बीचबाटै ओहोरदोहोर गर्न बाध्य छन्। सवारीसाधन चल्न सक्ने अवस्था छैन। सडक बगेपछि उत्तरी प्युठानका दर्जनौं गाउँ यातायात सम्पर्कविहीन भएका छन्। सडक भत्किएपछि सो क्षेत्रमा दैनिक उपभोग्य सामान ढुवानी हुन सकेको छैन। गत वर्ष साउन ११ र १२ गते यहाँ पहिरो जाँदा धनजनको क्षति भएको थियो।

हिउँदको महिनामा पहिरो गएको स्थानभन्दा अलि पर बहाने बजारसम्म यातायातका सवारीसाधन पुग्ने गरेको भए पनि वर्षा लागेसँगै सवारीसाधन नचल्दा त्यस क्षेत्रका स्थानीयहरू अहिले पैदल हिँडेर गन्तव्यसम्म पुग्नुपर्ने बाध्यता आइलागेको छ। लुगँखोलाले मुख्य सडक बगाएपछि समस्या भएको स्थानीय महेश थापाले बताए। उनले भने भौगोलिक रूपमा विकट तथा दुर्गम स्थानमा अवस्थित जिल्लाको फोप्ली, लिघा, डाम्री, खवाङ, स्याउलिबाङलगायतका बासिन्दालाई जिल्ला सदरमुकाम आउजाउ गर्नेलाई अहिले यो सडक काल निम्ताउने खालको बनेको छ। कतिपयले पहरामाथिको डाँडाबाट बाटो काटे, कतिले खोलाबाटै ज्यान जोखिममा राखेर बाटो छिचोले। स्थानीय थापाले भने छेउमा हेर्‍यो लुगँखोलाको तिर उभो हेर्‍यो तारेभीर। लगातारको वर्षाले लुगँखोलामा पानीको स्तर अत्यधिक बढेको छ। कटान गरिएको सडक खण्डमा पानी तीव्र गतिमा बगिरहेको छ। अप्ठ्यारो भूगोलका कारण यहाँ सडक बनाउन समस्या देखिएको प्युठानका प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले बताए। 'सडक सुचारु गर्न जिल्ला विकास समितिले बुधबारदेखि ज्यामी खटाएर सडक निर्माणको काम थालेको उनले जानकारी दिए। ज्यामी खटिएका छन्', उनले भने- 'सडक सुचारु हुन समय लाग्दैन।'

छेउमा हेर्‍यो खोलाको तिर, उँभो तारेभीर

उत्तरी प्युठानको नौबहिनी ६ मगरबासामा लुगँखोलामा आएको बाढीले सडक बगाएपछि बर्खे भेलको यात्रा गर्दै स्थानीय ।

पहिरो जाँदा यातायात अवरुद्ध

नेपाल समाचारपत्र

बाजुरा

साँफे-मार्तडी सडक खण्डअन्तर्गत बाजुराको बूढीगंगा नगरपालिकको अम्कोट र बडिमालिका नगरपालिकको हरडे क्षेत्रको चट्टानमा पहिरो जाँदा बुधबारदेखि यातायात अवरुद्ध भएको छ। मंगलबार रातिबाट खसेको पहिरो बिहीबारसम्म व्यवस्थापन नगर्दा सदरमुकाम मार्तडी आउने लामो तथा छोटो दूरीका यातायात बल्देमा थन्किएको यात्री दीपक साउदले बताएका छन्।

'ठाउँठाउँमा हिँड्नुपर्छ, ठाउँठाउँमा गाडी चढ्नुपर्छ', साउदले भने- 'यातायात अवरुद्ध भएको छ, पहिरो माथिबाट निरन्तर खसिरहेको छ।' यता यात्रु समस्यामा भएकाले तत्काल मेसिन प्रयोग गर्ने पहल भइरहेको बूढीगंगा नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख दीपकविक्रम शाहले बताउनुभएको छ। बार्जुगाड मार्तडी पक्की सडक निर्माण भइरहेको छ। यद्यपि खसेको पहिरो पन्छाउन सडक डिभिजन कार्यालय साँफेले भने सडक सुचारु गर्न के कस्तो पहल गरेको छ खुल्न आएको छैन।

घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण

नेपाल समाचारपत्र

खोटाङ

खोटाङको रूपाकोट मझुवागढी नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिले घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न शुरू गरेका छन्। रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल भानुचोकका १ सय ४ वर्षीय मणिसुन्दर बजिमय र संगमपार्ककी १ सय ९ वर्षीय डम्बरकुमारी आचार्यलाई दोसल्ला ओढाएर सम्मानसहित सामाजिक सुरक्षा भत्ता वितरण गर्दै घरघरमै सामाजिक सुरक्षा भत्ता वितरण शुरू गरिएको हो।

सामाजिक सुरक्षा भत्ता लिनका लागि नगरपालिकाको कार्यालयसम्म धाउनुपर्ने वा आफन्तमार्फत् लिनुपर्ने बाध्यता अन्त्यका लागि जननिर्वाचित प्रतिनिधिले बिहीबारदेखि घरैमा पुगेर सामाजिक सुरक्षा भत्ता दिन थालेका हुन्। आफ्नो कार्यकालभरि नगरपालिकाका वृद्धवृद्धा, अपांग, दलितले पाउने सामाजिक सुरक्षाभत्ता घरैमा पुर्‍याएर वितरण गरिने रूपाकोट मझुवागढी नगरपालिकाका मेयर दीपनारायण रिजालले बताउनुभयो। मेयर रिजाल र उपमेयर विणादेवी राईलगायतका जनप्रतिनिधि र कर्मचारीको टोलीले ज्येष्ठ नागरिक बजिमय र आचार्यलाई दोसल्ला ओढाएर जनही दुई हजारका दरले सामाजिक सुरक्षाभत्ता वितरण गर्दै घरघरबाटै सामाजिक सुरक्षा वितरणको सुरुआत गरेको हो।

१५ वटै वडाका नागरिकलाई वडाअध्यक्षमार्फत् सामाजिक सुरक्षाभत्ता वितरण गरिने नगरपालिकाले जनाएको छ। स्थानीय तहको निर्वाचनमा उत्साहपूर्ण सहभागिता जनाएका ज्येष्ठ नागरिकको सम्मान स्वरूप ओछ्यानमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरणका लागि घरदैलो अभियान शुरू गरिएको हो। आफ्नो कार्यकालभरि नगरपालिकाका सबै वडाका नागरिकलाई घरैमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने मेयर रिजालले बताउनुभयो।

अरुको जग्गाको नक्सांकन गर्ने नापी कार्यालय आफैं उदांगो

कृष्णउदास खनाल, वीरगन्ज

२०२१ सालबाट तराईमा नापी कार्य शुरू भए पनि पर्सा नापी कार्यालय ठ्याक्कै यही मितिमा स्थापना भएको हो भनेर अभिलेख त नापी कार्यालयसँगै नै छैन यद्यपि २०२३ सालबाट पर्सामा नापी कार्यालय स्थापना भएको अनुमान कार्यालयका कर्मचारीहरूले नै गरेका छन्।

नापी कार्यालय पर्साको हविगत हेर्नका लागि उसको कार्यालयमा पुग्दा सबै कुरा स्वष्टसँग देख्न सकिन्छ। बिरालोले छाउरा सार्दा झैं कार्यालय सारी रहँदा यो कार्यालयको पुरानो अभिलेखसमेत कार्यालयमा पाउन कठिन भएको हो। केही महिनाअघि वीरगन्जको बिर्ताको एक निकै पुरानो घरबाट अहिले जेल रोडस्थित अलि आधुनिक देखिने जस्तो घरमा सरेको नापी कार्यालयमा आम नागरिकहरूका कागजपत्रहरू यत्रतत्र छरालिएको अवस्थामा रहेको पाइन्छ।

अरू आम नागरिकसहितका सरकारी कार्यालयको समेत जग्गा र घरसमेत नापी गर्ने नापी कार्यालय पर्साको आफ्नै भवन नहुँदा आफूहरूले ज्यादै सास्ती झेल्न परेको नापी कार्यालय वीरगन्जका प्रमुख दुर्गा महर्जनले बताए। उनले आफ्नो भवनमा नापी कार्यालय सञ्चालन गर्न नपाउँदा ज्यादै समस्या आफूहरूले झेल्न परेको बताए। स्थायी खालको कार्यालय नहुँदा सेवाग्राहीले पनि सास्ती झेल्न परेको उनको तर्क छ। कार्यालय नियमित सञ्चालन गर्नमा पनि कठिनाइ भइरहेको उनी बताउँछन्। नापी कार्यालय पर्साका अनुसार जिल्ला नापी कार्यालयको नाउँमा जग्गासमेत छैन।

विगतमा कार्यालय प्रमुख भएर आएकाहरूले यस विषयमा ध्यान नदिँदा अहिले त्यसको मार आफूहरूले झेल्न परेको कार्यालयका नापी सर्वेक्षक घनश्याम शुक्लाले बताए। नापी कार्यालय पर्साका कर्मचारीहरूका अनुसार कार्यालय सार्नुपर्दा कतिपय निकै पराना स्थानीयहरूको जग्गा तथा घरको नक्सा हराउने गरेको छ। सरकारले नापीको कामसमेत अब स्थानीय निकायबाट सञ्चालन गर्ने बताएका कारण घर खोज्ने वा जग्गा खोज्नतिर अहिले आफू नलागेको पनि कार्यालय प्रमुख महर्जनको भनाइ रहेको छ। नापी कार्यालय पर्साले हाल दुई स्थानमा कार्यालय स्थापना गरी सेवा प्रदान गर्दै आइरहेको छ। पुरानो नापी कार्यालय जेल रेडमा रहेको छ भने नयाँ नापी रानीघाटमा सञ्चालित छ।

वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

उपलब्धी सुविधाहरू

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
राजु मो-बाइक कन्सर्न
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)
फोन : ४७२००४६
मोबाइल : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, असार
शुक्रबार
२३

केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति र माइती नेपालको टोलीले दिल्लीमा अलपत्र परेका ६ जिल्लाका १२ देखि १८ वर्ष उमेरका किशोरहरुलाई उद्धार गरी नेपाल ल्याएको हो। घरबाट भागेर गएका नेपाली किशोरहरु भारतको विभिन्न ठाउँमा अलपत्र परे पछि त्यहाँको प्रहरी तथा संघ संस्थाले उद्धार गरेर राखेका थिए।

नेपाल

दिल्लीबाट नौ किशोरको उद्धार

नेपाल समाचारपत्र
बाँके

भारतको दिल्लीमा अलपत्र परेका नौ जना नेपाली किशोरको उद्धार गरिएको छ।

केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति र माइती नेपालको टोलीले दिल्लीमा अलपत्र परेका ६ जिल्लाका १२ देखि १८ वर्ष उमेरका किशोरहरूलाई उद्धार गरी नेपाल ल्याएको हो। घरबाट भागेर गएका नेपाली किशोरहरू भारतको विभिन्न ठाउँमा अलपत्र परेपछि त्यहाँको प्रहरी तथा संघ संस्थाले उद्धार गरेर राखेका थिए।

दिल्ली पुगेर फर्किएका माइती नेपाल, नेपालगन्जका संयोजक केशव कोइरालाका अनुसार, कञ्चनपुरका ३, दाङका २ र नवलपरासी, सिराहा, जनकपुर, रौतहट जिल्लाका १/१ जना किशोर रहेका छन्। 'आफ्नै अभिभावकसँग जाँदा बिछोडिएका १ जनाबाहेक अरू घरबाट भागेर दिल्ली पुगेका थिए', कोइरालाले भन्नुभयो- 'रेलवे स्टेसन, गल्लीमा रोएर हिँडेकालाई त्यहाँको प्रहरी र संघसंस्थाले उद्धार गरेर हामीलाई बुझाएका हुन्।'

तीन महिनादेखि किशोरहरू अलपत्र परेका थिए। किशोरहरू उच्च जोखिममा रहेका थिए। देखासिखी र लहलहैमा घरबाट भागेर हिँडेका किशोरहरू भारतमा श्रम शोषण र अंग प्रत्यारोपणको जोखिममा पर्ने सम्बद्धहरू बताउँछन्।

कोइरालाका अनुसार, किशोरहरू विभिन्न नाकाबाट दिल्ली पुगेका हुन्। नेपाल ल्याइएका किशोरहरूलाई माइती नेपालले काउन्सिलिङ गरेर जिल्ला बाल कल्याण समितिको जिम्मा लगाएको छ। किशोरहरूलाई अभिभावक बोलाएर जिम्मा लगाउने तयारी भएको छ। 'अभिभावक सम्पर्कमा नभएकालाई उद्धार गृहमा राख्नका लागि पहल गरिरहेका छौं', कोइरालाले भन्नुभयो- 'धेरैको अभिभावक सम्पर्कमा आएका छन्।'

भारतमा गएर कमाई गरी मोबाइल, घडीलगायत लिएर हिँडेको देखासिकीमा पर्ने किशोरहरू घरबाट पैसा चोरेर भारततिर भाग्ने गरेको पाइन्छ। मध्यपश्चिमका पहाडी जिल्लाबाट स्कुले पोसाकमा भारत हिँडेका कैयौं बालक/किशोरलाई नेपालगन्ज नाकाबाट फिर्ता गरिएका छन्।

'कागतमा हैन धारामा हुनुपर्छ खानेपानी'

नेपाल समाचारपत्र
बाजुरा

बडिमालिका नगरपालिकाको समृद्धिका लागि पहिले स्वच्छ खानेपानी हुनुपर्नेमा जोड रहेको नवनिर्वाचित नगरप्रमुख पदम बडुवालले बताउनुभएको छ। उहाँले बडिमालिका नगरपालिकाका नागरिकलाई कसरी सर्वसुलभ एवं स्वच्छ खानेपानीको व्यवस्थापन गर्न सकिन्छ भन्ने सन्दर्भमा छलफल गर्न खानेपानी तथा ढल निकास डिभिजन कार्यालय बाजुराका प्रमुख कृष्ण बोगटीसँग छलफल गर्नुभएको छ। आफ्नै कार्यकक्षमा खानेपानी प्रमुख बोगटीलाई बोलाएर उहाँले भन्नुभयो- 'अब कागतमा खानेपानी हैन जनताको घरघरमा खानेपानी हुनुपर्छ।'

उहाँले एक वर्षभित्र सबैले स्वच्छ खानेपानीको प्रयोग गर्न सक्ने कार्यक्रम बनाएर पेस गर्न खानेपानी प्रमुख बोगटीलाई निर्देशन दिनुभएको हो। सदरमुकाम मार्तडीमा १ करोड रुपियाँ खर्च गरेर चारवटा नयाँ ट्यांकी निर्माण गरिने र जीर्ण ट्यांकी मर्मत गर्न सके खानेपानी पर्याप्त पुग्न सक्ने धारणा कार्यालय प्रमुख बोगटीको छ।

स्वच्छ खानेपानीका लागि केकति बजेट लाग्छ बडिमालिका नगरपालिकाले विनियोजन गर्ने नगरप्रमुख बडुवालले बताउनुभएको छ। जुगाडामा खानेपानी सर्भे भएको छ भने सल्लेना र कोर्धमा क्रमागत कार्यक्रम रहेकाले तिनै योजनालाई निरन्तरता दिने र अन्य ठाउँमा पनि आवश्यकताअनुसार खानेपानीको पहुँच पुर्‍याउने लक्ष्य राखेको बताइएको छ। सदरमुकाम मार्तडीका अधिकांश परिवार खानेपानीको हाहाकारमा छन्। खानेपानी नहुँदा सदरमुकामभित्रै १५/२० मिनेटको पैदल बाटो हिँडेर थापावाडा किमखोला र पानीपातलबाट पानी बोकेर प्रयोग गरिरहेका छन्।

नेपाल सरकार
सडक बिभाग
डिभिजन सडक कार्यालय , मुजेलिया , जनकपुर

आशय पत्र सम्बन्धी सूचना

प्रकाशित मिति -२०७४/०३/२३

यस डिभिजन सडक कार्यालय, जनकपुरबाट मिति .२०७४-१-१९ हिमालय टाइम्स राष्ट्रिय दैनिक मा प्रकाशित सूचना नं ८/२०७३/७४ अनुसार डिभिजन कार्यालयमा खोलिएका बोलत्रहरु (शिलबन्दी तथा बिद्युतिय माध्यमद्वारा प्राप्त) को मूल्यांकन पछि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका निम्न ठेक्कामा निम्न बोलपत्रदाताहरु सार्बजनिक खरिद ऐन,२०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि सोहि ऐनको दफा २७ उपदफा २ र ३ बमोजिम यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	ठेक्का नं.	न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र दाता	कबोल अंक (भ्याट सहित)	घटी प्रतिशत
१	DROJKR/337157-4/073-74 /152	ड्रेगन-काराभान जे.भी. , काठमाडौं	३,८७,८२,२७०।३३	३७.६३

डिभिजन प्रमुख, जनकपुर

तिल्तालीका बाढीपीडितलाई राहत वितरण

डोटी, (नेस)

डोटीको शिखर नगरपालिका-८ तिल्तालीका बाढीपहिरोपीडितका लागि कुवेतबाट राहत सामग्री आएको छ। वैशाख अन्तिम साता आएको अविरल बाढीबाट पीडित बनेका सो वडाका ३६ घरपरिवारका लागि कुवेतमा रहेको सुदूरपश्चिम सेवा समाजले आर्थिक सहयोग संकलन गरी राहत सामग्री पठाएको हो। उक्त राहत सामग्रीहरू नवनिर्वाचित वडाध्यक्ष सिद्धबहादुर बलायरले एक कार्यक्रमको आयोजना गरी पीडितहरूलाई हस्तान्तरण गर्नुभएको छ।

बाढीपहिरोपीडिका लागि कम्मल, विद्यार्थीहरूका लागि विद्यालय झोला, कापी कलमलगायतका सामग्री उपलब्ध गराएको सुदूरपश्चिम सेवा समाज कुवेतका सचिव मानबहादुर बलायरले बताउनुभयो। राहत सामग्री पाएपछि बाढीपहिरोपीडितहरू निकै खुसी भएको स्थानीय रामसिंह बलायरले बताउनुभयो।

सुदूरपश्चिम सेवा समाज कुवेत रोजगारीका लागि कुवेतमा रहेका सुदूरपश्चिमेली युवाहरूको समूह हो। यो समूहले विशेष गरी सुदूरपश्चिममा दैवी प्रकोप, महामारीलगायतका समस्याबाट पीडित भएकालाई मानवताको धर्म निभाउँदै राहतलगायतका सहयोग गर्ने उद्देश्य लिएको समाजका अध्यक्ष अमर खड्काले बताउनुभयो। वैशाखको अन्तिम साता एकाएक शुरू भएको वर्षापछि आएको बाढी गाउँमा पस्दा स्थानीय ३६ घरपरिवारका घर, जमिन, पशुचौपाया, खेतीपातीलगायतका सम्पत्तिमा क्षति पुर्‍याएको थियो।

सिटौला आफ्नै इलाकामा पराजित

भद्रपुर, (नेस)

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले वडा, नगरदेखि निर्वाचन क्षेत्रसम्म गुमाएका छन्।

२०७० सालको संविधानसभा निर्वाचनमा सिटौलाले अत्यधिक बहुमतले ल्याएर झापा क्षेत्र ३ बाट जितेका थिए। तर, दोस्रो चरणको स्थानीय तह निर्वाचनमा नेता सिटौलाले नगर, क्षेत्र नभएर आफ्नो वडासमेत गुमाएको अवस्था छ।

झापा क्षेत्र नम्बर ३ मा साविक चन्द्रगढी, हल्दीबारी र गोलधापबाहेक सबै इलाका सिटौला अर्थात् कांग्रेसको पकडमा थियो। सिटौलाको निर्वाचन क्षेत्रमा हाल एक नगरपालिका र दुई गाउँपालिका रहेको छ। नेपाली कांग्रेसले तीनै तहमा पराजित भोगेको अवस्था छ। नेपालकै पुरानो भद्रपुर नगरमा एमालेले मेयर र उपमेयरमा बाजी मार्दै सात वडा जितेका छन् भने कचनकवल र हल्दीबारी गाउँपालिकाको दुवै अध्यक्षमा राप्रपाले बाजी मारेको छ।

भद्रपुर नगरपालिकाको मेयरमा एमालेका जीवनकुमार श्रेष्ठ र उपमेयरमा एमालेकै चन्द्रमाया श्रेष्ठ विजयी भएका छन्। जीवनकुमार श्रेष्ठले ३ हजार ८ सय २७ मतअन्तरले उनका निकटतम कांग्रेसका मेयरका उम्मेदवार गणेश पोखरेललाई पराजित गरेका छन्। श्रेष्ठले ११ हजार ४२ मत ल्याएकोमा पोखरेलले ७ हजार २ सय १५ मत ल्याएका थिए।

मेयरका उम्मेदवार माओवादी केन्द्रका शिवकुमार राजभण्डारीले ४ हजार १ सय ३४ र राप्रपाका नवराज पनेरूले २ हजार ८ सय २२ मत ल्याएका थिए। त्यस्तै उपमेयरमा एमालेका चन्द्रमाया श्रेष्ठले ४ हजार १ सय ५२ मत अन्तरले उनका निकतम कांग्रेसका तारा भुर्तेललाई पराजित गरेकी छन्। श्रेष्ठले १० हजार ६ सय ५० मत ल्याएकोमा भुर्तेलले ६ हजार ४ सय ९८ मत ल्याएकी थिइन्।

उपमेयरमा माओवादी केन्द्रकी कुमारी स्वर्णिका सिंहले ३ हजार ९ सय ५७ र राप्रपाकी राधा कार्कीले ३ हजार २ सय ७७ मत ल्याएका थिए। यता सिटौलाको घर भद्रपुर-१० मा पर्छ। सिटौलाले त्यही वडाको कलवलगुरी प्राविबाट मतदान गरेका थिए। उनले मतदान गरेको वडामा एमालेको प्यानल नै विजयी भएको छ। एमालेका तर्फबाट वडाध्यक्षका उम्मेदवार टेकबहादुर खड्काले १ हजार ५ सय ७८ मत ल्याएर विजयी हासिल गरेका छन्।

उनले ६ सय ९६ मतको फराकिलो अन्तरले कांग्रेसका वडाध्यक्षका उम्मेदवार अम्बरबहादुर कार्कीलाई पराजित गरेका हुन्। कार्कीले ८८२ मत ल्याएका थिए।

मोफसलको पहिलो पुस्तकालय पुस्तकविहीन

हेटौंडा, (नेस)

काठमाडौंबाहिरको पहिलो पुस्तकालयका रूपमा मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीमा स्थापित पुस्तकालयमा हाल एउटा पनि पुस्तक छैन भन्दा धेरैलाई दुःख लाग्न सक्छ। तर, यथार्थता यही हो। भीमफेदी गाउँपालिका-५ मा रहेको ज्योति पुस्तकालयलाई हाल सूक्ष्म सभागृहका रूपमा परिणत गरिएको छ। विभिन्न संघसंस्था तथा सरकारी निकायले कुनै कार्यक्रम गर्न परे पुस्तकालय भवन प्रयोग गर्दै आएका छन्।

ऐतिहासिक महत्त्वको पुस्तकालय संरक्षणतर्फ कसैले चासो दिएका छैनन्। २००३ सालमा स्थापना भएको पुस्तकालय राजधानीबाहिरको पहिलो पुस्तकालय भएको भीमफेदीमा जन्मे हुर्केका हिरण्यलाल श्रेष्ठ बताउँछन्। 'स्थानीयकै पहलमा राणाकालमा पुस्तकालय स्थापना भएको हो। धार्मिक, सांस्कृतिक, राजनीतिक तथा साहित्यिक गरी धेरै पुस्तक थिए' -उनले भने। श्रेष्ठले २०१५ सालतिरको कुरा स्मरण गर्दै भने- 'त्यो बेलाका सरकारी कर्मचारी, विद्यार्थीलगायत भीमफेदी हुँदै ओहोरदोहोर गर्नेले पुस्तकालयमा पुस्तक पढ्ने गर्थे।'

तराईबाट भीमफेदी हुँदै काठमाडौं आउने/जानेले पुस्तकालयमा धेरै पुस्तक सहयोग दिएको उनको स्मरण छ। 'यो ऐतिहासिक महत्त्व बोकेको पुस्तकालयमा अहिले एउटा पनि पुस्तक छैन, यो निकै चिन्ताको विषय हो', श्रेष्ठले भने- 'सरोकारवालाले यसको संरक्षण गर्दै पुनः सञ्चालनमा चासो दिनुपर्दछ।'

पुस्तकालय संरक्षणमा चासो नदिइँदा पुस्कालयका पुस्तकहरू हराउँदै गएको स्थानीय जाहारसिंह लामाले जानकारी दिए। विभिन्न कार्यक्रम गर्न सभाहल नभएको अवस्थामा पुस्तक हराएर खाली बनेको पुस्तकालयलाई सभाहलका रूपमा प्रयोग गरिन थालिएको लामाले बताए। 'हामी २०३५ सालमा स्कुल पढ्दा धेरै किताब थियो। वेद, पुराण, महाभारतलगायत धेरै किताब बोरामा पनि हालेर राखिएको थियो। पछि कता गयो, थाहा छैन' -हाल भीमफेदी गाउँपालिका-५ का निर्वाचित वडाध्यक्ष लामाले भने। उनका अनुसार राणाविरुद्ध आन्दोलन छेड्ने धेरै तत्कालीन नेताले राजनीतिक तथा सैद्धान्तिक ज्ञान लिन पुस्तकालयको सहारा लिएका थिए।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

भावपूर्ण श्रद्धाञ्जली

जन्मः
२०२१/०२/२१ गते

स्वर्गारोहण :
२०७४/०३/११ गते

स्व. सुनिल लाल जोशी

हाम्रा अनन्य मित्र नेपाल भारोत्तोलन संघका मुख्य प्रशिक्षक
सुनिल लाल जोशीको
असामयिक स्वर्गारोहण खबरले हामीलाई स्तब्ध बनाएको छ ।

विगत लामो समयसम्म भारोत्तोलनको एक हस्ती तथा उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहनुभएका जोशीको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दुःखको घडीमा शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्तिका लागि श्री पशुपतिनाथसँग प्रार्थना गर्दै भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

प्रविण बहादुर प्रधान
जगदिश्वर श्रेष्ठ
नविन बहादुर प्रधान
उज्वल मान प्रधान
रजु मास्के
किरण ताम्राकार
चन्दन श्रेष्ठ
वासु श्रेष्ठ
सुमन मानन्धर
सत्य राम महर्जन

रविन लाल श्रेष्ठ
प्रविन ज्योति ताम्राकार
रविन्द्र वज्राचार्य
विजय गोपाल श्रेष्ठ
राजु मान श्रेष्ठ
किरण बहादुर श्रेष्ठ
(नेपाल बक्सिङ्ग संघ उपाध्यक्ष)
पूर्ण प्रसाद सुवेदी
सुरेन्द्र कंसाकार
चन्द्र प्रकाश श्रेष्ठ

दिल्ली रत्न तुलाधर
दश नारायण लामा
हितकर ताम्राकार
सुरेन्द्र रत्न तुलाधर
रोमेल श्रेष्ठ
राजु मानन्धर
उमेश मानन्धर
गम्भीर मान महर्जन
प्रविन लाल श्रेष्ठ
विष्णुराज श्रेष्ठ

तथा समस्त २० वडा परिवार

विश्व

अभ्यास

लात्भिया र एस्टोनियाको सीमानजिक करिब २ हजार ५ सय रुसी फौजले अभ्यास गरेको नेटोले जनाएको छ।

विलासिता

चीनको बेइजिङमा एउटा सप विन्डोमा नयाँ ब्रान्डका ब्यागहरू हेर्दै एक स्थानीय महिला।



विश्व २ मिनेट

इजरायल

द्विपक्षीय सम्झौता

जेरुसेलम, (एजेन्सी)

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उनको इजरायली समकक्षी बेन्जामिन नेतान्याहुले कृषि र अन्तिरिक्ष विषयक सम्झौतामा हस्ताक्षर गरेका छन्। इजरायलको राजधानी जेरुसेलममा आयोजित संयुक्त पत्रकार सम्मेलनमा विज्ञप्ति निकाल्ने क्रममा ती दुवै नेताले दुवै राष्ट्र आतंकवादबाट पीडित रहेको जनाएका छन्। मोदीले आफूहरू साइबर स्पेसमा लगायत बढ्दो अतिवाद र आतंकवादविरुद्ध एकजुट भएर लड्ने बताएका छन्। यहुदी राष्ट्र इजरायल भ्रमण गर्ने उनी पहिलो भारतीय प्रधानमन्त्री हुन्। पचीस वर्षअघि मात्र भारत र इजरायलबीच कूटनीतिक सम्बन्ध कायम भएको थियो।

अमेरिका

कारबाहीको धम्की

वासिङ्टन, (एजेन्सी)

उत्तर कोरियाले मंगलबार गरेको लामो दूरी क्षमताको क्षेप्यास्त्र परीक्षणपछि अमेरिकाले बिहीबार आवश्यक परेमा आफूले प्योङयाङ विरुद्ध उल्लेख्य सैनिक फौज प्रयोग गर्ने जनाएको छ। संयुक्त राष्ट्र संघका लागि अमेरिकी विशेष दूत निक्की हेलेले संयुक्त राष्ट्र संघमा प्योङयाङ विरुद्ध नयाँ प्रस्तावना पनि अघि सारिने जानकारी दिएकी छिन्। उनले उक्त क्षेप्यास्त्र परीक्षणलाई डरलाग्दो सैनिक विस्तारको संज्ञा दिँदै प्योङयाङ विरुद्ध व्यापार नाकावन्दीसमेत लगाइने चेतावनी दिएकी छिन्। हेलेको यो प्रतिक्रिया बाहिरिएको केही समयपछि नै अमेरिका र सोलले जापानी सागरमा संयुक्त क्षेप्यास्त्र प्रहार गरेका थिए।

बेलायत

हेट क्राइममा वृद्धि

लन्डन, (एजेन्सी)

लन्डनका मेयर सादिक खानले बेलायतमा मुसलमान विरुद्ध घृणासँग सम्बन्धित अपराध अर्थात हेट क्राइममा वृद्धि भएको बताएको छ। तर त्यसरी नै यहुदी विरुद्ध तथा अन्य अपराधहरूमा पनि वृद्धि भइरहेको उनले बताए। यद्यपि लन्डन अझै पनि विश्वको सबैभन्दा सुरक्षित शहरमध्ये एक भएको उनले दावी गरे। हेट क्राइमको वृद्धिले काम गर्न गाह्रो भएको र आफूसँगै संसाधनको पनि कमी भएको बताए। सरकारसँग थप संसाधनको माग भइरहेको बताउँदै लन्डन ब्रिज र फिन्सबरी पार्कको हमलापछि प्रहरीले सुरक्षा व्यवस्थाका लागि कडा मेहनत गरिरहेको उनले बताए।

चीन

सेना फिर्ता गर

बेइजिङ, (एजेन्सी)

चीनले दुई आणविक हतियार सम्पन्न छिमेकी बीच हालैका वर्षहरूमा तनावका कारण बनेको हिमाली क्षेत्रको विवाद सल्टाउन वार्ता अगाडि भारतले त्यस क्षेत्रबाट आफ्ना सेना फिर्ता गर्नुपर्नेमा जोड दिएको छ। चीन र भारतबीच ५५ वर्ष अगाडि सीमा युद्ध भइसकेको छ। इमान्दारिता प्रदर्शन गर्न पूर्वसर्तका रुपमा सकेसम्म चाँडो भारतले सेनालाई फिर्ता गर्नुपर्ने विदेश मन्त्रालयका प्रवक्ता गेंग सुआंगले पत्रकारहरूलाई बताए। उक्त सीमा विवादलाई लिएर युद्ध छेडेमा भारतले नचिताएको परिणाम भोग्नुपर्ने चिनियाँ सञ्चार माध्यमहरूबाट चेतावनीका समाचार प्रकासित भइरहेका छन्।

अमेरिकी झण्डामाथि पिसाब फेरियो

वासिंगटन, (एजेन्सी)

अमेरिकाको पेनसिल्भानिया राज्यको फिलाडेलिफया निवासी एमिली लान्स नामक एक महिलाले शौचालयमा अमेरिकी झण्डामाथि पिसाब फेरिरहेको आफ्नो भिडियो सामाजिक सञ्जाल फेसबुकमा राखेकी छिन्।

आफ्नो शौचालयमा महिलाहरूले पनि उठेरै पिसाब फेर्न सकिने गो गर्ल प्रयोग गरी उनले झण्डामा पिसाब फेरेको दृश्यको भिडियो कुनै साथीलाई खिच्न लगाएकी थिइन्। अमेरिकाको द जुलाइको स्वाधीनता दिवसको दिन उक्त भिडियो भाइरल हुनासाथ कसैले उनको टाउको छिनाल्नेदेखि र कसैले टाउकाको मूल्य ३ हजार अमेरिकी डलर तोक्ने कामसमेत गरेका छन्।

उनले फेसबुकमा सो भिडियोको क्याप्सनमा फर योर नेसनलिज्म, फर योर कन्ट्री, फर योर स्टुपिड फ्लयाग जस्ता वाक्यांश लेखेका थिए। पछि उनले ती क्याप्सन हटाएकी छिन्। राष्ट्रिय झण्डाको अपमान भएको भन्दै हजारौं अमेरिकी जनताले आक्रोश व्यक्त गरेका छन्। तर धेरै नै अभिव्यक्ति स्वतन्त्रता भएको अमेरिकामा यस कार्यलाई कानुनी रुपमा अपराध मानिँदैन।

जी २० शिखर सम्मेलन आजदेखि

ट्रम्पसहित विश्वका प्रमुख नेताहरू ह्याम्बर्गमा पुग्दै

बर्लिन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प जी २० सिखर सम्मेलनका लागि बिहीबार जर्मनीको ह्याम्बर्गमा पुगेका छन्। उक्त सम्मेलनमा जलवायु परिर्वतन नीतिका कारण उनी एक्लिन सक्ने सम्भावना व्यक्त गरिएको छ भने विश्वको प्रमुख आर्थिक शक्ति देशहरूको उक्त बैठकलाई पुँजीवाद विरोधी प्रदर्शनकारीले विथोल्ने चेतावनी दिइरहेका छन्।

२०१५ पेरिस जलवायु सन्धिबाट अमेरिका बाहिरिएको निर्णयपछि हुन गइरहेको सम्मेलनमा भाग लिने क्रममा ह्याम्बर्गमा राष्ट्रपति विमान एयर फोर्स वनबाट आइपुगेका ट्रम्प र उनकी पत्नी मेलानियाको अन्य प्रमुख अर्थतन्त्रका नेताहरूसँग तनावको सामना गर्नुपर्ने अनुमान गरिएको छ।

शुक्रबारबाट औपचारिक शुरु हुन गइरहेको दुई दिने उक्त शिखर सम्मेलनका लागि चिनका राष्ट्रपति सि जिनपिङ, रुसका राष्ट्रपति भ्लादिमिर पुटिन, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलगायत विभिन्न देशका नेताहरू आउने क्रम जारी रहेको छ।

सम्मेलनमा ब्यापार नीतिलाई लिएर प्रदर्शनकारीहरू बैठकमा अवरोध पुर्‍याउने तयारी गरिरहेका छन्। ब्यापार नीतिको विरोध गरिरहेकाहरूले करिब १ लाख प्रदर्शनकारी सडकमा ओर्लने दाबी गरेका छन्। सम्मेलनलाई ब्यवधान पुऱ्याउन सक्ने आशंकाका सुरक्षा ब्यवस्था कडा गरिएको छ।

यस सम्मेलनका क्रममा अमेरिकी राष्ट्रपति ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच पहिलो भेटवार्ता हुने अनुमान गरिएको छ। त्यसै गरी सीमा विवादका कारण तनावको स्थितिमा रहेका भारतीय प्रधानमन्त्री र चिनियाँ राष्ट्रपति सि जिनपिङबीच पनि भेटवार्ता हुने अनुमान गरिएको छ।

ह्याम्बर्ग प्रस्थान अगाडि राष्ट्रपति ट्रम्प पोल्यान्ड भ्रमण पुगेका थिए। ट्रम्पले पोल्यान्डलाई पेट्रियोटिक क्षेप्यास्त्र प्रणाली दिने विषयमा छलफल गरेका थिए।

त्यसै गरी बुधबार ह्याम्बर्ग पुगेका चिनियाँ राष्ट्रपति सी र जर्मन चान्सलरबीच विभिन्न मुद्दामा अमेरिकासँगको विमतीलाई प्रकास पार्दै विस्तारित मुद्दाहरूमा मिलेर काम गर्ने सहमति बनेको जनाइएको छ।

अरब मुलुक विवाद

कतारविरुद्धको प्रतिबन्ध जारी रहने

रियाद, (एजेन्सी)

साउदी अरेबियाले कतारमाथि केही अरब देशहरूले लगाएको प्रतिबन्ध जारी रहने जानकारी दिएको छ। कतारमाथि आतंकवादको पोषण गरेको आरोप लगाउँदै ४ वटा अरब देशले गत महिना ऊसँग राजनीतिक सम्बन्ध अन्त्य गर्दै ऊमाथि प्रतिबन्ध पनि लगाएका थिए।

कतारलाई ती देशहरूले केही मागको सूची सुम्पेका थिए। त्यसलाई मान्न कतारले अस्विकार गरेको थियो। ती मागका बारेमा जवाफ दिनका लीग कतारलाई दिएको समयसीमा बुधबार समाप्त भएको हो।

साउदी अरेबिया, इजिप्ट, बहराइन र संयुक्त अरब इमिरेट्सका विदेश मन्त्रीहरूको कायरोमा भएको बैठकमा उक्त सानो खाडी मुलुक कतारले उनीहरूको मागलाई अस्वीकार गरेकोमा अफसोच व्यक्त गरेका छन्। ती देशका अधिकारीहरूले कतारले स्थितिको गम्भिरतालाई नबुझेको बताएका छन्।



साउदी अरेबिया, इजिप्ट, संयुक्त अरब इमिरेट्स र बहराइनले कतारमाथि जिहादी समूहलाई सहयोग गरेको आरोप लगाएका छन्। ती देशहरूले कतारको नितिमा परिवर्तन हुनुपर्ने माग गरिरहेका छन्। उनीहरूले कतार स्थिति अल जजिरा समाचार च्यानल बन्द गर्न र इरानसँगको सम्बन्ध अन्त्य गर्न समेत माग राखेका थिए।

खाडी देशका विदेशमन्त्रीहरूको बैठक पूर्वकतारका विदेश मन्त्री सेख मोहम्मद बिन अब्दुल रहमान अल थानीले कतारसँग सम्बन्ध अन्त्य गर्नुको अर्थ कतारलाई घेराबन्दी गर्नु र प्रस्ट रुपमा उसमाथिको अपमान र आक्रमकताको प्रमाण भएको बताएका थिए। उनले भने- 'असहमतिको जवाफ प्रतिबन्ध र अल्टिमेटम हुन सक्दैन, तर वार्ता तथा छलफल हुन सक्छ।'

भेनेजुयलाको राष्ट्रिय सभामा आक्रमण

काराकास, (एजेन्सी)

भेनेजुयलाको विपक्षी राजनीतिक समूहको नियन्त्रणमा रहेको राष्ट्रिय सभामा अचानक प्रवेश गरेका करिब १ सयजना सरकार समर्थकहरूले थुप्रै विधायकहरूलाई रगताम्य हुने गरी पिटेको प्रहरीले जनाएको छ।

राष्ट्रको स्वाधिनता दिवस मनाउन अधिवेशन बसिरहेको सभामा यसरी आक्रमण भएको प्रत्यक्षदर्शीहरूले बताएका छन्। पाइप र लाठी बोकेका ती व्यक्तिहरू त्यहाँ जवरजस्ती छिर्दा सैनिक प्रहरी तैनाथ थिए।

सरकारले यस सम्बन्धमा निष्पक्ष अनुसन्धान गर्ने बताएको छ। उक्त आक्रमणको कारण करिब ३ सय ५० व्यक्ति घन्टौं सन्त्रषित भएको सभामुखले बताएका छन्। राष्ट्रिय सभा भवनमा थुनिनेमा १ सय ८ जना पत्रकार, विद्यार्थी तथा अन्य आगन्तुकहरू रहेको बताइएको छ।

सभामुख जुलिओ बोर्गेसले ५ जना विधायक नराम्ररी घाइते भएको र तिनीहरूको अस्पतालमा उपचार भइरहेको बताएका छन्। आर्थिक समस्याग्रस्त रहेको भेनेजुयलामा केही समययता सरकार विरुद्ध हिंसात्मक प्रदर्शनहरू हुँदै आएको छ। अमेरिकी विदेश विभागले यस हिंसात्मक घटनाको भत्सर्ना गरेको छ।

प्रारम्भिक बाल विकास केन्द्र
बाडेपाखा, बूढानिलकण्ठ २, काठमाडौं ।
स.क.प १७९२२, जि.प्र.का ५८९ ०६१/०६२, प्यान ३०२२४६१५९
फोन नं ०१ ३७०००५,९८५११०१७४७ पो.ब.नं २१०८, info@ecdc.org.np

शिलबन्दी बोलपत्र आह्वानको सूचना नं ०२/७३/७४

यस संस्थाले निकट भविष्यमा सञ्चालन गर्न लागेको युवा सहयोग कार्यक्रमको लागि युवा आवसीय भवन निर्माण, बाडेपाखा बूढानिलकण्ठ २ स्थित ०-५-१-० क्षेत्रफलमा गर्नुपर्ने भएको हुनाले सोको लागि भवनको नक्सा डिजाइन, Cost Estimate र निर्माण Supervision गर्नुपर्ने भएको हुनाले प्रथम पटक प्रकाशित मिति २०७४/२/१७ बाट प्रयाप्त शिलबन्दी प्रस्ताव नआएकोले फेरि यस दोस्रो पटक इजाजत प्राप्त इच्छुक फर्म तथा व्यक्तिहरूबााट रकम खुलेको गोप्य प्रस्ताव आव्हान गरिन्छ ।

१) यो सूचना र नक्सा डिजाइन तथा Cost Estimate गर्नुपर्ने भवन को वारेमा सम्पूर्ण जानकारी यस संस्थाको सूचना पाटी वा कार्यालय समय भित्र संस्थाको कार्यालय बूढानिलकण्ठ नगरपालिका वडा नं. २ वाडेपाखा वा सुन्धारा कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिने छ । जानकारी लिनको लागि प्रस्ताव पेश गर्ने अन्तिम मिति भन्दा कम्तिमा ३ दिन अगाडि यस संस्थामा सम्पर्क राख्नुपर्ने छ ।
२) प्रस्तावक नियमअनुसार सम्बन्धित निकायमा दर्ता भएको र कालो सूचीमा नरहेको हुनुपर्ने ।
३) प्रस्ताव साथ दर्ताका प्रमाणपत्रहरु, कर चुक्ता प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरू पेश गनुपर्ने छ ।
४) यस संस्थाको उद्देश्यसँग मेलखाने प्रकृतीका भवन डिजाइन तथा Cost Estimate गरिसकेका अनुभवी परामर्शदाताहरुलाई प्राथमिकता दिइने छ ।
५) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन दस्तुर वापत रु. १००० यस संस्थाको नेपाल इन्भेष्टमेन्ट बैंक लि. रहेको प्रारम्भिक बाल विकास केन्द्र, खाता नं ००७०१०१०२५०३४४ मा दाखिला गरी संस्थाको कार्यालय मा गोप्य प्रस्ताव पेश गर्न सकिने छ ।
६) प्राप्त प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने, उपयुक्त प्रस्तावहरु प्राप्त नभएमा अन्य माध्यमद्वारा प्रस्तावकको छनौट गर्ने सम्पूर्ण अधिकार यस संस्थामा रहने छ ।

अबु सयाफले दुई भियतनामीको टाउको काटे

मनिला, (एजेन्सी)

फिलिपिन्सको इस्लामिक लडाकू समूह अबु सयाफले २ जना भियतनामीको टाउको छिनालेर हत्या गरेको सरकारी फौजले बुधबार जनाएको छ। अबु सयाफको बलियो पकड रहेको फिलिपिन्सको दक्षिण भागमा रहेको बासिलान टापुमा तिनीहरूको शव फेला परेको छ। ती २ जना गत वर्ष लडाकूहरूबाट अपहरित छ जना भियतनामी नाविकमध्ये हुन्।

दक्षिणी फिलिपिन्समा इस्लामिक लडाकूहरूको आक्रमणमा केही समय यता निकै तिव्र हुन थालेको छ। गत मे महिना यता मात्र माराबी शहरमा सरकारी फौज र लडाकूहरूबीचको भिडन्तमा ४ सय जनाभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ।

फिलिपिनी सेनाले स्थानीय वासिन्दाबाट सूचना प्राप्त गरेपछि फौजले टाउकोविहीन दुई लाश भेटिएको एएफपी समाचार निकायलाई बताएको छ। एकजना भियतनामीलाई गत महिना मुक्त गरिएको थियो भने अन्य बाँकी तीनजना अझै तिनीहरूको नियन्त्रणमा रहेको अनुमान गरिएको छ।

अबु सयाफ फिलिपिन्सको अपहरण गरी फिरौति रकम असुल्ने, क्रुरता र टाउको काट्ने जस्तो डरलाग्दो गतिविधिका लागि निकै कुख्यात मानिन्छ। यस समूहले विदेशी तथा फिलिपिनीहरूको अपहरणका लागि इस्लामिक स्टेट (आईएस) को सहयोग लिने गरेको जनाएको छ। अबु सयाफले फिरौति रकम नमिलेको रिसमा गत फेब्रुअरीमा एकजना जर्मन र सन् २०१६ मा एकजना क्यानाडली बन्धकको टाउको काटेको थियो।

फेसबुकमा मृत्युको भविष्यवाणी

लास भेगास, (एजेन्सी)

आफ्नो पूर्वप्रेमीको निर्मम पिटाइका कारण मस्तिस्कमा चोट लागेर अचेत अवस्थामा नै मृत्यु वरण गरेकी अमेरिकाको लास भेगास निवासी एक महिलाले सामाजिक सञ्जालमार्फत पहिले नै आफ्नो मृत्युको भविष्यवाणाी गरेको प्रहरीले जनाएको छ।

गत ३ जुनमा आफ्नै निवासको पछाडि ३९ वर्षीया स्टेल्ला मार्टिनेजलाई जवर्जस्ती उनको घरमा छिरेका पूर्वप्रेमी ४१ वर्षीय क्रिस्टोफर उडले नराम्ररी कुटपिट गरेका थिए। पिटाइको तीन सातापछि उपचारकै क्रममा उनको अस्पतालमा मृतयु भएको प्रहरीले जनाएको छ।

बुडविरुद्ध हत्या प्रयास र लुटपाटजस्ता अभियोगमा १४ जुलाईअघि नै अदालतमा सुनुवाइ शुरु हुने भएको छ। मार्टिनेजले बुडसँगको तनावपूर्ण सम्बन्धका कारण सिर्जना भएको समस्यालाई लिएर प्रहरीबाट आवश्यक सहयोग पाउन नसकेकाले गत जनवरीमा फेसबुकमार्फत आफ्नो मृत्युको भविष्यवाणी गरेको बुझिएको छ। फेसबुकमा भएका तस्वीर पोस्टिङहरूबाट तिनीहरूबीच सन् २०१६ भरि नै डेटिङ भएको देखिन्छ।

सांसदहरूले राजनीतिक पहुँचका आधारमा विकास निर्माणको बजेट बाँडिएको भन्दै आपत्ति जनाएका थिए। ठूला दलका ठूला नेता भएका जिल्लामा उल्लेख्य बजेट विनियोजन गरिएको भए पनि सामान्य नेता तथा सांसदका जिल्लालाई ध्यान नदिइएको आरोप उहाँहरूले लगाउनुभयो ।

खर्च कटौती गर्न माग

पहुँचको आधारमा बजेट बाँडिएको भन्दै आपत्ति

नेपाल समाचारपत्र

काठमाडौं

व्यवस्थापिका सांसदमा विभिन्न ९ वटा मन्त्रालयको खर्च कटौतीको गर्न माग गरिएको छ। बजेट विनियोजित भएबमोजिम खर्च गर्न नसकिएको भन्दै संसद बैठकमा दुई जना सांसदहरूले खर्च कटौती प्रस्ताव प्रस्तुत गर्नुभएको छ।

बिहीबारको बैठकमा नेपाल मजदुर किसान पार्टीका सांसदद्वय डिल्लीप्रसाद काफ्ले र प्रेम सुवालले खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको हो। मन्त्रालयहरूसँग बजेट खर्च गर्न सक्ने क्षमता नरहेको भन्दै उहाँहरूले खर्च कटौतीको माग गर्नुभएको हो।

विनियोजन विधेयक, २०७४ को विभिन्न शीर्षकमाथिको छलफलअन्तर्गतको बैठकका निम्ति निर्धारण गरिएका नौवटा मन्त्रालयमा विनियोजित रकम घटाइयोस् भन्दै उहाँहरूले खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो।

सांसद काफ्ले र सुवालले जनसंख्या तथा वातावरण, पशुपन्छी विकास, भूमिसुधार तथा व्यवस्था र वाणिज्य मन्त्रालय शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस् भनी खर्च कटौतीको प्रस्ताव पेस गर्नुभयो।

त्यसै गरी भौतिक पूर्वाधार तथा यातायात, महिला, बालबालिका तथा समाज कल्याण, युवा तथा खेलकुद, रक्षा र वन तथा भू-संरक्षण मन्त्रालयमने पनि खर्च कटौती गर्न प्रस्ताव पेस गरिएको थियो।

विनियोजन विधेयक, २०७४ माथि जारी छलफलमा भाग लिँदै सांसदहरूले विनियोजित बजेटमध्ये विकास बजेट ज्यादै कम खर्च भएको बताउनुभएको थियो। सरकारको नीति तथा कार्यक्रम र राजनीतिक दलका घोषणापत्रमा उल्लिखित विकास-निर्माणका आयोजना कार्यान्वयनमा शिथिलता आएको र सुकुम्बासी समस्या समाधानमा सरकार गम्भीर हुन नसकेको आरोप पनि सांसदहरूले लगाउनुभयो।

त्यस्तै, सांसदहरूले राजनीतिक पहुँचका आधारमा विकास निर्माणको बजेट बाँडिएको भन्दै आपत्ति जनाएका थिए। ठूला दलका ठूला नेता भएका जिल्लामा उल्लेख्य बजेट विनियोजन गरिएको भए पनि सामान्य नेता तथा सांसदका जिल्लालाई ध्यान नदिइएको आरोप उहाँहरूले लगाउनुभयो। पहुँच र प्रभावका आधारमा गरिएको बजेट विनियोजन समानुपातिक विकास र प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको सांसदहरूको भनाइ रहेको छ।

सांसद धनीराम पौडेलले भौतिक पूर्वाधारको क्षेत्रमा लामो समयदेखि चर्चा परिचर्चा भए पनि कार्यान्वयनको तहमा भने कुनै पनि काम हुन नसकेको र चालु आर्थिक वर्षमा मुग्लिन-नारायणगढ सडकखण्डको पारी निर्माण गर्ने भनिएको दुई लेनको सडकको सर्वेक्षणका लागि छुट्याइएको बजेट नै फ्रिज हुने अवस्थामा पुगेको बताउनुभएको थियो।

सांसद दीर्घराज भाटले वास्तविक सुकुम्बासीको पहिचान नै नभएको बताउँदै स्थानीय तहले सुकुम्बासी हो भनेर दिने प्रमाणपत्र नै गलत भएको आरोप लगाउनुभयो। उहाँले भूमिसुधार मन्त्रालय र त्यस मातहतको निकायले प्रमाणित गर्नुपर्ने र मुलुकभरको जग्गा जसको नाममा हो त्यसैको नाममा एकल रुपमा कायम गर्नुपर्ने बताउनुभयो।

प्रेस स्वतन्त्रता कार्यान्वयनका लागि सरकार गम्भीर : प्रधानमन्त्री

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री शेरबहादुर देउवाले प्रेस स्वतन्त्रता कार्यान्वयनका लागि सरकार गम्भीर भएको बताउनुभएको छ।

नेपाल पत्रकार महासंघका अध्यक्ष डा. महेन्द्र विष्टद्वारा लिखित 'नेपालमा प्रेस स्वतन्त्रता' नामक पुस्तकको काठमाडौंमा सार्वजनिकीकरण कार्यक्रममा प्रधानमन्त्री देउवाले हरेक परिवर्तनलाई संस्थागत गर्न प्रेसको भूमिका अतुलनीय रहेको भन्दै प्रेस स्वतन्त्रताको कार्यान्वयन गर्न सरकार गम्भीर भएको बताउनुभयो।

राष्ट्रिय एकतालाई बलियो बनाउन मिडियाको भूमिका महत्वपूर्ण रहेको भन्दै प्रेस स्वतन्त्रताबिना लोकतन्त्र कमजोर हुने बताउनुभयो। सत्यतथ्य समाचार लेखेर जनतालाई सुसुचित बनाउनु पत्रकारको धर्म रहेको भन्दै गलत समाचार प्रवाह गरी जनतामाथि अन्याय हुने धारणा राख्नुभयो।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले प्रेस निर्वाध र स्वतन्त्र भए मात्रै नागरिक अधिकारका विषयबाहिर आउने बताउनुभयो। थुप्रै पत्रकार समयकाल खण्डमा मारिए पनि घटनाको निष्पक्ष अनुसन्धान हुन आवश्यक रहेको बताउनुभयो। नेपालमा प्रेस स्वतन्त्रता नामक पुस्तकको समीक्षा गर्दै पी. खरेलले पत्रकारिताको अवस्था विश्लेषण गर्न र शोधकर्ताका लागि पुस्तक बहुउपयोगी हुने बताउनुभयो।

पुस्तकका लेखक डा. विष्टले परिवर्तनलाई अग्रस्थानमा पुऱ्याउन र उपलब्धीलाई रक्षा गर्न पत्रकारिताले खेलेको भूमिकालाई कसैले बिर्सन नहुने बताउनुभयो। पुस्तकमा नेपालमा पत्रकारिताको विकासक्रम, पत्रकारिता र प्रेस स्वतन्त्रताको आवश्यकता, प्रेस स्वतन्त्रताको वर्तमान अवस्थालगायतका विषय समेटिएका छन्।

महरा-राजदूतबीच भेट

काठमाडौं, (नेस)

खाडी मुलुकमा कार्यरत नेपाली श्रमिकले भोग्दै आएका समस्या र श्रम सुरक्षाबारे उप-प्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले खाडी मुलुकका राजदूतहरूसँग छलफल गर्नुभएको छ।

श्रमिकका समस्या पटक-पटक दोहोरिन नहुनेमा मन्त्री महराले राजदूतहरूको ध्यानाकर्षण गराउँदै भन्नुभयो- 'रोजगारका लागि तपाईंहरूको मुलुकमा रहेका नेपालीबारेको सुरक्षामा हाम्रो चासो हो।' बिहीबार नेपालका लागि साउदी अरेबियाका राजदूत हुसेन अल-हार्थी, इजिप्टका राजदूत बहेर नविल अब्देलफटाह हेल्मी र संयुक्त अरब इमिरेट्स (यूएई) का कार्यबाहक राजदूत हइटहम अल हमादीले मन्त्री महरासँग संयुक्त रूपमा भेटवार्ता गरेका थिए।

प्रतिउत्तरमा ती मुलुकका राजदूतहरूले नेपाली श्रमिकको श्रम सुरक्षा कमी कमजोरी हुन नदिने, नेपालीहरूको दैनिकीमा कुनै समस्या नआउने प्रतिवद्धता जनाएका परराष्ट्र मन्त्रालयले जनाएको छ। नेपालका लागि कतारका राजदूत अहमद जसिम महोम्मेद अली अल हमरले मन्त्री महरासँग भेटवार्ता गरेको एक सातापछि खाडी मुलुकका राजदूतहरू सामुहिक भेटवार्ताका लागि बिहीबार मन्त्रालय पुगेका हुन्।

खाडी मुलुकका राजदूतहरूको अहिलेको भेटवार्ता आफ्नो पक्षमा समर्थन जुटाउन केन्द्रित भएको परराष्ट्रका अधिकारीहरू बताउँछन्।

सामुहिक भेटवार्तामा ती मुलुकका राजदूतले कतारसँग गरिएको सम्बन्ध विच्छेदका बारेमा मन्त्री महरालाई अवगत गराएका थिए। प्रतिउत्तरमा मन्त्री महराले नेपाल कुनै पनि किसिमको आतङ्कवादको पक्षमा नरहेको प्रष्ट्याउँदै शान्तिपूर्ण वार्तामार्फत समस्या समाधान गर्न सुझाव दिनुभएको महराका प्रेस संयोजक हरि लामिछानेले जानकारी दिनुभयो।

यसैबीच परराष्ट्रमन्त्री महरासँग बिहीबार नेपालका लागि दक्षिण कोरियाली राजदूतले पार्क योङ सिकले पनि भेटवार्ता गर्नुभएको छ। उहाँहरूबीच कोरियामा रहेका नेपाली कामदारको अवस्थासँगै नेपालमा वर्षेनी बढिरहेका कोरियाली पर्यटकका बारेमा छलफल भएको बताइएको छ।

नवनिर्वाचित जनप्रतिनिधिलाई सपथ ग्रहरण

चन्द्रौटा(कपिलवस्तु), (नेस)

स्थानीय तहको दोस्रो चरणको निर्वाचनबाट शिवराज नगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूले सपथ ग्रहरण गरेका छन्।

निर्वाचन कार्यालय चन्द्रौटाले एक कार्यक्रमको आयोजना गरी नवनिर्वाचित प्रतिनिधिहरूलाई सपथ गराएको हो। निर्वाचन अधिकृत शेषकान्त पौडेलले प्रमुख, उपप्रमुख र वडाध्यक्षलाई सपथ खुवाउनुभएको हो।

यस्तै नवनिर्वाचित नगर प्रमुख नेत्रराज अधिकारीले नवनिर्वाचित सदस्यहरूलाई सपथ खुवाउनुभयो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकालले शिवराजलाई समृद्ध नगर बनाउन नवनिर्वाचित जनप्रतिनिधि सबैले हातेमालो गरी अगाडि बढ्न सुझाव दिनुभयो। स्थानीय विकास अधिकारी चन्द्रकान्त न्यौपानेले नवजनप्रतिनिधिहरूको कार्यसफलताको शुभकामना दिँदै आमनागरिकलाई महशुस हुने गरी काम गर्नुपर्ने तर्क राख्नुभयो।

कार्यक्रममा नवनिर्वाचित नगरप्रमुख नेत्रराज अधिकारीले यस नगरमा रहेका विकृति र विसंगतिलाई हटाउँदै समद्ध नगर बनाउन सबैसँग सहकार्य गरी अगाडि बढ्ने प्रतिवद्धता जाहेर गर्नुभयो।

यस्तै नवनिर्वाचित उपप्रमुख शिवकुमारी चौधरी (थारु)ले शिवराज नगरपालिकालाई एक समृद्ध र नमुना नगरका रुपमा विकास गर्न सामाजिक कुसंस्कारको अन्त्य गरी सामाजिक सद्भाव र भाइचाराको सम्बन्ध विस्तार गर्न आफैंबाट शुरुआत गर्नुपर्ने जोड दिनुभयो।

कार्यक्रमको अवसरमा प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद ढकालले नवनिर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरूलाई प्रमाणपत्र र दोसल्लाले सम्मान गर्नुभएको थियो।

धमाधम काम गर्दै स्थानीय तह

सल्यान, (नेस)

सल्यानका स्थानीय तहले धमाधम आफ्नो काम शुरू गरेका छन्। आ-आफ्नो स्थानीय तहको विकास र समृद्धिका लागि योजना बनाउनेदेखि लिएर बजेट निर्माणको काम शुरू गरेका छन्।

यस क्रममा कपुरकोट गाउँपालिकाले पनि आगामी असार २९ गते गाउँसभा सम्पन्न गर्ने निर्णय गर्दै विभिन्न समितिहरू बनाएको छ। २५ गतेसम्म गाउँ, टोल तथा वडा भेलाहरू सम्पन्न गरिसक्ने निर्णय गाउँ कार्यपालिकाको बैठकले गरेको अध्यक्ष भीमबहादुर सेनले जानकारी दिएका छन्। गाउँपालिकाका उपाध्यक्ष तिला बुढाको संयोजकत्वमा राजस्व परामर्श समिति गठन गरिएको छ भने अध्यक्ष सेनको संयोजकत्वमा ७ सदस्यीय स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरिएको कार्यकारी अधिकृत रेमन्त डाँगीले जानकारी दिए।

यस्तै बजेट तथा कार्यक्रम तर्जुमा समिति र विभिन्न विषयगत समितिहरू पनि गठन भएका छन्। जसमा सार्वजनिक सेवा तथा क्षमता विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपत् व्यवस्थापन समिति र विधेयक समितिहरू रहेका छन्। कपुरकोट गाउँपालिकामा आर्थिक वर्ष २०७४।०७५ का लागि २३ करोड ८१ लाख ५२ हजार रुपियाँ बजेट विनियोजन भएको छ।

राजधानीवासीलाई ...

बागमतीको पानी सो पाइपबाट सुन्दरीजलको प्रशोधन केन्द्रमा आएपछि ट्रिटमेन्ट भइसकेपछि सो पानीले उपत्यकामा हाल बिछ्याइरहेको पाइपको लिकेज हेर्ने, पाइप फ्लसिङ गर्ने, ट्रिटमेन्ट प्लान्टले अपेक्षाअनुसार काम गर्छ कि गर्दैन भनी परीक्षण गर्ने उद्देश्यसमेत रहेको छ। यति गरिसकेपछि पानी पूर्णरूपमा पिउन योग्य भएमा वितरण गर्ने आयोजनाको लक्ष्य छ।

दैनिक साढे ८ करोड लिटर पानी प्रशोधन गर्न सक्ने सुन्दरीजलको प्रशोधन केन्द्रमा बागमतीबाट भने दैनिक ५ देखि ६ करोड लिटर ल्याउने योजना आयोजनाको रहेको आयोजनाका उपकार्यकारी निर्देशक दुवाडीले बताउनुभयो।

उहाँका अनुसार बागमतीको पानी ल्याएर ट्रिटमेन्ट प्लान्ट, पाइपलाइन, ट्यांकीलाई परीक्षण मात्रै नभई पूर्णरूपमा सञ्चालन गर्ने योजनासमेत रहेको छ। बागमतीको पानी सुन्दरीजलमा आएपछि कम्तिमा २-३ महिनासम्म चलाउने योजना आयोजनाको छ।

तर मेलम्ची आयोजनाको उपआयोजना-२ ले गरिरहेको थोक वितरण र वितरण सञ्जालअन्तर्गतको पाइपलाइन बिछ्याउने कार्य अझै बाँकी छ। उपआयोजना २ ले ८५ प्रतिशतमात्रै पाइपलाइन बिछ्याएको छ।

उपआयोजना-२ ले थोक वितरण प्रणालीअन्तर्गत ६० किमि पाइपलाइन विस्तार गर्नुपर्नेमा हाल ५६ किमिको हारहारीमा पाइपलाइन बिछ्याइसकेको छ भने ६ सय ७० किमि बितरण सञ्जाल सुधारअन्तर्गत ५ सय ६५ किमिको हाराहारीमा पाइपलाइन बिछ्याउने काम सम्पन्न गरेको छ।

त्यस्तै पानी वितरणका लागि ९ वटा ट्यांकीहरू बनाउनुपर्नेमा महांकाल, बाँसबारी पानीपोखरी, बालाजु, र खुमल्टारको गरी पाँच वटा ट्यांकीको निर्माण पुरा गरेको छ भने टिगन, कीर्तिपुर र आरुबारीका खानेपानी ट्यांकी निर्माणाधीन छ। यसको भौतिक प्रगति ६० प्रतिशत भएको उपआयोजना-२ ले जनाएको छ।

त्यस्तै कटुन्जेको पानी ट्यांकी भने बल्ल निर्माण शुरू भएको छ।

भव्यरूपमा...

भद्रकाली, जीवनकुञ्ज, शिक्षण अस्पताललगायत विभिन्न स्थानबाट जुलुससहित शुभकामना दिन निर्मल निवास आउने कार्यक्रम रहेको छ। महासंघले हनुमानढोकास्थित मखन महादेव मन्दिरबाट राष्ट्रिय झण्डासहित पूर्वराजालाई शुभकामना दिन निर्मल निवास जाने कार्यक्रम तय गरेको छ।

हनुमानढोकाबाट राष्ट्रिय पोशाकसहित झण्डा बोकेका युवा समूहले पूर्वराजालाई झण्डा उपहार दिने कार्यक्रम तय गरिएको महासंघका अध्यक्ष महर्जनले जानकारी दिनुभयो।

जन्मदिनको शुभकामना दिन भैरहवा, बारा, पर्सा, रौतहट, सुनसरी, झापालगायत विभिन्न जिल्लाबाट राजावादीहरू निर्मल निवास आउने कार्यक्रम रहेको छ।

उता पूर्वराजाले आफू ७० वर्ष पूरा भएको अवसरमा दुई स्थानमा भोज दिनुहुने कार्यक्रम रहेको छ। स्रोतका अनुसार शनिबार वा आइतबारमध्ये एक दिन अन्नपूर्ण होटल र ३० गते निर्मल निवासमा आफन्त र परिवारलाई मात्रै रात्रीभोज दिने कार्यक्रम रहेको छ।

अन्नपूर्णमा आफू निकटका साथीभाइ समावेश हुने कार्यक्रम तय भएको छ भने ३० गते निर्मल निवासमा आफ्ना परिवारलाई भोजको आयोजना गरिने बताइएको छ।

भारतमा...

उक्त घटनामा परी २ नेपाली घाइतेसमेत भएका छन्। मृत्यु हुनेमा जिल्लाको दुँहु गाउँपालिकाका हिरादेवी बम, उनका छोरा ओमकार बम र छोरी प्रियंका बम रहेको प्रहरीले जानकारी दिएको छ।

घाइते नेपालीको धारचुलास्थित अस्पतालमा उपचार भइरहेको छ। भारतीय बाटो हुँदै दार्चुला सदरमुकाम खलङ्गा फर्किंदै गरेका नेपाली पहिरोमा परेको प्रहरीले जनाएको छ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction,
Division Office Kavre

Invitation for Sealed Bids (IFB)

IFB No: 01/073/74

First Date of Publication: 2074/03/23 BS

1. **Government of Nepal** has allocated funds towards the cost of construction of the works of following Buildings and intends to apply part of the funds to cover eligible payments under the contract for the following works.

SN	Contract No. /Bid No	Description of Works	Specific Nature of Similar Work Experience	Annual Average Turnover (NRs)	Bid Security Amount (NRs.)	Estimate Amount (Excluding VAT)	Bid Document Price (Nrs)	Remarks
1	DUDBC/ Kavre/NCB Works/ E-Bid/01/ 073/74	Construction of Jestha Nagarik Awas Bhavan, Dhulikhel-12 ,Shankhu patichaour (RCC Frame Structure)	i. At least one Building contract with value of Nrs 5,50,00,000.00 (55 million) and ii. PCC for RCC (1:1.5:3): - 450 Cum iii. Stone Masonry:- 700 Cum	Nrs 37 Million	Nrs 17,00,000.00	-	Nrs 5,000.00	Single Stage-Two Envelope

Last date & time of; **i. Bid purchase:** 2074/4/22 BS 17.00 hrs.
ii. Bid submission: 2074/4/23 BS , 12.00 hrs.
iii. Bid opening: 2074/4/23 BS, 13.00 hrs.

2. **Department of Urban Development and Building Construction (DUDBC) Division Office Kavre** invites sealed bids or electronic bids from eligible bidders for the construction of **aforementioned works** under National Competitive Bidding **Single Stage - Two Envelope** Bidding procedures for works and is open to all Nepalese Bidders. Under the Single-Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two sealed envelopes, (i) One sealed envelope containing the technical Bid and labeled " **Technical Proposal**" and, (ii) The other sealed envelope containing Price Bid only and labeled as "Price Bid". Both in turn enclosed in one sealed envelope as per the provision included in ITB 21 of Bid Document. The **"Letter of Technical Bid"** submitted with Technical Bid, and the "Letter of Price Bid" submitted with Price Bid in separately sealed envelopes must be signed by authorized signatory, failure to which may be the ground for declaring the bid non-responsive.
3. Some of the qualification criteria are mentioned in above table, though the details are mentioned in the bidding document. Only the eligible bidders with key qualifications as mentioned in the above table and Bid Document should participate in this bidding.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of DUDBC Division Office Kavre or may visit DUDBC web portal *www.edudbc.gov.np.*
5. A complete set of Bidding Documents may be purchased from the office DUDBC Division Office Kavre by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of as mentioned above till **2074/04/22 BS, Time 17.00 hrs**. If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional cost. However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.
Or
Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from DUDBC's web portal www.edudbc.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (PDF format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank, Dhulikhel Branch, Nepal
Name of Office: Department of Urban Development and Building Construction, Division Office Kavre,
Office Code no.: 30/ 347/ 01 Office account number.: Ka 1-1-001, Bank Code Number : 11002-054, Rajaswa (revenue) Shirshak no.: 14227
6. Pre-bid meeting shall be held at DUDBC Division Office Kavre at **2074/4/10 B.S.**
7. Sealed or Electronic bids must be submitted to the office DUDBC Division Office kavre hand/courier or through DUDBC web portal **www.edudbc.gov.np** on DUDBC Division Office kavre before **12:00 on 2074/4/23** . Bids received after this deadline will be rejected.
8. The Bids (only Technical Bids in case of single stage two envelope procedure) will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on 2074/4/23 B.S.** at the DUDBC Division Office kavre. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in case of e-bid, amounting to a minimum of **as specified above** which shall be valid for 120 after the last date of Bid submission (i.e. 2074/08/19 BS).
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bidders may withdraw or modify its bids by sending a written notice in a sealed envelope, duly signed by an authorized representative, and shall include a copy of the authorization in accordance with ITB 20.2 before 24 hours prior to the deadline of submission of bids.
11. Bidder may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-bidding system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
12. Any corrections needed shall be published on notice board of DUDBC, Division office kavre and DUDBC's web portal www.edudbc.gov.np
13. Bidders who choose to submit the Bid by e-bidding system must submit the original copies (hard copy) of mandatory documents to the DUDBC kavre within seven days of last date and time of Bid submission. None submission of those documents within that time shall be considered as non-responsive and may cause forfeiture of Bid Security.
14. After the completion of evaluation of Technical Bids (For Bids under Single stage two envelope procedure), substantially responsive evaluated bidders will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
15. Other mandatory information as per Public Procurement Act 2063 (PPA) and Public Procurement Regulation 2064 (Amended).
16. Employer Name: **Department of Urban Development and Building Construction Division Office kavre**
Location: Dhulikhel Municipality-28 kilo, kavre District, Phone: 011 662842, E-mail: dudbckavre@gmail.com

Division Chief

अर्थ

2017, JULY
Friday
7

हाम्रो बजार भनेको काठमाडौं उपत्यकालगायत बागमती अञ्चलका जिल्ला नै हुन्। त्यसलगायत नारायणघाट र पोखरा लगायतका पृथ्वी राजमार्गका मुख्य क्षेत्र पनि हाम्रो बजारका क्षेत्र रहेका छन्।

हामीले उदाहरणीय तथा चुनौतिपूर्ण स्किम ल्याएका छौं

नेपाली सिमेन्ट उद्योगले पछिल्लो समय अधिकांश आन्तरिक माग धान्न थालेको छ। भूकम्पपछि पुनर्निर्माण र नवनिर्माणका कारण अहिले बजारमा सिमेन्टको माग पनि उच्च छ।तर, वर्षायामको बेला अहिले औसतभन्दा सिमेन्टको माग केही कमी हुने गरेको छ। आफ्नै चुनढुंगाबाट क्लिंकर उत्पादन गरी उच्चतम गुणस्तरको सिमेन्ट उत्पादन गर्ने युनाइटेड सिमेन्टस्मा अहिले सुवास खतिवडा ब्रान्ड एन्ड प्रोमोसन हेडका रुपमा कार्यरत हुनुहन्छ। प्रस्तुत छ युनाइटेड सिमेन्ट र समग्र नेपाली सिमेन्ट उद्योगका बारेमा केन्द्रित रही नेपाल समाचारपत्रका लागि हेमन्त जोशीले उहाँसँग गरेको कुराकानी।

सुवास खतिवडा
ब्रान्ड एन्ड प्रोमोसन हेड
युनाइटेड सिमेन्ट प्रालि

युनाइटेड सिमेन्टस्का बारेमा छोटकरीमा बताई दिनुहोस् न ?

युनाइटेड सिमेन्टस् केएल दुगड ग्रुपको उत्पादन हो। युनाइटेड सिमेन्टस्को आफ्नै चुनढुंगा खानी छ। यस कम्पनीको इन्ट्रिग्रेटेड युनिटले त्यहाँबाट कच्चा पदार्थको उत्खनन् गरी क्लिंकर उत्पादन गर्ने काम गर्छ। कम्पनीको आफ्नै चुनढुंगा खानी भएको र आफैंले क्लिंकर उत्पादन गर्ने भएकाले यसको काम एकीकृत काम हो। ललितपुरको लेलेबाट चुनढुंगा उत्खनन् गर्ने युनाइटेड सिमेन्टस्को उद्योग भने धादिङको नौबिसेमा स्थापित छ। हाम्रो आफ्नै चुनढुंगा खानी भएको कारणले क्लिंकरको ग्रेडमा एकरूपता छ र सोही ग्रेडअनुसार नै सिमेन्टको उत्कृष्ट गुणस्तर निर्धारण हुन्छ। सिमेन्टको गुणस्तर क्लिंकरको गुणस्तरमा भर पर्छ भने क्लिंकरको गुणस्तर चुनढुंगामा भर पर्छ। आफ्नै चुनढुंगा खानी भएको कारणले हामीसँग स्रोतमै गुणस्तर नियन्त्र संयन्त्र अपनाएका छौं। यसले गर्दा उत्पादित सिमेन्टको गुणस्तर पनि राम्रो हुन्छ। अधिकांश कम्पनीले क्लिंकरलाई ग्राइन्डिङ गरेर मात्रै बजारमा पठाउने काम गर्ने अवस्थामा हामी उनीहरूको तुलनामा भिन्न छौं।

आयातित क्लिंकर र स्वदेशीको चुनढुंगाबाट उत्पादित क्लिंकरको गुणस्तरमा कतिको फरक छ ?

फरक त पक्कै पनि छ। क्लिंकर भनेको सेमी फिनिस्ड उत्पादन हो। यसलाई पनि मोइस्चरलगायत सबै कुराबाट बचाउनुपर्ने हुन्छ। क्लिंकर आयातको क्रममा पनि विभिन्न कुराले असर पारेको हुन्छ। आयात गर्दा विदेशबाट ल्याइएको क्लिंकर पनि एउटै फ्याक्ट्रीमा उत्पादन भएको क्लिंकर हुँदैन। विभिन्न ठाँउबाट ल्याइएको चुनढुंगा र विभिन्न फ्याक्ट्रीबाट उत्पादित क्लिंकरमा एकरूपता नहुने हुँदा गुणस्तरमा पनि केही फरक पर्दछ। कहिलकाहीँ के पनि हुन्छ भने केही मात्राको क्लिंकर उच्च गुणस्तरको र केही क्लिंकर न्यून गुणस्तरको एकै ठाँउमा पर्ने हुँदा उत्पादनमा एकरूपता नै हुँदैन। हाम्रोमा के हुन्छ भने एउटै खानीको चुनढुंगा भएको कारणले क्लिंकरको गुणस्तरमा पनि एकरूपता छ।

सिमेन्ट उद्योगको बजारको अवस्था कस्तो छ ?

सिमेन्ट बजारमा एकदमै माग भएको औद्योगिक उत्पादन हो। यसका विभिन्न कारण छन्। तीमध्ये भुँइचालो एक हो। भुँइचालो पछि विभिन्न संरचनाको पुनर्निर्माणमाका काम भइरहेकोले सिमेन्टको माग बढेको छ। त्यस्तै नेपाल अझै पनि विकासशील अवस्थामा रहेकोले यहाँ संरचनाको निर्माण द्रुतगतिमा चलेका छन्। यीनै कारणले कारणले पनि सिमेन्टको बजार माग उच्च देखिएको हो। सिमेन्ट माग उच्च रहे पनि आपूर्तिमा भने हामीले धान्न सकेका छैनौँ। युनाइटेड सिमेन्टस्को दैनिक उत्पादन क्षमता २१ हजार बोरा भए पनि हामी औसतरूपमा १९ देखि २० हजार बोरा सिमेन्ट दैनिक उत्पादन गरेर बजारमा पठाइरहेका छौं।

युनाइटेड सिमेन्टको लक्षित बजार कुन क्षेत्र हो ?

काठमाडौं नजिक फ्याक्ट्री भएको कारणले नजिकको बजार नै हाम्रो प्राथमिकतामा छ। किनभने टाढाको बजारमा उत्पादन पुर्‍याउन यातायात लागत खर्च बढ्ने भएकाले केही महँगो पर्न जान्छ। त्यस अर्थमा हाम्रो बजार भनेको काठमाडौं उपत्यकालगायत बागमती अञ्चलका जिल्ला नै हुन्। त्यसलगायत नारायणघाट र पोखरा लगायतका पृथ्वी राजमार्गका मुख्य क्षेत्र पनि हाम्रो बजारका क्षेत्र रहेका छन्।

उत्पादन क्षमता र बजार बिस्तारबारे तपाईहरूको के कस्ता योजना रहेका छन् ?

तुरुन्तै उत्पादन क्षमता बढाउने हाम्रो कुनै योजना छैन। बजार माग धान्न दीर्घकालीन रूपमा त बढाउनैपर्ने हुन्छ। हामीले अहिले पूर्ण क्षमतामा नै उत्पादन गरिरहेका छौं। यसको अर्थ हाम्रो बजार पनि राम्रै छ। अब हामीले बजार माग नै धान्न नसक्ने अवस्थामा आइपुगे उत्पादन क्षमता बढाउँदै लग्ने छौं।

वर्षा शुरू भईसकेपछि संरचना निर्माणमा पनि कमी आउने र बजारको माग घट्ने गर्छ। अहिले बजार मागको अवस्था चाहीँ कस्तो छ ?

पक्कै पनि सिजनले बजार मागमा असर गरेको हुन्छ। सामान्यतया ओपीसी सिमेन्टमा पिलर, बिम, ढलान निर्माणमा बढी प्रयोग हुने कारणले असर त गर्छ नै। माघदेखि जेठसम्म संरचना निर्माणका लागि अनुकुल समय मानिने र असार लागिसकेपछि कम हुँदै जान्छ। तर, अहिले अफ सिजन लागे तापनि हामीले पूर्ण क्षमतामै उत्पादन र बिक्री वितरण गरिरहेका छौं। उत्पादित वस्तु सबै बजारमा गई नै रहको छ। सिजनको बेला बजार माग एकदमै बढी हुन्छ जुन हामीले पूर्ति गर्न पनि सकिरहेका हुँदैनौं तर अहिले माग र उत्पादन सन्तुलित नै छ। ओपीसी सिमेन्टमा क्लिंकरको मात्रा बढी प्रयोग हुने हुनाले महँगो पनि पर्न जान्छ।

त्यसमा पनि ओपीसी र पीपीसी सिमेन्टमा सिजनले अलिकति फरक पार्छ। सामान्य मानिसको बुझाईमा पिलर, बिम, ढलानमा ओपीसी र फ्लोरिङ र प्लास्टर जस्ता काममा पीपीसी सिमेन्ट प्रयोग गरिन्छ।

युनाइटेड सिमेन्टस्ले बजार प्रवर्द्धनमा लागि नयाँ स्किम ल्याएको सुनिन्छ। कस्तो स्किम हो त्यो ?

अहिले हामीले ग्राहकलाई हरेक १५ बोरा युनाइटेड सिमेन्टस्को खरिदमा १ बोरा सिमेन्ट सित्तैमा दिइरहेका छौं। सिमेन्टको बजारमा यो स्किम धेरै ठूलो हो। यसले करोडौंमा असर गर्छ। त्यसै पनि सिमेन्ट कम्पनीले उत्पादन लागत र बजार मूल्यमा ठूलो मार्जिन राखेको हुँदैन। भोल्युममा बिक्री हुने भएका कारणले र मार्जिक कम हुने कारणले यो पन्ध्रमा एक भनेको आफैंमा उदाहरणीय तथा चुनौतिपूर्ण स्किम हो।

तर यस्ता स्किम बजार प्रवर्द्धनसँगै स्टक क्लियरेन्सका लागि पनि ल्याइन्छ भन्ने गरिन्छ नि ?

यो उत्पादनमा भर पर्छ। सिमेन्ट उत्पादनको क्षेत्रमा स्टक कम हुन्छ। हाम्रो भण्डारण कक्षमा ३/४ दिनका लागि मात्र भण्डारण रहन्छ। यस अर्थमा पनि हाम्रो स्किम स्कट क्लियरेन्सका लागि होइन बजार प्रवर्द्धन र विस्तार गर्ने उद्देश्यले ल्याइएको हो। प्रवर्द्धनसँगै ग्राहकले केही राहत पनि पाएका छन्। युनाइटेड सिमेन्टस्को उत्पादन शुरू भएको १ वर्षजति भएको छ र बजारमा नयाँ पनि हौं। तर पनि सेल्स भोल्युम हेर्दा हामी बजारमा प्रतिस्पर्धी नै मानिन्छौं।

भूकम्पपछि संरचना निर्माणमा अझै पनि ग्रामीण भेगमा न्यून आर्थिक अवस्था भएका र ठूलो मात्रामा सिमेन्ट खरिद गर्न नसक्ने अवस्थामा युनाइटेड सिमेन्टस्ले ग्रामीण क्षेत्रका बासिन्दालाई कसरी समेट्छ ?

हाम्रो लक्षित बजार भनेकै बाग्मती अञ्चलका प्रायः सबै जिल्ला हुन्। तसर्थ, हाम्रो सिमेन्ट जाने बजार भनेकै भूकम्पले प्रभावित जिल्ला हुन्। हाम्रो अरू स्किममा सामान्यतया ढलान कार्यका लागि लाग्ने परिणामको सिमेन्ट खरिदमा ५ देखि ६ बोरा सिमेन्ट ग्राहकले सित्तैमा पाउँछन्।

उत्पादनकै चरणमा आईपर्ने समस्या र उत्पादित सिमेन्टले बजार नपाउने समस्या छ कि छैन ?

उत्पादनको चरणमा हाम्रो मुख्य समस्या भनेको विद्युत् आपूर्तिमा देखिने समस्या हो। अहिले त्यो पनि बिस्तारै हट्दै गएका कारण त्यस्तो समस्या अहिले कम छ। उत्पादनपछि बजार नपाउने भन्ने समस्याहरू त्यति साह्रो छैनन्। वर्षाको समयमा केही समस्या देखिन्छ। वर्षामा सबैभन्दा ठूलो समस्या भनेको सडकको समस्या हो र यसकारण हाम्रो ढुवानी भाडा बढी पर्न जान्छ। यस्तो अवस्थामा सवारी साधन बाटोमा अड्किँदा उत्पादित वस्तु समयमा बजारमा नपुग्ने समस्या पनि छ।

अन्त्यमा सुरक्षित आवासीय भवन निर्माणका लागि उपयुक्त विधिका बारेमा बताइदिनुहोस् न।

हामीसँग जग बलियो भए घर बलियो हुन्छ भन्ने उखान नै छ । जग निर्माणमा हामीले जग एउटै सतहमा तथा जमिनभन्दा कम्तीमा ५ फिट गहिराईमा राखिएको हुनुपर्दछ। घरको पिलर र बिममा कम्तिमा १२ एमएमको छड र रिङको लागि ८ एमएमको छड प्रयोग गर्नुपर्दछ। डीपीसी लेभलमा जस्तै बिम, जगमा पनि सबै पिलरमा जोडिने गरी राख्नुपर्दछ।

डीपीसी लेभल पुरानो जमिनको सतहभन्दा कम्तिमा डेढ फिट माथि हुनपर्छ र घरको सम्पूर्ण पिलरलाई यो लेभलमा आरसीसी ढलानको टाई बिमले जोड्नु पर्छ। बिमका सम्पूर्ण छड पिलरभित्रबाट जानुपर्छ भने छड पिलरभित्र एल आकारमा राख्नुपर्दछ। ढलान गर्दा बिम र स्ल्याब सँगै ढलान गर्नुपर्दछ र ढलान जतिसक्दो खाँदेर बनाउनुपर्छ। ढलान गरिसकेको २४ घण्टापछि कम्तिमा पनि १४ दिनसम्म पानीले भिजाउनुपर्दछ। ढलान मसला बनाउँदा १ भाग सिमेन्टमा १ दशमलव ५ भाग बालुवा र ३ भाग गिट्टी मिसाउनु पर्छ। सामान्यतया १ बोरा सिमेन्टका लागि २० देखि २५ लिटर पानी चाहिन्छ। पानिको मात्रा बालुवाको चिसोपनमा भरपर्ने भएकोले काम गर्न सकिने र नबग्ने गरी ढलान मसला बनाउनुपर्छ।

SHARE MARKET

6 JULY THURSDAY, 2017

S.No.	Traded Companies	Total Share	Max. Price	Min. Price	CP Price	Diff Rs.
1	Agriculture Development Bank Limited	18660.00	437.00	425.00	437.00	12.00
2	Api Power Company Ltd.	965.00	560.00	547.00	555.00	5.00
3	Arun Kabeli Power Ltd.	1898.00	425.00	409.00	425.00	8.00
4	Arun Valley Hydropower Dev. Co. Ltd.	5233.00	290.00	268.00	290.00	20.00
5	Asian Life Insurance Co. Limited	8837.00	1484.00	1445.00	1484.00	29.00
6	Bank of Kathmandu Ltd.	27679.00	463.00	452.00	463.00	13.00
7	Barun Hydropower Co. Ltd.	80.00	265.00	253.00	265.00	10.00
8	Bhargav Bikash Bank Ltd.	920.00	302.00	292.00	295.00	8.00
9	Bottlers Nepal (Terai) Limited	90.00	6300.00	6300.00	6300.00	100.00
10	Butwal Power Company Limited	1590.00	632.00	620.00	630.00	15.00
11	Central Finance Co. Ltd.	9377.00	175.00	166.00	172.00	0.00
12	Century Commercial Bank Ltd.	31529.00	375.00	368.00	373.00	8.00
13	Chhimek Laghubitta Bikas Bank Limited	6076.00	1579.00	1518.00	1560.00	30.00
14	Chilime Hydropower Company Limited	4280.00	826.00	806.00	810.00	0.00
15	Citizen Bank International Limited	27926.00	391.00	380.00	390.00	7.00
16	Citizen Investment Trust	20.00	4075.00	4065.00	4065.00	25.00
17	Civil Bank Ltd	45859.00	247.00	235.00	246.00	6.00
18	Civil Laghubitta Bittiya Sanstha Ltd.	859.00	1393.00	1320.00	1349.00	9.00
19	Deprosc Development Bank Limited	5607.00	1312.00	1290.00	1310.00	33.00
20	Deva Bikas Bank Limited	4242.00	270.00	260.00	264.00	-1.00
21	Dibyashwori Hydropower Ltd.	300.00	210.00	206.00	206.00	-5.00
22	Everest Bank Limited	8990.00	1366.00	1350.00	1355.00	5.00
23	Everest Insurance Co. Ltd.	2309.00	2350.00	2291.00	2349.00	74.00
24	Excel Development Bank Ltd.	424.00	631.00	618.00	631.00	24.00
25	First Micro Finance Dev. Bank Ltd.	10875.00	1030.00	995.00	1020.00	22.00
26	Garima Bikas Bank Limited	15477.00	302.00	292.00	300.00	6.00
27	Global IME Bank Limited	10874.00	390.00	385.00	388.00	6.00
28	Global IME Samunnat Scheme-1	4400.00	9.50	9.45	9.50	-0.10
29	Goodwill Finance Co. Ltd.	1442.00	210.00	200.00	200.00	-8.00
30	Green Development Bank Ltd.	130.00	630.00	610.00	630.00	19.00
31	Guheshowori Mer. Bank & Fin. Co. Ltd.	230.00	269.00	262.00	265.00	1.00
32	Gurans Life Insurance Company Ltd.	5479.00	1030.00	990.00	1025.00	36.00
33	Guras Life Insurance Co. Ltd. Pro. Share	112.00	517.00	517.00	517.00	-10.00
34	Gurkhas Finance Ltd.	3070.00	185.00	182.00	185.00	3.00
35	Hamro Bikas Bank Ltd.	1255.00	240.00	230.00	237.00	10.00
36	Himalayan Bank Limited	3027.00	900.00	880.00	900.00	12.00
37	Himalayan Distillery Limited	370.00	750.00	745.00	750.00	19.00
38	Himalayan General Insurance Co. Ltd	9283.00	749.00	736.00	745.00	10.00
39	ICFC Finance Limited	4724.00	288.00	275.00	284.00	9.00
40	Jalabidyut Lagani tatha Bikas Co. Ltd.	24434.00	199.00	190.00	199.00	6.00
41	Janaki Finance Ltd.	508.00	252.00	242.00	252.00	8.00
42	Janata Bank Nepal Ltd.	18576.00	273.00	263.00	272.00	8.00
43	Janautthan Sam. Lag. Bikas Bank Ltd.	400.00	3119.00	3050.00	3119.00	59.00
44	Jebils Finance Ltd.	1714.00	252.00	243.00	243.00	-8.00
45	Jyoti Bikas Bank Limited	1921.00	214.00	204.00	213.00	10.00
46	Kabeli Bikas Bank Limited	72.00	540.00	535.00	540.00	10.00
47	Kailash Bikas Bank Ltd.	3118.00	332.00	324.00	330.00	10.00
48	Kalika Microcredit Dev. Bank Ltd.	1119.00	1735.00	1710.00	1735.00	10.00
49	Kanchan Development Bank Limited	10.00	292.00	292.00	292.00	5.00
50	Karnali Development Bank Limited	170.00	290.00	285.00	290.00	0.00
51	Khanikhola Hydropower Co. Ltd.	66.00	206.00	203.00	205.00	0.00
52	Kisan Microfinance Bittiya Sanstha Ltd.	368.00	2839.00	2761.00	2839.00	109.00
53	Kumari Bank Limited	62381.00	328.00	309.00	326.00	16.00
54	Laxmi Bank Limited	27413.00	404.00	383.00	390.00	3.00
55	Laxmi Laghubitta Bittiya Sanstha Ltd.	2667.00	1938.00	1880.00	1910.00	10.00
56	Laxmi Value Fund-1	55000.00	12.65	12.55	12.65	-0.05
57	Life Insurance Co. Nepal	2036.00	2100.00	2038.00	2100.00	100.00
58	Lumbini General Insurance Co. Ltd.	4714.00	954.00	934.00	952.00	27.00
59	Machhapuchhre Bank Limited	11915.00	358.00	348.00	355.00	9.00
60	Mahila Sahayatra Mic.Bittiya Sanstha Ltd.	495.00	1254.00	1206.00	1254.00	48.00
61	Manjushree Finance Ltd.	1996.00	163.00	160.00	163.00	3.00
62	Mero Microfinance Bittiya Sanstha Ltd.	859.00	2350.00	2280.00	2325.00	45.00
63	Mirmire Microfinance Dev. Bank Ltd.	165.00	2255.00	2150.00	2255.00	105.00
64	Miteri Development Bank Limited	1266.00	519.00	513.00	519.00	6.00
65	Mithila LaghuBitta Bikas Bank Ltd.	276.00	1400.00	1350.00	1360.00	8.00
66	Muktinath Bikas Bank Ltd.	9129.00	955.00	930.00	954.00	29.00
67	Nabil Balance Fund 1	73263.00	19.60	19.25	19.60	0.35
68	Nabil Bank Limited	3154.00	1500.00	1475.00	1500.00	25.00
69	NABIL Bank Limited Promotor Share	12499.00	1120.00	1095.00	1119.00	17.00
70	Nabil Equity Fund	18466.00	10.00	9.51	10.00	0.30
71	NagBeli LaghuBitta Bikas Bank Ltd.	144.00	3264.00	3180.00	3264.00	64.00
72	National Life Insurance Co. Ltd.	2219.00	2329.00	2240.00	2329.00	104.00
73	National Microfinance Bittiya Sanstha Ltd.	10.00	1453.00	1453.00	1453.00	28.00
74	Naya Nepal Laghubitta Bikas Bank Ltd.	360.00	2340.00	2300.00	2300.00	5.00
75	NB Insurance Co. Ltd.	716.00	1013.00	961.00	1013.00	38.00
76	Neco Insurance Co. Ltd.	7197.00	999.00	973.00	994.00	32.00
77	Nepal Bangladesh Bank Limited	10653.00	413.00	400.00	411.00	14.00
78	Nepal Bank Limited	65711.00	355.00	341.00	349.00	8.00
79	Nepal Community Dev. Bank Ltd.	7539.00	308.00	285.00	295.00	15.00
80	Nepal Credit And Com. Bank Limited	85588.00	404.00	380.00	401.00	16.00
81	Nepal Doorsanchar Comapany Limited	3960.00	664.00	661.00	664.00	1.00
82	Nepal Grameen Bikas Bank Ltd.	280.00	782.00	774.00	782.00	12.00
83	Nepal Insurance Co. Ltd.	5530.00	1435.00	1396.00	1420.00	28.00
84	Nepal Investment Bank Limited	20816.00	759.00	745.00	757.00	10.00
85	Nepal Investment Bank Ltd. Pro. Share	7892.00	649.00	636.00	649.00	7.00
86	Nepal Life Insurance Co. Ltd.	26116.00	2180.00	2049.00	2170.00	121.00
87	Nepal SBI Bank Limited	5027.00	925.00	915.00	924.00	10.00
88	Nerude Laghubita Bikas Bank Limited	49444.00	1300.00	1245.00	1300.00	37.00
89	Ngadi Group Power Ltd.	662.00	268.00	258.00	263.00	0.00
90	NIBL Pragati Fund	3030.00	9.55	9.41	9.55	-0.05
91	NIBL Samriddhi Fund 1	1056447.00	11.73	11.40	11.63	0.13
92	NIC Asia Bank Ltd.	7012.00	442.00	434.00	441.00	6.00
93	Nirdhan Utthan Bank Limited	9147.00	2050.00	1945.00	2045.00	115.00
94	NLG Insurance Company Ltd.	2330.00	1519.00	1470.00	1519.00	54.00
95	NMB Microfinance Bittiya Sanstha Ltd.	1453.00	2790.00	2700.00	2740.00	40.00
96	NMB Bank Limited	15255.00	549.00	538.00	543.00	11.00
97	NMB Hybrid Fund L-1	12147.00	9.61	9.49	9.61	0.12
98	NMB Sulav Investment Fund-1	301600.00	12.90	12.65	12.84	0.19
99	Oriental Hotels Limited	839.00	673.00	652.00	673.00	23.00
100	Pokhara Finance Ltd.	1195.00	253.00	248.00	253.00	8.00
101	Prabhu Bank Limited	28988.00	405.00	399.00	402.00	2.00
102	Prabhu Insurance Ltd.	4698.00	1033.00	1014.00	1033.00	38.00
103	Premier Insurance Co. Ltd.	2887.00	1690.00	1626.00	1690.00	31.00
104	Prime Commercial Bank Ltd.	17429.00	425.00	402.00	424.00	14.00
105	Prime Life Insurance Company Limited	3107.00	2595.00	2545.00	2575.00	45.00
106	ProgressiveFinance Limited	2654.00	231.00	212.00	212.00	-19.00
107	Prudential Insurance Co. Ltd.	1907.00	1445.00	1383.00	1445.00	60.00
108	Purnima Bikas Bank Ltd.	333.00	309.00	303.00	309.00	11.00
109	Rastriya Beema Company Limited	340.00	13265.00	12500.00	13265.00	265.00
110	Rastriya Beema Co. Limited Pro. Share	110.00	11536.00	11200.00	11536.00	536.00
111	Reliable Microfinance Bittiya Sanstha Ltd.	402.00	1940.00	1833.00	1940.00	107.00
112	Reliance Finance Ltd.	348.00	214.00	204.00	214.00	8.00
113	Ridi Hydropower Dev. Company Ltd.	3162.00	200.00	193.00	199.00	-2.00
114	RSDC Laghubitta Bittiya Sanstha Ltd.	1798.00	3030.00	2970.00	3025.00	6.00
115	Rural Microfinance Dev. Centre Ltd.	2994.00	825.00	790.00	813.00	-8.00
116	Sagarmatha Insurance Co. Ltd.	4352.00	1479.00	1410.00	1479.00	72.00
117	Sahayogi Bikas Bank Limited	1570.00	352.00	335.00	352.00	12.00
118	Sana Kisan Bikas Bank Ltd	4732.00	1550.00	1505.00	1544.00	24.00
119	Sanima Bank Limited	105972.00	428.00	418.00	427.00	11.00
120	Sanima Mai Hydropower Ltd.	1784.00	1160.00	1136.00	1150.00	10.00
121	Saptakoshi Development Bank Ltd.	1516.00	204.00	197.00	197.00	-3.00
122	Shangrila Development Bank Ltd.	7324.00	394.00	374.00	394.00	15.00
123	Shikhar Insurance Co. Ltd.	7527.00	1955.00	1902.00	1945.00	65.00
124	Shine Resunga Development Bank Ltd.	1113.00	430.00	408.00	430.00	22.00
125	Shree Investment Finance Co. Ltd.	2649.00	389.00	370.00	389.00	14.00
126	Shrijana Finance (Bittaya Sanstha)	120.00	425.00	425.00	425.00	8.00
127	Siddhartha Bank Limited	23229.00	475.00	465.00	470.00	8.00
128	Siddhartha Equity Orineted Scheme	691774.00	11.90	11.70	11.70	-0.11
129	Siddhartha Insurance Ltd.	3660.00	1495.00	1450.00	1495.00	36.00
130	Siddhartha Inv.Growth Scheme-1	162500.00	23.00	22.70	22.80	-0.20
131	Sindhu Bikash Bank Ltd	4723.00	384.00	357.00	364.00	14.00
132	Soaltee Hotel Limited	15947.00	370.00	358.00	370.00	9.00
133	Standard Chartered Bank Limited	10955.00	2312.00	2270.00	2309.00	28.00
134	Summit Micro Finance Dev. Bank Ltd.	55.00	3000.00	3000.00	3000.00	15.00
135	Sunrise Bank Limited	13761.00	395.00	385.00	390.00	10.00
136	Surya Life Insurance Company Limited	9951.00	1045.00	1000.00	1044.00	55.00
137	Swabalamban Bikas Bank Limited	1735.00	1861.00	1800.00	1859.00	59.00
138	Swarojgar Laghu Bitta Bikas Bank Ltd.	2751.00	1750.00	1678.00	1750.00	60.00
139	Synergy Finance Ltd.	2420.00	162.00	157.00	161.00	1.00
140	Synergy Power Development Ltd.	1462.00	255.00	238.00	255.00	13.00
141	Taragaon Regency Hotel Limited	5100.00	268.00	257.00	263.00	10.00
142	Tinau Development Bank Limited	1683.00	316.00	306.00	316.00	6.00

Total Amount Rs. 763,068,833 Total Quantity 3,509,390 Total No of Transactions 6,696

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

स्थानहरु / साइज	JAGDAMBA E ८ एम.एम.	१०-२० एम.एम.	२५ एम.एम.	२८-३२ एम.एम.
काठमाडौं	७६	७३	७६	७६
सिमरा, बिरगंज, कलैया	७४/४०	७१/४०	७४/४०	७४/४०
मलंगवा, जनकपुर, नारायणघाट	७५/४०	७२/४०	७५/४०	७५/४०
लाहान, विराटनगर, धरान, इटहरी	७६/९५	७३/९५	७६ /९५	७६/९५
विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर	७५/१०	७२/१०	७५/१०	७५/१०
पोखरा, स्याङ्जा	७५/६०	७२ /६०	७५/६०	७५/६०

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

ज्योति
हिमाल स्टील आजको भाउ

	टोरस्टिल ८ मि.मि.	टोरस्टिल १०-२० मि.मि.	टोरस्टिल २५-३२ मि.मि.	टि. एम. टि. टेम्पकोर ८ मि.मि	टि. एम. टि. टेम्पकोर १०-२० मि.मि	टि. एम. टि. टेम्पकोर २५-३२ मि.मि.	टोरकारी ४.७५-७ मि.मि.	एनिल्ड
काठमाडौं	७७.८५	७६.८५	७९.३५	७८.३५	७५.३५	७७.८५	७७.६५	८७.२२
बीरगंज	७५.९५	७४.९५	७७.४४	७६.४५	७३.४५	७५.९४	७५.७५	८५.४२
विराटनगर	७६.४५	७५.४५	७७.९४	७६.९५	७३.९५	७६.४४	७६.२५	८६.०२

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

Solo distributor in Nepal
ARKSH GROUP PVT. LTD.
Lazimpat, Kathmandu, Nepal | Phone No.: +977-1-4002049/50
1) HIGER – KLQ67591A (LUXURY) : NRs. 71,00,000.00 (MRP)
2) HIGER- KLQ67591A (STANDARD) : NRs. 67,00,000.00 (MRP)

नेपालको नं. 1
मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

संस्थाको नाममा रहेको गैह्र बैंकिङ्ग सम्पत्ति (घरजग्गा) लिलाम विक्री सम्बन्धी ३५ दिने सूचना

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैंकिङ्ग सम्पत्ति (घरजग्गा) जहाँ जे जस्तो अवस्थामा रहेको छ, सोहि अवस्था गोप्य शिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्न यस संस्थाको मिति : २०७४/०१/१७ गते अईतवारका दिन बसेको सञ्चालक समितिबाट निर्णय भएको हुँदा तपसिलमा उल्लेखित गैह्र बैंकिङ्ग सम्पत्ति (घरजग्गा) लिलाम विक्रीबाट खरिद गरी लिन चाहनुहुने कुनै व्यक्ति, फर्म, कम्पनी, संघ, संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र कार्यालय समय भित्र यस संस्थाको कार्यालय धर्मपथ, काठमाडौंमा निम्न लिखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ ।

गैह्र बैंकिङ्ग सम्पत्ति (घरजग्गा) को विवरण :-

का.जि., का.म.न.पा वडा नं. ६, बौद्ध स्थित कि.नं. १८३, १८५, १८३, १८७ र ३८ को क्षेत्रफल क्रमस : ०६.००, ३१.७९, १३.९५, ६६७.६९ र २७.७० वर्ग मिटर गरी जम्मा ७४६.६३ वर्ग मिटर जग्गा तथा सोमा निर्मित घर तथा सोले चर्चेको लिग लगापात समेत ।

लिलाम विक्री सम्बन्धी शर्त बन्देजहरू :-

१) गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र यस संस्थाको कार्यालय समयभित्र प्राप्त भई सक्नुपर्ने छ ।
२) बोलपत्र आफूले कवोल गरेको मूल्यको न्यूनतम् १० (दश) प्रतिशत रकम यस संस्थाको नाममा नगदै जम्मा गरेको सक्कल भौचर प्रति साथै राखि पेश गर्नुपर्ने छ । बोलपत्र स्वीकृत भएमा सूचना प्राप्त गरेको मितिले ७(सात) दिनभित्र बाँकी ९० प्रतिशत रकम बुझाई बोलपत्र लिलाम विक्रीबाट खरिद गरि लिने सम्पत्ति नामसारी गर्दा लाग्ने अड्डाको दस्तुर लगायत अन्य खर्च समेत सम्पूर्ण खर्च बोलपत्र कबोलदाताले नै व्यहोर्नु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटि वापतको रकम जफत हुनेछ । बोलपत्रमा आफ्नो नाम, ठेगाना, फोन नं., गैह्र बैंकिङ्ग अचल सम्पत्तिको विवरण, कबुल मूल्य र धरौटी रकम स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्दछ ।
३) कथम कदाचित तोकिएको म्याद भित्र ३ वटा भन्दा कम सिलबन्दी बोलपत्र प्रस्ताव पर्न आएमा उक्त पर्न आएको बोलपत्रलाई कायम गरी पुन: ७ दिनको म्याद दिई दोश्रो पटक सूचना प्रकाशित हुनेछ । दोश्रो पटकको म्याद पश्चात जतिसुकै बोलपत्र भए पनि बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट यस संस्थाको कार्यालय धर्मपथमा खोलिने छ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि पेश भएको बोलपत्र स्वत: रद्द हुनेछ ।
५) बोलपत्र सूचना प्रकाशित भएको मितिले ३६औं दिन संस्थाको कार्यालयमा दिनको १२:३० बजे सरकारी प्रतिनिधि, स्थानिय प्रतिनिधि तथा बोलपत्रवालाहरुको रोहवरमा खोलिने छ । कुनै प्रतिनिधि उपस्थित नभएकै कारणले बोलपत्र खोल्न वाधा पर्ने छैन ।
६) बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा कार्यालय खुल्ने पहिलो दिनमा सोहि स्थान र समयमा बोलपत्र खोलिने छ ।
७) बोलपत्र स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/०४/२६
शिलबन्दी बोलपत्र खोलिने मिति : २०७४/०४/२७

पुनश्च : संस्थाको नाम, ठेगाना, फोन नं., लिलाम सम्बन्धी थप जानकारीको लागि यस संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

श्री हारतीमाँ सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
धर्मपथ, काठमाडौं, फोन नं. :- ४२५८४२५, ४२२५३०४

२०७४, असार
शुक्रबार
२३

अरूण भ्याली हाइड्रोपावर कम्पनीका लगानीकर्ताले सबैभन्दा धेरै कमाए। कम्पनीको शेयर मूल्य सर्वाधिक ७ दशमलब ४१ प्रतिशतले बढ्दा प्रोग्रेसिभ फाइनान्सको शेयर मूल्य सबैभन्दा धेरै ८ दशमलव २२ प्रतिशतले घट्यो।

अर्थ

नेप्सेमा परिसूचकमा ३१ अंकको वृद्धि

काठमाडौं, (नेस)

केही दिनदेखि लगातार ओरालो लागेको नेप्से परिसूचकमा ठूलो अंकको सुधार आएको छ। अघिल्लो साताको अन्तिम दिन बिहीबार नेप्से परिसूचक ३१ दशमलव शून्य ५ अंकले बढेको हो।

चालू आर्थिक वर्ष सकिनै लाग्दा बुधबार उकालो लाग्ने संकेत देखाएको शेयर बजारले सुधारलाई निरन्तरता दिएको हो। बुधबार शेयर परिसूचक करिब १० अंकले बढेको थियो भने बिहीबार बजार खुलेदेखि नै नेप्से परिसूचक उकालो लागेको थियो। बिहीबार १ हजार ५ सय ११ दशमलब शून्य ५ को बिन्दुबाट शुरू भएको शेयर बजार १ हजार ५ सय ८२ दशमलव ११ मा आएर रोकियो।

परिसूचक बढेसँगै बिहिबार शेयर कारोबार रकममा पनि वृद्धि भएको छ। बिहीबार कूल १ सय ४८ कम्पनीका ३४ लाख ९५ हजार ८ सय ३९ कित्ता शेयर ७५ करोड ६१ लाख ८५ हजार ५ सय ६ रुपियाँमा किनबेच भए। कारोबार रकम अघिल्लो दिनको तुलनामा २८ करोड रुपियाँले बढी हो।

बिहीबार 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्समा पनि २ दशमलव १ प्रतिशतले बढेर ३ सय ३६ दशमलव १ को बिन्दुमा पुगेको छ। बिहीबार कारोबारमा आएका सबै समूहका परिसूचकमा सुधार आएको छ। जसमध्ये सबैभन्दा बढी बीमा समूह ३ सय १९ दशमलव ९ अंकले बढ्यो।

त्यस्तै होटल समूह ५८ दशमलव ८७, विकास बैंक समूह ३९ दशमलव ४५, बैंकिङ समूह २४ दशमलव ५३, जलविद्युत् समूह २० दशमलव ७४ अंकको सुधार आए। उत्पादनमूलक समूह, वित्त र अन्य समूह पनि ११ दशमलव २४, ४ दशमलव ९२ र ४ दशमलव ३४ अंकले बढे।

बिहीबार सबैभन्दा धेरै कारोबार नेरुदे लघुवित्त विकास बैंकको भयो। कम्पनीको कूल ६ करोड २० लाख ४५ हजार ३ सय ९२रुपियाँमा कारोबार भए। कारोबार रकमका आधारमा नेपाल लाइफ इन्स्योरेन्स र सानिमा बैंक क्रमशः दोस्रो र तेस्रो स्थानमा रहे।

बिहीबार अरूण भ्याली हाइड्रोपावर कम्पनीका लगानीकर्ताले सबैभन्दा धेरै कमाए। कम्पनीको शेयर मूल्य सर्वाधिक ७ दशमलब ४१ प्रतिशतले बढ्दा प्रोग्रेसिभ फाइनान्सको शेयर मूल्य सबैभन्दा धेरै ८ दशमलव २२ प्रतिशतले घट्यो।

शेयर कारोबारको राफसाफ प्रक्रिया अवधि घटेपछि यसको सकारात्मक प्रभाव बजारमा परेको देखिएको हो। सीडीएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी) ले राफसाफ प्रक्रिया कारोबारपछिको दुई दिन (टि प्लस २) भित्र सक्न निर्देशन दिएपछि बजारमा आशाको सञ्चार भएको जानकारको बुझाइ छ। राफसाफ प्रक्रिया चाँडो सकिँदा लगानीकर्ताले चाँडै पैसा हात पार्ने र थप लगानी गर्न चाहेमा सहज हुने मानिएको छ।

पर्यटकको दैनिक खर्चमा गिरावट

दीपेन्द्र थापा, काठमाडौं

पछिल्लो समय नेपाल आउने पर्यटकको संख्यामा वृद्धि भए पनि पर्यटकले नेपालमा रहँदा गर्ने दैनिक खर्च भने घटेको देखिएको छ। पर्यटकमार्फत् हुने दैनिक खर्च बढाउन नसकिनुमा पर्यटनमैत्री वातावरण बनाउन नसक्नु रहेको यस क्षेत्रमा संलग्न सरोकारवालाहरूको भनाइ छ।

नागरिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको एक तथ्यांकमा नेपाल आएका विदेशी पर्यटक औसतमा १३ दिन बस्ने देखिएको छ। त्यस्तै ती पर्यटकले दैनिक ५३ अमेरिकी डलर औसत खर्च गर्ने गरेका हुन्। औसत खर्च सन् २००७ को भन्दा ८ अमेरिकी डलरले बढी हो। सन् २००७ मा १२ दिन बस्ने पर्यटकले गर्ने दैनिक खर्च ४५ अमेरिकी डलर रहेको थियो।

पर्यटकीय गतिविधि र गन्तव्यका क्षेत्र बढाउन नसक्नुले पनि पर्यटकको खर्च नबढेको जानकारहरूको भनाइ छ। होटल संघ नेपालका महासचिव विनायक शाहका अनुसार होटल र यात्रा पर्यटन आगमन विस्तारै बढ्दै गए पनि होटलमा भने उनीहरू धेरै खर्च गर्ने गरेका छैनन्। अन्य क्षेत्रमा खर्च बढ्नु सकारात्मक पक्ष भए पनि होटल व्यवसायीका लागि यो राम्रो सूचांक भने होइन। 'हाल पर्यटकले गर्ने कुल खर्चको ५० देखि ६० प्रतिशत हवाई भाडामा खर्च गर्छन्। ४० प्रतिशतमात्र खर्च खाना र होटलका लागि खर्च गर्ने गरेका छन्।' उहाँको भनाइ छ।

पर्यटनविद् प्रचन्डमान श्रेष्ठका अनुसार होटल तथा टुर एन्ड ट्राभल्स कम्पनीको फोकस पर्यटक भित्र्याउन देखिएको छ। उहाँले भन्नुभयो-'पर्यटन विकासका लागि यो सबल पक्ष देखिन्छ तर पर्यटक आईसकेपछि आन्तरिक व्यापार गतिविधि बढाउन भने कसैको ध्यान गएको छैन।' उहाँका अनुसार प्रतिस्पर्धा बढेसँगै व्यवसायीले आफ्नो सेवा शुल्क घटाउँदा पर्यटकको खर्चमा कमि आएको हो।

सस्तो प्याकेजमा पर्यटक भित्राउने होडबाजीले अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएको छ। नेपालमा भ्रमणका सीमित क्षेत्र भएकाले पनि खर्च गर्न पर्यटकलाई नेपालमा आकर्षित गर्न नसक्नु जस्ता कारण पनि बोकेर घुम्ने पर्यटकको संख्या बढेको जानकारको बुझाइ छ।

अन्तर्राष्ट्रिय रूपमा १५ जनाको समूह आउँदा १ जनालाई हवाई टिकटदेखि होटल क्षेत्रमा सहुलियत दिने प्रचलन छ। यसरी प्याकेजमा सामूहिक रूपमा आउँदा सेवा शुल्कमा धेरै तलमाथि हुने हुँदा पनि खर्चमा कमि आउने गरेको छ।

मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार सन् २०१६ मा पर्यटक आगमन अघिल्लो वर्षको तुलनामा शून्य दशमलव ३२ प्रतिशतले घटेको थियो। ५ लाख ३८ हजार पर्यटक आउँदा दैनिक ७० डलर खर्च हुने गरेको हाल पर्यटकको संख्या बढेर साढे सात लाख अर्थात ४० प्रतिशतले बढ्दा पर्यटकको दैनिक खर्च भने ५३ डलर मात्रै रहेको छ। पर्यटक बढेपछि विदेशी मुद्रा सटही दरका आधारमा आम्दानी बढेको देखिए पनि दैनिक खर्च भने अघिल्लो वर्ष सन् २०१५ को तुलनामा दैनिक खर्च नै १७ डलरले घटेको हो।

नेपाल आउने विदेशी पर्यटकको वार्षिक वृद्धिदर बढ्दै गएको भए पनि पर्यटकले गर्ने दैनिक खर्च भने घट्दै गएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तथ्यांकमा उल्लेख छ। तथ्यांक अनुसार नेपाल आउने पर्यटक सन् २००७ को तुलनामा सन् २००८ मा ५ प्रतिशतले घटेको थियो। सन् २००९ देखि लगातार यस्तो वृद्धिदर बढेको भएपनि पर्यटकले गर्ने खर्चमार्फत् हुने दैनिक आम्दानी भने ओरालो लागेको छ।

सन् २००८ मा प्रतिपर्यटक ७३ अमेरिकी डलर दैनिक आम्दानी भएको थियो। यसपछिका वर्षमा यस्तो आम्दानी घट्दै गएर सन् २०१२ मा यो तथ्यांक ३५ दशमलव ६ डलरमा सीमित भएको थियो। सन् २०१३ मा देखि २०१५ सम्म यसमा भूकम्प, नाकाबन्दीको प्रभाव तीन वर्षसम्म परेको देखिएको छ

पर्यटकलाई व्यवसायीहरूको प्रतिस्पर्धाले सस्तो प्याकेज बेचिनुले आम्दानी घटेको होटल व्यवसायीको भनाइ छ। उनीहरूका अनुसार अनुसार करको दायरमा भएका भन्दा नभएका पर्यटन व्यवसायीले ठूलो मात्रामा व्यापार गर्न थालेकोले पर्यटकीय आम्दानी घट्दै गएको हो। पर्यटन व्यवसायीमा इन्टरनेटको पहुँच बढ्दै जाँदा सस्तो प्याकेज बेच्ने बजार मूल्यलाई घटाउने कम बढ्नु पनि पर्यटन क्षेत्रबाट हुने आम्दानी कम भएको उनीहरूको बुझाइ छ।

त्यस्तै सरकारी मातहतमा आम्दानी बढाउने माध्यम करको दायरा ठूलो हुने भए पनि अनधिकृत रूपमा व्यापार गर्ने कामलाई नियन्त्रणमा लिन नसक्नुले पनि पर्यटन क्षेत्रको आम्दानी खुम्चिएको पर्यटन व्यवसायीको तर्क छ।

पर्यटन विभागका प्रवक्ता दुर्गादत्त ढकालको अनुसार पर्यटन व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा बढेको र करको दायराभन्दा बाहिर पर्यटकीय प्याकेज बिक्री हुनुले पनि आम्दानी घटेको हो। 'नेपाल आउने पर्यटकले गर्ने दैनिक खर्चको सीमा तोक्ने, छिमेकी मुलुकसँग प्रतिस्पर्धा गर्न सक्ने वातावरण सिर्जनका साथमा पर्यटनको पुराना ऐन नियम संशोधन गर्ने हो भने पर्यटन क्षेत्रकै आम्दानी बढाउन सकिन्छ।' उहाँले भन्नुभयो।

पर्यटक बढेको देखिए पनि कुल ग्रार्हस्थ उत्पादनमा पर्यटनको योगदान भने झिनो अंक मात्रै रहेको छ। कुल ग्रार्हस्थ उत्पादनमा पर्यटनको योगदान १ दशमलव ९ प्रतिशतको योगदान रहेको तथ्यांकले देखाएको छ। यस्तो योगदान अघिल्लो वर्ष साढे दुई प्रतिशत रहेको पनि उल्लेख छ।

टेलिकमको मोवाइल सेवा स्तरोन्नति

काठमाडौं, (नेस)

नेपाल टेलिकमले धौलागिरी अञ्चलका विभिन्न विकट तथा ग्रामीण क्षेत्रमा जिएसएम मोबाइल सेवाका नयाँ प्रविधिमा स्तरोन्नति गरी तथा केही नयाँ स्थानमा समेत बिटीएस सञ्चालनमा ल्याएको छ।

धौलागिरी अञ्चलका चार जिल्लाका शहरी तथा जनघनत्व भएका स्थानमा उच्च गतिको डाटा सेवा उपलब्ध हुने २१ वटा थ्रिजी बीटीएस स्थापना गरी गत वर्षबाट सेवा सञ्चालनमा ल्याईएको टेलिकमले जनाएको छ। टेलिकमले दुई महिनामा धौलागिरी अञ्चलका दुर्गम तथा ग्रामीण स्थानमा ७४ वटा टुजी तथा उच्च गतिको डाटा सेवा उपलब्ध हुने ३८ वटा थ्रिजी बीटीएस स्थापना गरी सञ्चालनमा ल्याएको समेत जनाएको छ। यी स्थानमध्ये कतिपयमा यसअघि कुनै पनि सेवा नपुगेका स्थान पनि रहेका छन्।

त्यस्तै गरी गत दुई महिनाको अवधिमा धौलागिरी अञ्चलका सात नयाँ स्थानहरूमा १३ वटा टुजी तथा उच्च गतिको डाटा सेवा उपलब्ध हुने २ वटा थ्रिजी बीटीएस म्याग्दीको तकाम, दाना र डुवा पर्वतको लेखफाट र शंकरपोखरीकोट साथै बाग्लुङको तमान र दूधिलाभाटी स्थापना गरी सञ्चालनमा ल्याइएको छ। साथै बाग्लुङको पयुँपाटा खर्सेडाँडामा बीटीएस टावर स्थापना गरी २०७४ असार २१ गते देखि टुजि तथा थ्रीजि सेवा सञ्चालनमा ल्याएको छ। उक्त टावर सञ्चालन पश्चात पाङ, सर्हसधारा, नयाँपुल, अरमादी र छर्मकेका बासिन्दा मोबाइल सेवाबाट लाभान्वित हुने बताइएको छ। अब यस क्षेत्रका उपभोक्ताले पनि जीएसएम मोबाइल मार्फत सहजै अन्य क्षेत्र तथा विश्व समुदायसँग सम्पर्क स्थापित गर्न सक्ने भएका छन्।

वर्ल्डलिंक सेलिब्रेसन अफरका विजेता पुरस्कृत

काठमाडौं, (नेस)

वर्ल्डलिङ्क कम्युनिकेशन्सले आफ्ना सक्रिय ग्राहक १ लाख जना पुगेको अवसरमा ल्याएको सेलिब्रेसन अफरका विजेतालाई पुरुकार वितरण गरेको छ। कम्पनीको अफरअन्तर्गत सामसुङ ग्यालेक्सी एस ८ मोबाइल जित्ने १० जना र ३ महिना निःशुल्क इन्टरनेट उपहार पाउने १ सय जना विजेतालाई सम्मान गरेको हो।

वर्ल्डलिंकले २१ वर्षदेखि सर्वसाधारण ग्राहकलाई इन्टरनेट, आइपिटिभी र कर्पोरेट ग्राहकलाई डाटा सेवा प्रदान गर्दै आएको छ। कम्पनीका यसै वर्ष देशभर १ लाखभन्दा बढी ग्राहक पुगेका हुन्।

वर्ल्डलिंक नेपाली बजारमा एक स्थापित इन्टरनेट सर्भिस प्रदायक बनेको कम्पनीको प्रेस विज्ञप्तिमा उल्लेख छ। कम्पनीले असार १६ मा वजेता घोषणा गरेको थियो भने बिहिबार उपहार वितरण गरेको हो।

एनसेलका नयाँ प्रबन्ध सञ्चालकमा अमरासेकरा

नेपाल समाचारपत्र

काठमाडौं

एनसेलका नयाँ प्रबन्ध सञ्चालकमा सुरेन जे. अमरासेकरा नियुक्त हुनु भएको छ। दूरसञ्चार क्षेत्रमा २५ वर्ष काम गरेको अनुभव भएका अमरासेकरा बिहीबार नियुक्त हुनु भएको एनसेलले जनाएको छ।

नियुक्त भएपछि उहाँले डिजिटल नेपालको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउँदै एनसेललाई ग्राहकको आफ्नै ब्राण्डको रूपमा स्थापित गराउने आफ्नो लक्ष्य भएको बताउनुभएको छ।

नयाँ प्रबन्ध सञ्चालक अमरासेकराले विश्वका विभिन्न प्रख्यात बहुराष्ट्रिय कम्पनीमा

काम गरिसक्नुभएको छ। एनसेलसँग आबद्ध हुनु अघि अमरासेकरा आजिआटा ग्रुप बर्हादको प्रधान कार्यलय क्वालालम्पुर, मलेसियामा रणनीतिक परियोजना निर्देशकको रूपमा ग्रुपले दक्षिण एसियाली क्षेत्रहरू बंगलादेश, नेपाल, श्रीलंका तथा पाकिस्तानमा पहल गरेका कार्यमा केन्द्रित हुनुहुन्थ्यो।

सन् २०१४ देखि २०१७ सम्म अमरासेकराले एयरसेल लिमिटेडमा प्रमुख इन्टरप्राइज अधिकृतका रूपमा सम्पूर्ण भारतको फोरजी/एलटिई सेवा, इन्टरप्राइज, होलसेल र क्यारिअर व्यवसायको नाफा नोक्सानको जिम्मेवारी लिँदै आफ्नो कार्यभार सफलतापूर्वक उहाँले सम्हाल्नुभएको थियो।

यसअघि अमरासेकराले १३ वर्ष सिङगापुरको सिङ्टेलमा व्यवस्थापनको विभिन्न उच्च तहमा रहेर काम गर्नु भएको थियो। त्यसपश्चात् उहाँले श्रीलंकाको मोबिटेलमा ६ वर्ष प्रमुख कार्यकारी अधिकृतका रूपमा कम्पनीको नेतृत्व गर्दै ५ वटा सेवा प्रदायक रहेको प्रतिस्पर्धी बजारमा मोबिटेललाई दोस्रो स्थानमा पुऱ्याउन सफल हुनुभएको थियो।

विभिन्न खाले बजारमा संगालेका अनुभव एवं बहुसाँस्कृतिक परिवेशमा सहजै घुलमिल हुनसक्ने दक्ष सिपका कारण अमरासेकराले एनसेललाई अझ उचाईमा पुऱ्याउन मद्दत गर्नुहुने आशा राखिएको कम्पनीले जनाएको छ।

अमरासेकराले अमेरिकाको न्युयोर्कमा अवस्थित सिराक्युस विश्वविद्यालयबाट कम्प्युटर सिस्टम इन्जिनियरिङमा स्नातक तथा स्नातकोत्तर गर्नुभएको हो। यसका साथै उनले अमेरिकाको इलिनोइसमा रहेको बुथ स्कुल अफ बिजनेस, युनिर्भसिटी अफ सिकागोबाट बिजनेस एडमिनिस्ट्रेसनमा स्नातकोत्तर पनि गर्नुभएको छ।

NT MEGA OFFER

4G LTE

NIGHT DATA PACK

Data Volume (GB)	Price (Rs.)	Validity (Days)
3	200	30
6.5	300	

Time Band 10PM - 6AM

FOR SUBSCRIPTION, TYPE 'NIGHT3GB' OR 'NIGHT6GB' & SEND IT TO 1415

ALL TIME DATA PACK

Data Volume (MB)	Price (Rs.)	Validity (Days)
400	100	30
850	200	
1500	300	

Time Band ALL TIME

FOR SUBSCRIPTION, TYPE 'DATAXXXMB' & SEND IT TO 1415

SMALL DATA PACK

Data Volume (MB)	Price (Rs.)	Validity (Days)
60	25	7
125	50	14

Time Band ALL TIME

FOR SUBSCRIPTION, TYPE 'DATAXXXMB' & SEND IT TO 1415

राष्ट्रको संचार
NEPAL TELECOM

*For more details please visit www.ntc.net.np
*All Prices are INCLUSIVE of Govt. Taxes.
*Offer valid for GSM and CDMA users.

twitter.com/ndcl_nt
facebook.com/NepalTelecom.NT
instagram.com/nepaltelecomofficial

खेलकुद

राष्ट्रपति रनिङ सिल्डमा अजितको कीर्तिमान

नेपाल समाचारपत्र

काठमाडौं

नवौं राष्ट्रपति रनिङ शिल्ड तथा विद्यालय खेलकुद प्रतियोगितामा मध्यमाञ्चलका अजितकुमार यादवले नयाँ राष्ट्रिय कीर्तिमान रचेका छन्।

अजितले बिहीबारदेखि शुरू भएको प्रतियोगिताअन्तर्गत एथ्लेटिक्सतर्फ छात्र १ हजार ५ सय मिटर दौडमा विद्यालयस्तरको नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका हुन्। त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको ट्र्याकमा उनले निर्धारित दूरी ४ मिनेट ०३ दशमलव ३८ सेकेन्डमा पूरा गरे। उनले अघिल्लो संस्करणमा आफैले बनाएको ४ मिनेट १४ दशमलव ५ सेकेन्डको कीर्तिमान तोडेका छन्। सो विधामा सुदूरपश्चिमाञ्चलका सुनील सुनार दोस्रो र मध्यपश्चिमाञ्चलका माधवकुमार चौधरी तेस्रो भए। सोही स्पर्धाको छात्रामा मध्यपश्चिमाञ्चलकी राममाया बुढाले दूरी ५ मिनेट १७ दशमलव ०४ सेकेन्डमा सकाउँदै पहिलो भइन्। मध्यपश्चिमाञ्चलकै आशा राउत दोस्रो र मध्यमाञ्चलकी हुमी बुढा मगर तेस्रो भए।

कराते

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको करातेको छात्र ४२ केजीमा मध्यमाञ्चलका अनिल उपरकोटी पहिलो भए। ४७ केजीमा मध्यमाञ्चलका साजन लामाले स्वर्ण चुमे। छात्राको ४० केजी फाइनलमा मध्यमाञ्चलकी जिया खड्गीले स्वर्ण जितिन्।

प्रतियोगिताको राष्ट्रपति विद्यादेवी भण्डारीले एक कार्यक्रमबीच उद्घाटन गर्नुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले देशमा खेलकुदको विकासका लागि विद्यालयलाई आधार बनाएर शुरूआत गरिएको यो प्रतियोगिता खेलकुद प्रतिभाको पहिचान गर्ने उपयुक्त माध्यम भएको धारणा व्यक्त गर्नुभयो। राष्ट्रपति भण्डारीले २ खेलबाट शुरूआत गरिएको यो प्रतियोगिताको नवौं संस्करणसम्म आइपुग्दा ८ खेल समावेश हुनुले प्रतियोगताको दायरा फराकिलो बन्दै गएकामा खुसी व्यक्त गर्नुभएको थियो।

नेपाल र भारतबीच ७४ स्थानको दूरी

काठमाडौं, (नेस)

नेपाल अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) अन्तर्गत जुलाई महिनाको प्रकाशित वरीयतामा एक स्थान तल झरेको छ।

१ सय ७०औं स्थानमा रहेको नेपालको दक्षिण एसियाका शीर्ष टोली भारतसँगको वरीयता भिन्नता ७४ स्थानको भएको छ। गत महिना नेपाल १ सय ६९औं स्थानमा रहेको थियो। नेपालले जुन महिनामा दुई खेल खेलेकामा जित हात पार्न सकेको थिएन।

नेपाली टोलीले जुन १३ मा हल्चोक मैदानमा एसियन कप छनोटको यमनसँगको खेलमा गोलरहित बराबरी खेलेको थियो।

त्यस्तै जुन ६ मा भारतसँगको मुम्बईमा भएको मैत्री खेलमा नेपाल २-० गोलअन्तरले पराजित भएको थियो।

दक्षिण एसियामा नेपालभन्दा पछि बंगलादेश (१९०), श्रीलंका (१९७) र पाकिस्तान (२००) रहेका छन्। दक्षिण एसियामा भारतको पहिलो स्थान ज्यादै सुरक्षित रहेको छ।

भारत चार स्थान सुधार गरेर ९६औं स्थानमा उक्लियो। दोस्रो स्थानमा रहेको माल्दिभ्स र भारतबीच ४६ स्थानको फरक छ। तेस्रो स्थानमा रहेको भुटान १ सय ६४औं स्थानमा छ।

गएको आइतबार फिफा कन्फेडेरेसन कप जितेको जर्मनीले फिफा वरीयताको शीर्षस्थान हात पार्‍यो। ब्राजिल दोस्रो स्थानमा चिप्लिँदा अर्जेन्टिना तेस्रो, पोर्चुगल चौथो र स्विट्जरल्यान्ड पाँचौं स्थानमा रहेका छन्। पोल्यान्ड, चिली, कोलम्बिया, फ्रान्स र बेल्जियम क्रमशः छैटौंदेखि दशौं स्थानमा छन्।

घरहरा

न्याय भएन कि ?

दोस्रो चरणमा निर्वाचन भएका अधिकांश स्थानको चुनावी परिणाम सार्वजनिक भइसकेको छ। निर्वाचनको प्रतिस्पर्धामा उत्रिएर विजयी भएका उम्मेदवारहरू आ-आफ्नो क्षेत्रमा खुसीयाली साट्न व्यस्त छन् भने निर्वाचनमा पराजित भएकाहरू असफल हुने कारणको समीक्षा गर्दै होलान्। यो स्वाभाविक पनि हो।

तर समान भोट (जनमत) पाएर गोलाप्रथामार्फत जनप्रतिनिधिको अन्तिम टुङ्गो लगाउने शैली भने धरहरालाई चित्त बुझेन। समान जनमत पाएर पनि गोलाप्रथामार्फत एक व्यक्ति निर्वाचित जनप्रतिनिधि कहलिने, अनि उसको जयजयकार। गोलाप्रथामा नपरेर पराजित हुनेलाई भने मानसिक तनाव। जनमत त दुवैलाई समान हो नि, खै त निर्वाचन आयोगले उम्मेदवारलाई न्याय र जनमतलाई कदर गर्न जान्या?

आयोगले समान मत ल्याउने प्रतिनिधिलाई बरु आधा-आधा कार्यकालको जिम्मा तोके पो उत्तम हुन्थ्यो त। त्यसो गर्दा जनप्रतिनिधिको वास्तविक कार्यकुशलता पनि प्रस्टैसँग जाँच्ने मौका मिल्थ्यो। गोलाप्रथामार्फत प्रतिनिधि छान्ने हो भने अनेकौं तयारी र ठूलै खर्च गरेर किन निर्वाचन गर्नु? यसबारेमा निर्वाचन आयोगले सोच्नै पर्छ। लौ है, धरहराले पाठकवृन्दबाट सुझाव चाहेको छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ